# सकस उपन्यासको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र
सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत नेपाली
स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
देवीप्रसाद आचार्य
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०७०

# सिफारिसपत्र

**सकस उपन्यासको विधातात्त्विक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र देवीप्रसाद आचार्यले मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले तयार गर्नु भएको यस शोधपत्रबाट म पूर्ण रूपमा सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष सिफारिस गर्दछु ।


उपप्रा. लेखराज खतिवडा

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्र्तगत विश्वविद्यालय क्याम्पसका छात्र देवीप्रसाद आचार्यले त्रि.वि. स्नातकोत्तर तह (एम्.ए.) मा नेपाली विषयको दशौँ पत्रको प्रयोजनका लागि प्रस्तुत भएको **सकस उपन्यासको विधातात्त्विक अध्ययन** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

| **शोधपत्र मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. देवीप्रसाद गौतम (विभागीय प्रमुख) | ................................ |
| २. उपप्रा. लेखराज खतिवडा (शोधनिर्देशक) | ................................ |
| ३. प्रा. केशव सुवेदी (बाह्य परीक्षक) | ................................ |

मिति : २०७०/०६/

## कृतज्ञताज्ञापन

**सकस उपन्यासको विधातात्त्विक अध्ययन** नामक शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनाका निम्ति आदरणीय गुरु उपप्रा. लेखराज खतिवडाज्यूको निर्देशनमा तयार पारेको हुँ । आफ्नो व्यस्त समयका बिचमा पनि शोधपत्र तयारीको सन्दर्भमा स्नेहपूर्वक निर्देशन एवम् ज्ञानवर्द्धक सल्लाह र सुझाव दिएर सहयोग गर्नु हुने श्रद्धेय गुरुप्रति म कृतज्ञ छु । प्रस्तुत शोध शीर्षकमा अध्ययन गर्न स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नु हुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम तथा नेपाली केन्द्रीय विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्र तयारीका क्रममा सामग्री सङ्कलनमा सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय तथा कर्मचारी वर्गहरू प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो प्रतिकूल स्वास्थ्य बावजुद पनि अमूल्य समय, आवश्यक सल्लाह, सुझाव तथा आवश्यक सामग्री उपलब्ध गराएर महत्त्वपूर्ण सहयोग गर्नु हुने आदरणीय शोध नायक जगदीश घिमिरेज्यूप्रति कृतज्ञ छु ।

मेरो अध्ययनको क्षणसम्म सदैव, प्रेम, प्रेरणा र हौसला तथा आर्थिक सेवा पुऱ्याउनु हुने मेरा बुबाआमाप्रति आजीवन ऋणी हुनेछु । त्यसैगरी प्रस्तुत शोधपत्र तयार गर्दा महत्त्वपूर्ण सहयोग गर्ने सीताराम प्याकुरेल, देवीप्रसाद न्यौपाने, निर्मला काफ्ले, तुलसी बराल र मुकेश भाइलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी अध्ययनका क्रममा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नु हुने सम्पूर्ण गुरुवर्ग, साथीहरू एवम् घर परिवारहरूलाई धन्यवाद दिन्छु । यस शोधकार्यलाई छिटो, छरितो एवम् स्पष्ट साथ टङ्कण गरी सहयोग गर्नु हुने युनिभर्सिटि कम्प्युटर एण्ड फोटोकपी सर्भिस, कीर्तिपुरप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेश गर्दछु ।

शैक्षिक सत्र : २०६७/०६८

मिति : २०७०/०६/

देवीप्रसाद आचार्य

क्रमाङ्क - २०६

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

# विषयसूची


**पहिलो परिच्छेद : शोध परिचय** **१-८**

१.१ विषय परिचय १

१.२ शोध समस्या १

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य र महत्त्व ६

१.६ शोधकार्यको सीमाङ्कन ६

१.७ शोधविधि ६

१.७.१ सामग्री सङ्कलन विधि ७

१.७.२ विश्लेषणको आधार ७

१.८ शोधपत्रको रूपरेखा ७

**दोस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक परिचय** **९-३९**

२.१ विषय परिचय ९

२.१.१ उपन्यास शब्दको व्युत्पत्ति र अर्थ ९

२.२ उपन्यासको परिभाषा १२

२.३ उपन्यासको स्वरूप १५

२.४ उपन्यासका तत्त्वहरू १७

२.४.१ कथानक १८

२.४.२ चरित्र १९

२.४.३ परिवेश २२

२.४.४ संवाद २३

२.४.५ दृष्टिबिन्दु २४

२.४.६ भाषाशैली २५

२.४.७ उद्देश्य २६

२.५ उपन्यासको वर्गीकरण २७

२.५.१ कथानकका आधारमा २८

२.५.२ शैलीका आधारमा २९

२.५.३ विषयवस्तुका आधारमा ३०
२.५.४ आयामका आधारमा ३२
२.५.५ कथानकको अन्त्यका आधारमा ३३
२.५.६ धारा वा प्रवृत्तिका आधारमा ३३
२.६ निष्कर्ष ३८

**तेस्रो परिच्छेद : जगदीश घिमिरेको जीवनी र व्यक्तित्व परिचय** **४०-५५**
३.१ विषय परिचय ४०
३.२ जगदीश घिमिरेको सङ्क्षिप्त जीवनी ४१
३.२.१ जन्म, जन्मस्थान र बाल्यकाल ४१
३.२.२ शिक्षादीक्षा ४१
३.२.३ पारिवारिक जीवन र आर्थिक अवस्था ४२
३.२.४ सम्मान तथा पुरस्कार र भ्रमण ४२
३.२.५ शारीरिक अवस्था ४३
३.२.६ साहित्य सिर्जनामा प्रेरणा र प्रभाव ४४
३.३ जगदीश घिमिरेका विविध व्यक्तित्व ४४
३.३.१ साहित्यिक व्यक्तित्व ४४
३.३.२ साहित्येतर व्यक्तित्व ५०
३.४ जगदीश घिमिरेका साहित्यिक कृतिको विवरण ५३
३.५ निष्कर्ष ५५
**चौथो परिच्छेद : जगदीश घिमिरेको औपन्यासिक यात्रा र प्रवृत्ति** **५६-७४**
४.१ विषय परिचय ५६
४.२ उपन्यासकार जगदीश घिमिरेका औपन्यासिक यात्रा ५६
४.३ उपन्यासकार जगदीश घिमिरेका औपन्यासिक प्रवृत्तिहरू ६३
४.३.१ सामाजिक यथार्थवादी प्रवृत्ति ६३
४.३.२ आलोचनात्मक यथार्थवादी प्रवृत्ति ६४
४.३.३ विसङ्गतिवादी प्रवृत्ति ६५
४.३.४ ऐतिहासिकता ६७
४.३.५ राजनीतिक विकृतिको उद्घाटन ६७
४.३.६ यौनविकृतिको चित्रण ६८

४.३.७ आञ्चलिकता ६९
४.३.८ प्रयोग वैचित्र्यता ७९
४.३.९ कारुणिकताको चित्रण गर्ने प्रवृत्ति ७०
४.३.१० मानवतावादी स्वर ७१
४.३.११ भाषिक विशिष्टता ७२
४.३.१२प्रगतिशीलता ७२
४.३.१३ भय र त्रासको प्रस्तुति ७३
४.३.१४ व्यङ्ग्यात्मक शैलीको प्रस्तुति ७३
४.४ निष्कर्ष ७४
**पाँचौं परिच्छेद : सकस उपन्यासको विश्लेषण ७५-११०**
५.१ विषय परिचय ७५
५.२ कथानक ७६
५.२.१ कथानकको स्रोत ८४
५.२.२ कथानकको आङ्गिक विकास ८५
५.२.३ कथानकमा द्वन्द्व र कौतूहल ८६
५.२.४ कथानकको ढाँचा ८९
५.३ चरित्र चित्रण ९०
५.४ परिवेश ९९
५.५ संवाद १०२
५.६ दृष्टिबिन्दु १०४
५.७ भाषा १०५
५.८ शैली १०७
५.९ उद्देश्य १०९
५.१० निष्कर्ष ११०
**छैटौं परिच्छेद : सारांश र निष्कर्ष १११-११६**
६.१ विषय परिचय १११
६.२ सारांश १११
६.३ निष्कर्ष ११३
६.४ सम्भावित शोध शीर्षकहरू ११६
सन्दर्भ सामग्री सूची ११७-११९

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

जगदीश घिमिरे (जन्म वर्ष : २००२) नेपाली साहित्य क्षेत्रका चर्चित साहित्यकार व्यक्तित्व हुन् । उनले नेपाली साहित्यका कविता, आख्यान (कथा र उपन्यास), नाटक, निबन्ध, समालोचना र आत्मसंस्मरण समेत विधाको रचना गरेर आफूलाई बहुमुखी प्रतिभाका रूपमा चिनाएका छन् । नेपाली साहित्यका विभिन्न विधाको रचना गरेका भएपनि उपन्यास विधाको रचनामा उनी निकै सफल देखिएका छन् । त्यसैले उनी नेपाली साहित्यका क्षेत्रमा उपन्यासकारकै रूपमा पनि चिनिएका छन् । २०२७ सालमा प्रकाशित **लिलाम** उपन्यास नै उनको पहिलो प्रकाशित उपन्यास हो । यसपछि उनका **साबिती** (२०३२) र **सकस** (२०६९) गरी अरू दुई उपन्यास पनि प्रकाशित भइसकेका छन् । यसरी तीनवटा उपन्यासले नै घिमिरेलाई सफल उपन्यासकारका रूपमा उभ्याएका छन् ।

**सकस** जगदीश घिमिरेको हालसम्म प्रकाशित उपन्यासहरू मध्येको पछिल्लो उपन्यास हो । उनको यो उपन्यास पनि प्राज्ञिक अध्ययनको विषय बन्न पुगेको छ । यस उपन्यासलाई विभिन्न आधारमा विश्लेषण गर्नु बाञ्छनीय हुन्छ । त्यसैले यस शोध कार्यमा घिमिरेको **सकस** उपन्यासलाई औपन्यासिक तत्त्वहरूकै आधारमा विश्लेषण गरिएको छ ।

## १.२ शोध समस्या

प्रस्तुत शोधपत्रको समाधेय विषय नै जगदीश घिमिरेको **सकस** उपन्यासको विधातात्त्विक अध्ययन रहेकाले उनको **सकस** उपन्यासको अध्ययन गर्नकानिम्ति निम्नलिखित समस्याहरू निर्धारण गरिएको छ :

(क) उपन्यासकार जगदीश घिमिरेको औपन्यासिक यात्रा र प्रवृत्तिहरू के - कस्ता रहेका छन् ?

(ख) औपन्यासिक तत्त्वहरूका आधारमा **सकस** उपन्यासको विश्लेषण के - कसरी गर्न सकिन्छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य अन्तर्गत शोध समस्यामा उठेका सम्पूर्ण समस्याहरूको जवाफ दिइएको छ । जगदीश घिमिरेको **सकस** उपन्यासको विधातात्त्विक अध्ययन गर्न प्रस्तुत शोधपत्रमा मूलभूत उद्देश्यलाई यसरी बुँदागत रूपमा देखाइएको छ :

(क) उपन्यासकार जगदीश घिमिरेको औपन्यासिक यात्रा र प्रवृत्ति ठम्याउनु ।

(ख) औपन्यासिक तत्त्वका आधारमा **सकस** उपन्यासको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

जगदीश घिमिरेको **सकस** उपन्यासका बारेमा विभिन्न साहित्यकार र समालोचकहरूले आ-आफ्ना धारणाहरू विभिन्न पुस्तक पत्र-पत्रिकामा तथा उपन्यासको आवरण पृष्ठमा प्रस्तुत गरेको पाइन्छ । यति हुँदाहुँदै पनि जगदीश घिमिरेको **सकस** उपन्यासका बारेमा विस्तृत अध्ययन गरिएको पाइदैन । उनको **सकस** उपन्यासका बारेमा यसभन्दा अगाडिका अध्ययनहरूलाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :-

ज्ञानमणि नेपाल (२०६९) ले **सकस**को आवरण पृष्ठमा "**सकस** व्यक्ति-व्यक्तिको मात्र होइन, गाउँ-गाउँको, जिल्ला-जिल्लाको, क्षेत्र-क्षेत्रको पनि होइन, यो देश भरिकै सर्वाङ्गीण सकस हो । विना अपराध निर्वासित, विस्थापित जनताबिच आइपरेको सकस हो ।" भन्ने सन्दर्भबाट सबै भौगोलिक क्षेत्रका सामान्य जनताले भोग्नुपरेका दुःख र वेदनालाई **सकस**ले चित्रण गरेको छ । यिनले गरेको यो अध्ययनले यसको समग्र विश्लेषण भने भएन । यो सामान्य चर्चा मात्र बन्न पुगको छ ।

नयनराज पाण्डे (२०६९) ले **सकस** को आवरण पृष्ठमा "**सकस**मा कहाली लाग्दो इतिहास र मूल्य क्षय हुँदै गएको आजको राजनीतिक यथार्थ अनि त्यसले भित्र्याएको डरलाग्दो भयवहता जीवन्त कथानकमा रूपान्तरित भएको छ । फराकिलो कालखण्डको क्यानभासमा लेखिएको अध्ययन आँट र सीपले खारिएको यो आख्यान अत्यन्त शक्तिशाली छ ।" यिनले **सकस** उपन्यासलाई कठोर इतिहास र मूल्य क्षय हुँदै गएको वर्तमानलाई उद्घाटन गर्ने आख्यानका रूपमा चिनाएका भएपनि उनले **सकस** उपन्यासको एकाङ्गी व्याख्या मात्र गरेका छन् ।

जगदीश घिमिरे (२०६९) ले **यो आख्यान** नामक भूमिकामा "पुराणको समुद्रबाट केही, इतिहासको यथार्थबाट केही, वर्तमानको आँधीबेहरीबाट केही, भविष्यको भिजनबाट केही र कल्पनाको आकाशबाट केही महत्त्वपूर्ण पात्रहरूले यसलाई समसामयिक स्वरूप दिएका छन् ।" यिनको यो पात्रगत केही जानकारीले मात्र यसको समग्र अध्ययन भएको देखिँदैन । यो पात्रगत सामान्य सङ्केत मात्र हुन गएको छ ।

रोचक घिमिरे (**रचना** पूर्णाङ्क १२०, भदौ-असोज २०६९ पृ. ७८) ले "**सकस** अतितका पृथ्वीनारायण शाहदेखि वर्तमानका बाबुराम भट्टराई सम्मका शासकहरूका सत्तामा जनताले पाएका क्रूरतम् सकसका वृत्तान्त गरिएको पुस्तक हो ।" घिमिरेको यस टिप्पणीले सामान्य ऐतिहासिक र वर्तमानका घटनाहरूलाई चर्चा गरे पनि विस्तृत अध्ययन भने हुन सकेको छैन ।

कमल दीक्षित (**रचना** १२० भदौ-असोज २०६९ पृ. २८) ले (**सकस को विमोचन व्यक्त मन्तव्य**) मा "**सकस** नेपालमा पृथ्वीनारायण शाहपछिका अढाई सय वर्षका प्रत्येक शासक यस्तै शक्ति-लिप्सारत रहे र जनता भनेका उनीहरूका लागि गौण नै रहिरहे ।" दीक्षितले यस किसिमको टिप्पणी गरे पनि यो अध्ययनले समग्र अध्ययनको बाटो खोलेको छैन । यो पनि सामान्य चर्चाको विषय मात्र भएको छ ।

ब्रजेश (**नेपाल साप्ताहिक** आश्विन १४, वर्ष १३, अङ्क ९, २०६९ पृ. ४४) ले "**सकस**को आशामा गएर भएको छ । 'धैर्य गर, जतिसुकै कालो र घना भएपनि मेघ स्थायी हुँदैन । ढिलोछिटो बढारिन्छ । उज्यालो आउँछ आउँछ । सकस जति भए पनि भविष्य शान्ति कै हो ।" यिनको यस भनाइबाट नेपाली राजनीतिमा अब शान्ति आउने आशा व्यक्त भएपनि यसले **सकस** उपन्यासको समग्र अध्ययन चाहिँ भएको पाइँदैन ।

विमल कोइराला (**आर्थिक अभियान** आश्विन १५, वर्ष ८, अङ्क २८, २०६९ पृ. २) ले "**सकस**ले हाम्रो इतिहासको ज्ञानको रिक्तता, सूक्ष्म आर्थिक अध्ययनको कमी र राजनीतिक विसङ्गतिबारे जान्न खोज्ने जिज्ञासुहरूलाई राम्रो खुराक पस्केको छ ।" कोइरालाको यस टिप्पणीमा **सकस**लाई अर्थराजनीतिको रूपमा लिएपनि यो अध्ययन पनि अधुरै रहेको पाइन्छ ।

झलक सुवेदी (**कान्तिपुर**, २०६९ आश्विन २०, वर्ष २०, अङ्क २३१, **कोसेली** शनिवार विशेषाङ्क पृ. च) ले "उपन्यास समकालीन नेपालको इतिहासका रूपमा आएको छ । साथै यो नेपालको वर्तमान पनि हो र केही हदसम्म भविष्यप्रतिको सङ्केत पनि ।" सुवेदीको यस अध्ययनले पनि नेपालको इतिहास र वर्तमानको राजनैतिक यथार्थ प्रस्तुत गर्दै भविष्यको सङ्केत मात्र भएको छ । यस्तो एकाङ्गी अध्ययन भएपनि सम्पूर्ण अध्ययन हुन गएको छैन ।

निर्मल आचार्य (**गोरखापत्र**, २०६९ कार्तिक १८, वर्ष ११२, अङ्क १७८, शनिवार विशेषाङ्क पृ.ख) ले "**सकस**मा जे जस्ता घटना, भाव र परिदृष्य अभिव्यक्त छ, ती सबैले नेपालीको सास्तीको पहिचान गराएका छन् । कसैको मिशन सफल भएको र लूट, फुटको जञ्जालमा परी नेपाल र नेपाली भने हारिरहेको दारुण दृष्य देखाउन आख्यानकार घिमिरे सक्षम बनेका छन् ।" यिनको यस टिप्पणीले पनि **सकस** उपन्यासको विषयमा सामान्य जानकारी मात्र दिने भएकाले उनको यो अध्ययन त्यति सार्थक भने छैन ।

कृष्णमुरारी भण्डारी (**अन्नपूर्ण पोष्ट**, २०६९, पुष २२ आइतबार वर्ष ११, अङ्क २४२ पृ. ८) ले "हाम्रो इतिहासका घटना, काण्ड र उपकाण्डहरू आफैमा अनेक उपन्यास, कथा र तथ्यपरक छन्  भन्ने जीउँदो उदाहरण **सकस** हो ।" भण्डारीको यस टिप्पणी पनि **सकस** उपन्यासको विस्तृत अध्ययन भएन । उनले यसलाई गाथाका रूपमा मात्र उल्लेख गरेका छन् ।

शारदा शर्माले **सकस मन्थन** (२०७०) नामक पुस्तकमा "**सकस**ले नेपालको राजनीतिक इतिहासका अभिशप्त पाटा खोतल्ने काम गरेको छ । नामले बताए जस्तै यो पुस्तक लामो समयदेखि नेपाल राष्ट्रले भोगिरहेको राजनीतिक दुरावस्थाका कारण नेपाली जनताले भोगेको सकस नै हो ।" यिनको यस टिप्पणीबाट पनि **सकस** उपन्यासको सामान्य चर्चा मात्र भएको छ ।

राजेन्द्र सुवेदीले **सकस मन्थन** (२०७०) **सांस्कृतिक समीक्षणका कसीमा सकस उपन्यासको परीक्षण नामक लेखमा** "वर्तमानको मञ्चमा उपस्थित बनेका विषय, घटना र पात्रका आधारमा घटित भूत र सम्भावित भविष्यको सूचनालाई उपन्यासको वस्तु

बनाइएको छ ।'' सुवेदीको यो टिप्पणी अन्य समीक्षकहरूको तुलनामा केही विस्तृत छ । तर यसले पनि यसको सम्पूर्ण मूल मर्मलाई समेट्न सकेको भने देखिँदैन ।

सनतकुमार वस्ती (**गरिमा**-२०७० वैशाख वर्ष ३१, अङ्क ५, पूर्णाङ्क ३६५ पृ. १११) ले "**सकस** प्रजापतिले सिर्जिएको काव्यको संसार हो जसमा उसले आफूले रुचाएको संसार खडा छ, आफ्नै पाराको रूप-रङ्ग, आकार-प्रकार शिल्प र बान्कीले सजाएको छ ।" वस्तीको यो टिप्पणी **सकस** उपन्यासलाई बान्कीका रूपमा चिनाउन सफल छ तर अन्य अध्ययन भने यसमा भएको छैन ।

शेखर खरेल (**गरिमा**-कार्तिक २०६९ वर्ष ३०, अङ्क ११, पूर्णाङ्क २५९ पृ. १६३-१६५) ले "**सकस** नामक आख्यानमा यस्तो आकाश सिर्जना गरेका छन्, जहाँ भँगेरा र परेवाहरूसँगै चील र गिद्धहरू पनि विचरण गरेका छन् ।" खरेलको यो टिप्पणीले **सकस**मा सत् र असत् दुवै किसिमका पात्रहरूको प्रयोग गरिएको छ भन्ने आशय प्रकट हुन्छ । तर पात्रगत टिप्पणीले मात्र यसको अध्ययन उल्लेख्य बन्न सक्ने अवस्था छैन त्यसैले यो अध्ययनको विस्तृती हुन सकेको छैन ।

छविरमण सिलवालले **सकस मन्थन** (२०७०) नामक पुस्तकमा "मूलतः यो उपन्यास राजनीतिक विकृतिले खडा गरेको विविध परिवेशको सिङ्गो दस्तावेज हो ।" सिलवालले यस टिप्पणीमा राजनैतिक परिवेशको दस्तावेजका रूपमा यसको चर्चा गरे पनि  यसको समग्र चर्चा भने गरेका छैनन् ।

टीका 'आत्रेय' पौडेलले **सकस मन्थन** (२०७०) नामक पुस्तकमा "**सकस** शरदको डायरी तथा कुमारी र उनकी छोरीको बलात्कारको संयुक्त पीडा हो जसलाई उपन्यासकारले ज्यादै मार्मिक ढङ्गले उठान गरेका छन् भने तथ्यपूर्ण तर्कका साथ पुष्टि गरेका छन् ।" पौडेलको यस टिप्पणीमा सहमती जनाउन योग्य रहे पनि उनको यो टिप्पणी पनि पात्रका पीडालाई मात्र जोड दिएकाले एकाङ्गी बनेको छ ।

पुष्पप्रसाद लुइटेलले **सकस मन्थन** (२०७०) नामक पुस्तकको **नेपाली समाजको साहित्यिक आख्यान** नामक लेखमा "**सकस** भिन्न किसिमको शैलीमा छ । यसले साधारण महत्त्व नै राख्दछ, यसमा अज्ञान, असाहित्यिकताको पनि निर्देशन छ । लेखकले प्रकाशित

हुनुभन्दा अघि **सकस** को केही अंश परिमार्जन गर्न सक्थे तर मनुष्य ज्ञान होइन, यस कारण दुर्वलताको पहिचान रहन दिएका छन् लेखकले ।" लुइटेलको यस टिप्पणीले **सकस**को लेखन शैलीलाई महत्त्वपूर्ण तरिकाले आलोचना गरेपनि समग्र अध्ययन भने गरेको छैन ।

यी माथि गरिएका विभिन्न अध्ययनबाट **सकस** उपन्यासको सामान्य परिचय मात्र भएको बुझिन्छ । यसका बारेमा जे-जति अध्ययन भएका छन् ती सतही र एक पक्षीय रूपमा मात्र छन् । **सकस** उपन्यासका बारेमा कसैले पनि उल्लेख्य र व्यवस्थित अध्ययन गरेका देखिँदैनन् । उपर्युक्त चर्चा गरिएका विवरणहरू टिपोटमा मात्र केन्द्रित रहेकाले **सकस** उपन्यासको विस्तृत अध्ययन यस शोधमा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

जगदीश घिमिरेको **सकस** उपन्यासको अध्ययन समष्टिपूर्ण रूपमा हालसम्म पनि भएको छैन । अतः **सकस** उपन्यासको सुव्यवस्थित र सुनियोजित ढङ्गले विधातात्त्विक अध्ययन गरी यसको विश्लेषण र मूल्याङ्कनमा जोड दिई तयार पारिएको यो शोधपत्र प्रस्तावित शोध कार्यका लागि स्वभाविक रूपमा औचित्यपूर्ण भएको छ । यी विविध दृष्टिकोणले प्रस्तुत शोधपत्रको औचित्य र महत्त्व स्वतः सिद्ध भएको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

जगदीश घिमिरे नेपाली साहित्यका कथा, कविता, निबन्ध, समालोचना र संस्मरण आदि सबै विधामा कलम चलाउने स्रष्टा हुन् । यी विविध विधामा कलम चलाएका भए पनि **सकस** उपन्यासलाई नै आधार बनाएर औपन्यासिक तत्त्वहरूकै आधारमा **सकस** उपन्यासको अध्ययनमा मात्र सीमित रहनु यस शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा प्रयोग गरिने सामग्री सङ्कलन विधि र विश्लेषण विधिको निर्धारण गर्नु नै शोधविधि बन्न गएको छ । शोधकार्यलाई व्यवस्थित गर्न तलका निम्न दुई विधिको प्रयोग गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्रीहरूको सङ्कलन मुख्य रूपमा पुस्तकालयीय कार्य विधिबाट गरिएको छ, भने कतिपय सामग्रीहरूको सङ्कलन गर्दा शोधनायक, शोध निर्देशक, प्राध्यापक, विषय विशेषज्ञ तथा समालोचकहरूबाट पनि लिखित वा मौखिक जानकारी लिई प्राथमिक र द्वितीयक सामग्री सङ्कलन गरिएको छ ।

क) प्राथमिक सामग्री - घिमिरेको सकस उपन्यास कृति ।

ख) द्वितीयक सामग्री- उपन्यास सिद्धान्त र घिमिरेका कृतिहरूका बारेमा विभिन्न पुस्तक र पत्रपत्रिकामा भएका समीक्षात्मक टिप्पणी, विभिन्न विषय विशेषज्ञहरूबाट प्राप्त, मौखिक जानकारी, शोधनायकबाट प्राप्त जानकारी र शोध निर्देशकबाट प्राप्त सुझाव एवं जानकारी ।

### १.७.२ विश्लेषणको आधार

जगदीश घिमिरेको **सकस** उपन्यासको विश्लेषण मूलतः औपन्यासिक तत्त्वहरूका आधारमा गरिएको छ । यस शोध कार्यमा उपन्यासका तत्त्वहरूमा कथानक, पात्र, परिवेश, संवाद, भाषा, शैली, दृष्टिबिन्दु र उद्देश्यलाई लिइएको छ र यिनै तत्त्वहरूका आधारमा **सकस** उपन्यासको विश्लेषण गरिएको छ । त्यसैले यो शोधकार्य विश्लेषणात्मक प्रकृतिको हुन पुगेको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यमा छुट्टा-छुट्टै शीर्षक दिई परिच्छेद विभाजन गरिएको छ । ती परिच्छेदहरूका शीर्षकहरूलाई पनि आवश्यकता अनुसार उपशीर्षक, उप-उपशीर्षकहरूमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रको मुख्य रूपरेखा वा सङ्गठनात्मक ढाँचा यस प्रकारको रहेको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद : जगदीश घिमिरेको जीवनी र व्यक्तित्वको परिचय

चौथो परिच्छेद :	जगदीश घिमिरेको औपन्यासिक यात्रा र प्रवृत्ति

पाँचौ परिच्छेद :	सकस उपन्यासको विश्लेषण

छैटौँ परिच्छेद :	सारांश र निष्कर्ष

सन्दर्भ ग्रन्थ सूची ।

# दोस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक परिचय

## २.१ विषय परिचय

उपन्यास साहित्यको आख्यानात्मक विधा हो । विश्व साहित्यमै आधुनिक विधाका रूपमा चिनिएको उपन्यास विधा गद्य शैलीमा लेखिने विधाका रूपमा चिनिन्छ । उपन्यास विधालाई चिनाउन यसको व्युत्पत्ति, अर्थ, परिभाषा, आधारभूत मान्यता आदि पक्षमाथिको चर्चा गर्नु आवश्यक देखिन्छ । उपन्यास विधालाई चिनाउन यसको स्वरूपका बारेमा पनि स्पष्ट हुनु जरुरी हुन्छ । यसका स्वरूपको स्पष्ट किटान पछि तत्त्वहरूको बारेमा चर्चा परिचर्चा अत्यावश्यक हुन्छ । उपन्यासका अङ्गहरूको समुचित व्यवस्थापनबाट नै उपन्यासको स्पष्ट चिनारी बन्न पुग्दछ । आङ्गिक विकासको समुचित व्यवस्था नै उसको खास पहिचान हो । सही व्यवस्था र व्यवस्थापनबाट उसको उपलब्धिको विषय बन्न जान्छ । कुनै कुराको स्पष्ट मूल्याङ्कन गरी उसको गुणस्तरीयता थाहा पाउनका लागि त्यसमा संशोधन र परिमार्जन गरी वर्गीकरण गर्नु अत्यावश्यक हुन्छ । त्यसैले यस खण्डमा माथि उल्लेखित बमोजिम उपन्यास विधाको चिनारी  दिई यसको वर्गीकरण गरिएको छ ।

### २.१.१ उपन्यास शब्दको व्युत्पत्ति र अर्थ

उपन्यास शब्दले आधुनिक साहित्यका विविध विधाहरूमध्ये एउटा समृद्ध विधालाई जनाउँछ । समाजको समसामयिक यथार्थलाई प्रस्तुत गर्ने एक सशक्त साहित्यिक विधाका रूपमा उपन्यासलाई लिइएको छ । जीवनजगत्को साङ्गोपाङ्ग चित्रण गर्ने क्रममा सबैभन्दा पछाडि जन्मिएको साहित्यिक विधा नै उपन्यास हो (दाहाल, सन् १९९३ : ५) । पूर्वीय तथा पाश्चात्य जगत्मा यसको व्युत्पत्ति र अर्थ आ-आफ्नै ढङ्गले गरिएको देखिन्छ । तसर्थ यहाँ पनि पूर्वीय तथा पाश्चात्य साहित्यमा गरिएको व्युत्पत्ति र अर्थलाई प्रस्तुत गर्नु आवश्यक ठानिएको छ ।

उपन्यास संस्कृत शब्द हो ।  उपन्यास शब्दको निमार्ण अस धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'घञ' प्रत्यय  लागेर भएको देखिन्छ र अस् धातुको अर्थ 'राख्नु' भन्ने हुन्छ भने समग्र उपन्यास शब्दको शाब्दिक अर्थ भने 'कुनै वस्तुलाई कसैको समीपमा राख्नु' भन्ने

हुन्छ (न्यौपाने, २०५९ : १७८) । 'उपको' अर्थ 'नजिक' र 'न्यास' को अर्थ 'राख्नु' भन्ने बुझिन्छ । त्यसैले उपन्यासको अर्थ 'नजिक राखिएको वस्तु' भन्ने हुन्छ (प्रधान, २०६१ : १३) ।

उप + नि + अस् + घञ मिलेर बनेको उपन्यास शब्दको अभिधार्थ कुनै वस्तुलाई कसैको नजिक राख्नु हो भन्ने बुझिन्थ्यो तर कुनै प्रकथनात्मक गद्यमय रचना भन्ने बुझिँदैनथ्यो (उपाध्याय, २०४६ : १५३) । संस्कृत साहित्यमा उपन्यासः प्रसादनम् प्रसन्न उपपतिकृतो ह्यर्थ उपन्यास प्रकीर्तितः कुशलतापूर्वक कुनै अर्थ प्रस्तुत गर्ने (प्रधान, २०६१ : १३) भनी उपन्यासको व्याख्या दिइएको छ । यसै मूल आशयको साङ्केतिक रूप भने शाब्दिक व्युत्पत्तिमा नै छ । साहित्यको शास्त्रीय धारणानुसार उपन्यासको खास अर्थ जीवनसँग सम्बन्धित विषयवस्तु भन्ने बुझिन्छ किनभने उपन्यासमा जीवनको यथार्थ चित्र अङ्कित गरिएको हुन्छ । त्यसैले जीवनको निकटमा रहेको विषयवस्तुलाई उपन्यास भन्न सकिन्छ (प्रधान २०४० : ७) । भासको **स्वप्नवासवदत्तम्**मा 'सुखमन्यद् भवेत् सर्व दुःखं न्यासस्य रक्षणम्' भनेर नासोको अर्थमा न्यास् पदलाई लिइएको देखिन्छ । अन्य कतिपय ठाउँहरूमा पनि विद्वान्हरूले न्यास पदलाई विविध अर्थमा प्रयोग गरेको पाइन्छ । यसरी न्यास पदले जे-जस्ता अर्थ प्रदान गरे पनि 'उप + न्यास्' को मेलबाट बनेको उपन्यास शब्दको सोझो अर्थ निकटस्थ वस्तु या जीवनको अनुभूति हो । 'उप + न्यास' लाई आधार मानेर बढी अर्थ निकाल्न खोज्ने हो भने साहित्यका अन्य विधाहरूमा भन्दा उपन्यासमा ज्यादै निकटता, स्वच्छता, स्वाभाविकतापूर्वक जीवनको अध्ययन गरिएको हुन्छ भन्नुपर्छ (पोखरेल, २०४० : १७९) ।

'नोबल' को पर्यायवाची रूपमा चिनिने उपन्यास विधागत स्वरूपमा नवीन भए पनि भरतमूनिले आफ्नो **नाट्यशास्त्र**मा प्रतिमुख सन्धिका १३ भेदमध्ये १२ औँ भेदका रूपमा उपन्यासको चर्चा गरेका छन् (भट्टराई, २०३९ : ३३६) । यसमा जुन उपयुक्त अर्थ छ त्यो उपन्यास हुन्छ भनी बताइएको छ (भट्टराई, २०३९ : ३३९) । नाट्यशास्त्रमा भरतमूनिले उपन्यासको चर्चा गरिसकेपछि त्यसपछिका विद्वान्हरूले पनि थुप्रै ठाउँहरूमा उपन्यास शब्दलाई प्रतिमुख सन्धिको अङ्ग विशेष तथा विन्यास, स्थापना, ज्ञापन, सन्दर्भ आदिजस्ता विभिन्न अर्थमा प्रयोग गरिएको पाइन्छ (प्रधान, २०६१ : १३) । अझ प्राचीन साहित्यमा

उपन्यासको खास अर्थ कथन, सुझाव, घोषणा, परिसंवाद, नियोजन, सङ्केत, निर्देशन आदिका रूपमा प्रयोग भएको पाइन्छ (प्रधान, २०६१ : ८) ।

संस्कृतमा उपन्याससँग नजिकको साइनो गाँस्ने रचना विशेषलाई आख्यायिकाका रूपमा चर्चा गरिएको छ (बराल र एटम, २०५६ : ३) । वाणभट्टको **कादम्बरी**, दण्डीको **दशकुमार चरित** आदि गद्य रचनाहरू आख्यायिकाका रूपमा संस्कृत साहित्यमा सुशोभित छन् । यी र यस्ता गद्यात्मक रचनाले आज प्रचलित उपन्यासको स्पष्ट विधागत स्वरूप र अस्तित्त्वलाई आत्मसात् गर्न सकेको भने देखिँदैन (बराल र एटम, २०५६ : ३) । यसर्थ आधुनिक उपन्यासको प्रारम्भबिन्दु र उद्भवको इतिहास संस्कृत साहित्यतर्फ औँल्याएर वंशावली खोज्नुभन्दा पाश्चात्य साहित्यबाट नै प्रवाहित उपन्यास विधा क्रमशः बङ्गाली, हिन्दी हुँदै नेपालीमा आइपुगेको स्वीकार्न सकिन्छ ।

नेपाली साहित्यमा प्रयोग हुँदै आएको उपन्यास शब्द अङ्ग्रेजीको 'नोबल' को पर्यायको रूपमा रहेको छ । पाश्चात्य दृष्टिकोणअनुसार अङ्ग्रेजीमा भनिने 'नोबल' शब्द इटालीको 'नोबेले' बाट लिइएको हो र यसलाई ल्याटिन भाषाको 'नोबस्' तथा 'नोबलस्' शब्दकै रूपान्तरण मानिएको छ (प्रधान, २०६१ : १४) । फ्रान्समा पनि औपन्यासिक अर्थमा प्रयोग हुने 'नोबेल्ला' शब्द पनि यसबाटै विकसित भएको पाइन्छ । यही 'नोबल' शब्दको प्राविधिक अर्थ उपन्यास बनेको छ (सुवेदी, २०५३ : ४) । यसले एकातिर नयाँलाई अर्थ्याउँछ भने अर्कातिर यो इटालेली 'नोबेल' सँग जोडिएकाले समाचारलाई जनाउँछ । समाचार शब्दले इङ्गित गर्ने आशयको व्याख्या गर्दा अचेल देखिने उपन्यास अनुसार यसले सामान्य जीवनबाट चरित्र तथा घटनाहरू बटुलेर प्रचलित भाषामा प्रस्तुत गर्ने गुण विशेषलाई सङ्केत गर्छ (प्रधान, २०६१ : १४) । आज उपन्यास शब्दले गद्यात्मक आख्यानको जीवनसापेक्ष प्रस्तुति र नोबेल शब्दको आधुनिक उत्पत्ति हो भन्ने कुरालाई बुझाउँछ (सुवेदी, २०५३ : ४) ।

'नोबेल' शब्द प्रयोगमा आउनुअघि 'फिक्सन' शब्द प्रचलित थियो जसको अर्थ 'आख्यान' थियो । अर्कातिर रोमान्सले पनि आख्यानकै अर्थ वहन गर्दथ्यो । विकासका ऐतिहासिक चरणहरू नियाल्दा उपन्यासपूर्वको कथारूप रोमान्सको संसारमा भेटिन्छ (प्रधान, २०६१ : १४) । रोमान्सलाई प्रेम र शौर्यवर्णनमा अबलम्बित कथा भने हुन्छ । रोमान्स

इतिहास अनुप्राणित तर कल्पनामा आधारित हुने हुनाले अपेक्षाकृत यथार्थ जीवनसँग सान्निध्य राख्ने उपन्याससँग दाँजिन सक्तैनन्, केवल आफ्नो बेग्लै यथार्थको संसार सृष्टि गर्ने उपन्यासका स्रोत भने हुनसक्छन् ।

चौधौँ शताब्दीको मध्यदेखि औपन्यासिक ढङ्गका प्रारम्भिक खुड्किलाका रूपमा गद्यको प्रयोग साथै बोलिचाली भाषामा साहासिक अलौकिक प्रेमकथाहरू आउन थाले । इटालेली कथाकार जिओवानी बोकासियोको 'डेकामेराँ' का कथाहरू यस परम्पराका सबैभन्दा रोचक नयाँ र आकर्षक कथाकृतिका रूपमा देखिन्छन् (प्रधान, २०६१ : १४) ।

यी सामग्रीहरू आधुनिक आख्यानका आधारशीला हुन् । यिनमा युरोपेली आख्यान साहित्यको मात्र होइन उपन्यास लगायतका आधुनिक गद्याख्यानसमेतको जग अडेको छ (सुवेदी, २०५३ : ६) । 'डेकामेराँ' का यिनै कथालाई इटालेली भाषामा 'नोबेले' भनिन्छ जसबाट अङ्ग्रेजी नाम 'नोबल' को उत्पत्ति भयो (प्रधान, २०६१ : १४) । दि सार्टर अक्सफोर्ड इङ्गलिस डिक्सनरीमा इस्वीको १४६० देखि मात्र आधुनिक सन्दर्भमा नोबलको प्रयोग हुन थालेको उल्लेख छ (प्रधान, २०६१ : १४) । पन्ध्रौँ, सोह्रौँ र सत्रौँ शताब्दीमा युरोपमा पुनर्जागरण आयो; त्यसबाट उद्धृत सांस्कृतिक चेतनाको परिणामस्वरूप अठारौँ शताब्दीमा साहित्यिक विधाका रूपमा उपन्यासको जन्म भयो । रोमान्सेली प्रवृत्तिलाई त्याग्दै यथार्थ चित्रण गर्ने प्रवृत्तिलाई लिएर अङ्ग्रेजी साहित्यमा डेनियल डिफो, सेम्युअल रिचर्ड्सन, हेनरी फिल्डिङ, स्मोलेट स्टर्न आदि उपन्यासकारहरू प्रारम्भमा देखा परे । यिनीहरूकै लेखनीबाट विश्वमा उपन्यास विधाको जन्म भयो (श्रेष्ठ र शर्मा, २०५६ : ९६) । त्यसपछि अङ्ग्रेजी उपन्यासको एक निश्चित मौलिक यथार्थिक रूप कायम भयो । फलतः अब उपन्यास मानव समाजको उत्थान र पतनको प्रतिबिम्ब झल्काउने सर्वश्रेष्ठ विधा बन्यो र यसले विश्वव्यापी लोकप्रियता (उपाध्याय, २०४९ : १५५) प्राप्त गर्‍यो ।

## २.२ उपन्यासको परिभाषा

उपन्यासलाई पाश्चात्य साहित्यको देनका रूपमा विकसित आधुनिक नवीन विधा मानिन्छ । उपन्यास विभिन्न स्थितिमा विविध दृष्टिकोणलाई अङ्गाली विभिन्न प्रविधि र प्रणलीद्वारा लेखिने साहित्यिक रूप हुनाले नै यस उपर विभिन्न विद्वान्हरूद्वारा व्यक्त धारणा तथा परिभाषा पनि अनैक्य देखा पर्दछन् । पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ-आफ्नै

ढङ्गबाट उपन्यासलाई चिनाउने प्रयास गरेका छन् । तीमध्ये यहाँ केही विद्वान्हरूका धारणालाई राख्नु उपयुक्त देखिन्छ ।

**क) फिल्डिङ**

गद्यमा लेखिएको सुखान्त महाकाव्य नै उपन्यास हो (उपाध्याय, २०४९ : १५५) ।

**ख) क्लारा रिब्स**

वास्तविक जीवन, चालचलन र आफ्नो समयको तस्वीर उपन्यासले उतार्छ ( उपाध्याय, २०४९ : १५५) ।

**ग) इ.एम्.फोस्टर**

हालको जटिल एवम सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारहरूद्वारा पीडित मानवजातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो (बराल र एटम, २०५६ : ७) ।

**घ) राल्फ फक्स**

उपन्यास कोरा कथात्मक गद्यलेखन होइन, यो त मानव जीवनको गद्य हो । उपन्यास कला नै पहिलो कला हो जसले मानवको सम्पूर्ण जीवनलाई अभिव्यक्त गर्ने प्रयास गर्छ (बराल र एटम, २०५६ : ७) ।

**ङ) डब्लु.एच्.हड्सन**

उपन्यासको रुचि र अस्तित्व जहाँ पनि नारी र पुरुषका जीवनका साथै मानवीय कार्य र भावनाको भव्य चित्रण गर्नुमा रहेको छ (बराल र एटम, २०५६ : ७) ।

**च) बृहत् नेपाली शब्दकोश**

धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा तथा चरित्रप्रधान गद्य महाकाव्य नै उपन्यास हो (पोखरेल र अन्य (सम्पा), २०४० : ७५६) ।

**छ) कृष्णचन्द्रसिंह प्रधान**

उपन्यास जीवन र जगत्प्रति नै एक विहङ्गम दृष्टि हो जसलाई बुझ्ने केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य, जीवन मनुष्यको संसार हो (प्रधान, २०६१ : ९७) ।

**ज) इन्द्रबहादुर राई**

उपन्यास यथार्थमा भावनाको भाषा र जीवनको उद्गार हो । साँचो उपन्यास जीवनको छायाँ नै हुन्छ । औ साँचो उपन्यास नै जीवनको मार्गदर्शक बन्दछ (राई, २०५२ : ४०) ।

**झ) दयाराम श्रेष्ठ**

बहुविध संरचनात्मक एकाइहरूद्वारा हरेक अङ्क परम्परामा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिभरिको समय र स्थानभित्र विस्तारित भएको कला-सौन्दर्य कथात्मक गद्यलाई उपन्यास भनिन्छ (श्रेष्ठ र शर्मा, २०५६ : ९७) ।

**ङ) प्रतापचन्द्र प्रधान**

लौकिक भावनाद्वारा ओतप्रोत भई मानव मनका सूक्ष्म मनोवैज्ञानिक अङ्कन गर्ने जीवनका अन्तरङ्गी र बहिरङ्गी चित्र (प्रकृति) लाई पनि प्रतिबिम्बित पार्ने आधुनिक कला उपन्यास हो (प्रधान, २०६१ : ३७) ।

**च) राजेन्द्र सुवेदी**

पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ (सुवेदी, २०५३ : ८) ।

**छ) कृष्णहरि बराल र नेत्र एटम**

मानव र समाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्न आवश्यक लम्बाइ भएको गद्याख्यानलाई उपन्यास भनिन्छ (बराल र एटम, २०५६ : ८)

उपन्यासका बारेमा दिइएका माथिका विभिन्न विद्वान्हरूका परिभाषाहरुलाई हेर्दा फरक-फरक विचार देखा पर्दछन् । परिवर्तनशील विधा भएकाले पनि एक समयमा दिइएको परिभाषाले आगामी युगलाई पूर्ण रूपमा समेट्न सक्दैन कतिपय परिभाषाहरू आफ्नो सन्दर्भमा उपन्यासलाई चिनाउन असमर्थ छन् । माथिको विद्वान्हरूमा कसैले घटना, कसैले चरित्र, कसैले शैली, कसैले रूप र कसैले वस्तुपक्षलाई प्राथमिकता दिएका छन् । पाश्चात्य विद्वान फिल्डिङ सुखान्त पक्षमाथि जोड दिन्छन् तर यो तर्क आजको सन्दर्भमा उपयुक्त ठहर्दैन । त्यस्तै कसैले ठिक्कको लम्बाइ र लामो काल्पनिक कथा भएको भनेका छन् तर ठिक्कको लम्बाइ र लामो काल्पनिक कथा भन्नाले कुनै निश्चित आयम बुझाएको देखिँदैन । कसैले लामो कथा, कसैले धेरै पात्र, कसैले व्यापक परिवेश आदि पनि भनेको पाइन्छ तर कति धेरै र कति व्यापक त्यसको स्पष्टता भने पाइँदैन । वर्तमान सन्दर्भमा थोरै पात्र र झिनो कथाले पनि उपन्यास सृजना भइरहेकाले पनि यस्ता खालका परिभाषाले उपन्यासलाई प्रस्ट्याउन सकेको देखिँदैन । नेपाली साहित्यका विद्वान्हरूले पनि कसैले धेरै अध्याय वा खण्डहरू कसैले पात्र र कसैले वस्तु पक्षलाई जोड दिँदै उपन्यासलाई चिनाउन खोजेको देखिन्छ, तापनि उपन्यास यस्तै हो र हुनुपर्छ भनी स्पष्ट किटान भने गरेको देखिँदैन । मानव जीवनको साङ्गोपाङ्ग प्रस्तुति उपन्यासमा हुने भएकाले जीवनको यथार्थ चित्र उपन्यास हो जस्ता परिभाषा उपयुक्त देखिन्छन् । माथि दिइएका सबै परिभाषाहरूलाई समेटर उपन्यासको यस्तो परिभाषा गर्न सकिन्छ :

मानव जीवनका यावत् पक्षहरूलाई यथार्थ ढङ्गमा चित्रण गरिएको, गद्यमय, लामो आयम भएको, आफैमा पूर्ण आख्यानात्मक रचनाविशेष नै उपन्यास हो ।

## २.३ उपन्यासको स्वरूप

प्राचीन युग कविता-काव्यको र आधुनिक युग उपन्यासको हो । राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक आदि परिवर्तनबाट यस्तो हुन गएको हो । प्राचीन युग आर्दशको युग थियो तर अब मानिसहरू आदर्शमा भन्दा यथार्थमा रमाउन थाले । व्यक्ति तथा समाजको यथार्थ चित्रण गर्नु, उनीहरूको भावना, चाहाना र कामनाको वास्तविक फोटा उतार्नु साहित्यको काम हुन थाल्यो । यसको फलस्वरूप उपन्यासको प्रयोग हुन थाल्यो ।

उपन्यास साहित्यको आफ्नै स्वरूप र सङ्गठन भएको विधा हो । साहित्य सधैँ गतिशील रहने हुनाले सधैँ उही र उस्तै स्वरूपमा साहित्यको कुनै विधा रहँदैन । साहित्यका जति रूपविधान हुन्छन् तिनमा उपन्यासको रूपविधान सबैभन्दा लचिलो हुन्छ अनि त्यो परिस्थितिअनुसार कुनै पनि रूप निर्धारण गर्न सक्छ (वर्मा तथा अन्य, (सम्पा), २०२० : १४४) । युग र परिस्थितिअनुरूप उपन्यासले आफ्नो स्वरूप बदल्दै लैजाने हुनाले यसको स्वरूप किटान गर्न भने गाह्रो छ ।

उपन्यास साहित्यको सबैभन्दा बढी प्राणवान् र सशक्त विधा मानिन्छ । उपन्यासको पृष्ठाधार व्यापक हुन्छ । त्यसैले समय र स्थानको सीमामा यो बाँधिएको हुन्न । यस सीमायुक्त स्वतन्त्रताले गर्दा समाज वा जीवनको समग्रता र सम्पूर्णतालाई यसले प्रक्षेपण गर्दछ (श्रेष्ठ र शर्मा, २०५६ : ९४) । यो मनोरञ्जक कथात्मकताले गर्दा अरूभन्दा रोचक, विस्तृत परिवेशले गर्दा अझ व्यापक, बन्धनहीन स्वरूपले गर्दा सधैँ परिवर्त्य, जीवनको निकतटम चित्र हुनाले बढी यथार्थ, प्रयोगधर्मी सम्भावनाले गर्दा सधैँ नवीन र मानसिक रहस्यको उद्‌घाटन गर्ने भएकोले अति गहन तथा सूक्ष्म हुन्छ (प्रधान, २०६१ : २) । उपन्यासभित्र दृश्य, पात्र, घटना, चरित्र, उद्देश्य आदि जस्तै थुप्रै कुराहरुको संयोजन हुन्छ । यी सबैको कलापूर्ण अन्वयमा उपन्यासको स्वरूप तयार हुन्छ । तर यस्ता वस्तुलाई सँगालेर कुनै एउटा निर्धारित स्वरूप दिनु निश्चय नै कठिन कार्य हुन्छ । उपन्यासको नैसर्गिक कोमलताले यसलाई शास्त्रीयता जस्तोको विधि निषेधबाट पनि मुक्त राखेको छ (प्रधान, २०६१ : २) । दृष्टिको तीब्रता सम्पन्न भएका आलोचकहरूबाट पनि विज्ञान र गणितीय पद्धतिबाट जीवनको चिरफार र नापतौल गर्न अवश्य पनि सम्भव छैन (सुवेदी २०५३ : ५) । जीवनको प्राकृतिकतालाई कृत्रिम र निर्मितका प्रवाहमा धकेल्न खोज्नु भनेको शास्त्रीय विधि र निषेधका रेखामा साँघुऱ्याउन खोज्नु उपन्यासलाई मात्र होइन; जीवनको नैसर्गिकतालाई सूत्रबद्ध गर्न खोज्नु हो । त्यसकारण उपन्यासलाई जीवनको मर्यादित पक्ष जतिकै स्वतन्त्र रहन दिनुपर्छ (सुवेदी २०५३ : ५) । यसलाई कालले बाँध्दैन; न त नीति नियमले नै छेक्छ । फलस्वरूप कथाको केन्द्रीयता समेत अनिवार्य गरिएन । आकारमा प्रशस्त विविधता देखा परे पनि विविधताको कारणचाहिँ उपन्यासको कोमलतम् स्वरूपको अर्थ उपन्यास नियमरहित हुन्छ भन्ने चाहिँ होइन ।

उपन्यासमा जीवनका स्थूल तथा सूक्ष्म एवम् असाधारण तथा साधारण तथ्यहरूलाई यथार्थ रूपमा उतार्न सकिन्छ । वास्तवमा उपन्यासबाट सिङ्गो युगको जानकारी समस्त सामाजिक धरातलको सर्वेक्षण र जीवनको साङ्गोपाङ्ग विश्लेषण गरिएको हुन्छ (पोखरेल, २०४० : १७९) । विभिन्न उपकरणहरूको छुट्टाछुट्टै अस्तित्व र भूमिका रहेपनि एउटा यस्तो संयोजन र अन्वयमा तिनीहरू अन्तर्निहित भएका हुन्छन् जसको सम्पूर्णतामा उपन्यासले आकार धारण गर्दछ । समय, ठाउँ र महत्त्वको ख्याल राखेर तिनीहरूलाई कुनै निश्चित शैलीद्वारा शृङ्खलाबद्ध गरी कुनै एउटा रूपमा ढालेर समग्रतामा चित्रित गर्नु नै उपन्यासको स्वरूप हो (प्रधान, २०६१ : ४) । विभिन्न प्रविधि र प्रक्रियाको अनुशरण गरे पनि जीवनलाई बुझेर निष्कर्ष दिने प्रयास गरिनु उपन्यासको मौलिक धर्म हो । यसरी हेर्दा उपन्यासको स्वरूप किटान गर्न त गाह्रो पर्छ तर उपन्यासका विभिन्न अङ्गहरूको आवश्यक संयोजन, सुसङ्गठन र परिपूर्णताद्वारा नै उपन्यासको स्वरूप निर्माण हुन सक्दछ भन्न सकिन्छ ।

## २.४ उपन्यासका तत्त्वहरू

उपन्यास संरचनाका लागि नभई नहुने महत्त्वपूर्ण कुराहरूलाई उपन्यासका तत्त्व भनिन्छ । यस्ता तत्त्वहरू कतिपय अनिवार्य हुन्छन् भने कतिपय गौण वा सहायक रूपमा रहेका हुन्छन् । विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोण अनुसार उपन्यासका तत्त्वबारे चर्चा गरेका छन् । हड्सनले सानो र ठूलो असल र खराब जुनसुकै उपन्यासका संरचनाका लागि कथावस्तु, चरित्रचित्रण, संवाद, देशकाल र वातावरण, शैली, उद्देश्य वा जीवनदर्शन गरी ६ वटा तत्त्वहरू आवश्यक ठानेका छन् (न्यौपाने, २०५९ : २०३) । धीरेन्द्र वर्माले कथावस्तु, पात्र, संवाद, देशकाल-वातावरण, शैली र जीवनदर्शनलाई उपन्यासका प्रमुख तत्त्व मानेका छन् (वर्मा तथा अन्य, २०२० : १२३) । उपन्यासका प्रमुख तत्त्वहरूमा कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्य (प्रधान, २०६१ : ७), हिमांशु थापाले कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य (थापा, २०५० : १२७), केशवप्रसाद उपाध्यायले कथावस्तु, चरित्र, संवाद, देशकाल-वातावरण, शैली र जीवनदर्शनलाई (उपाध्याय, २०४९ : १६२) लिएका छन् । कतिपय पाश्चात्य आलोचकहरूले कथावस्तु, चरित्र, कथोपकथन र वर्णन गरी चार कुरालाई उपन्यासका प्रमुख तत्त्वका रूपमा स्वीकार्छन् र वातावरण, उद्देश्य र शैलीलाई तिनै चारमा अन्तर्भूत ठान्दछन् ।

कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लयलाई उपन्यासका तत्त्वका रूपमा लिएका छन् (बराल र एटम, २०५६ : २१) ।

यी विभिन्न विद्वान्हरूका विचारहरूलाई हेर्दा उपन्यासको आधारभूत तत्त्वका बारेमा मतैक्य देखिँदैन । विभिन्न विद्वान्हरूको धारणालाई मनन गरी उपन्यासका प्रमुख तत्त्वहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

क) कथानक ख) चरित्र ग) परिवेश
घ) संवाद ङ) दृष्टिबिन्दु च) भाषाशैली
छ) उद्देश्य

यी प्रमुख तत्त्वहरूको परिचय तल दिइएको छ ।

### २.४.१ कथानक

कथानक उपन्यास संरचनाका लागि आवश्यक पर्ने विभिन्न तत्त्वहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । यो उपन्यासको कच्चा सामाग्री हो । कथानक भन्नाले कार्यकारण शृङ्खलामा आबद्ध कथावस्तु या घटनाक्रम हो । कथानकमा धेरै घटनाहरूको संयोजन रहेको हुन्छ । यी घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् । विभिन्न घटना र तिनीहरूको एक सूत्रताको माध्यमबाट जुन एउटा कथानक बन्दछ, त्यस्तो कथानक उपन्यासको प्राण हो (न्यौपाने, २०५९ : २०३) । कथानकमा तर्क, बुद्धि, कल्पनाजस्ता साधनहरूको प्रयोग गरी घटनाहरूको लामो साङ्लो प्रस्तुत भएको हुन्छ । घटनाहरूको प्रस्तुति कार्यकारण सम्बन्धमा आधारित हुने हुनाले यसको सम्बन्ध उद्देश्य र विचारसँग पनि घनिष्ट रूपले गाँसिएको हुन्छ । कथानक उपन्यासको मूल ढाँचा निर्माणको त्यस्तो आधारभूत तत्त्व हो जुन कार्यकारण शृङ्खलाका घटनाहरूद्वारा व्यवस्थित र योजनाबद्ध तरिकाले जोडिएको हुन्छ ।

कथानक उपन्यासको जग हो । सबैखाले उपन्यासमा यसको अपरिहार्यता स्पष्ट देख्न सकिन्छ । घटनाप्रधान उपन्यासमा त खासगरी यसैको प्रमुखता हुन्छ, आत्मास्वरूप अवस्थित हुन्छ (प्रधान, २०६१ : ७) । प्रारम्भिक कालीन उपन्यासमा कथानकलाई महत्त्वपूर्ण र

अनिवार्य तत्त्व मानिए पनि हाल कथानकको अनिवार्यता र महत्त्व घट्दै गइरहेको देखिन्छ । उपन्यासका क्षेत्रमा विभिन्न प्रयोगहरू हुँदै जाँदा हाल अ-उपन्यासको जन्म हुन पुगेको छ जसले कथानकविनाको स्वरूपमा लम्कन चाहेको देखिन्छ । हाल कथानकलाई गौणस्थान दिएर अथवा त्यसको आवश्यकता नै नसम्झेर उपेक्षा गर्न खोजिए झैँ विश्व उपन्यासको स्थिति छ (प्रधान, २०६१ : ८) । तर उपन्यास एक आख्यानजीवी साहित्यिक विधा भएकाले प्रमुख तत्त्व कथानकको उपेक्षा त्यति धेरै सम्भव देखिँदैन; यदि सम्भव भए पनि त्यो एक आख्यान साहित्यका निम्ति दु:साध्य नै ठहरिन्छ ।

## २.४.२ चरित्र

चरित्र उपन्यासका उपकरणमध्ये प्रमुख तत्त्व मानिन्छ । चरित्रलाई कतै पात्र, कतै सहभागी र कतै कार्यव्यापार आदिका नामबाट पनि चिनाउने गरिन्छ । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०५६ : २९) । उपन्यासको कथानकमा आएका घटनासँग सम्बद्ध हुँदै कथानकलाई सजीव बनाएर गति दिने सहभागी नै चरित्र वा पात्र हो । पात्रहरू कतिपय नैतिक र अभिवृतीय गुणहरूले युक्त हुन्छन् । नैतिक र अभिवृतीय गुणले युक्त पात्र नै चरित्र हुन् (शर्मा, २०४८ : १२४) । उपन्यासमा चरित्रले कथानकको समग्रतालाई प्रस्तुत गर्ने र फेरबदल गर्ने गर्दछन् । उपन्यासकारले आफ्ना विचार वा जीवनदर्शन चरित्रमार्फत् नै प्रस्तुत गर्दछ । चरित्रको चित्रणमार्फत् व्यक्ति तथा बृहत् समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । मानिसका आन्तरिक र बाह्य्य प्रवृत्तिहरू चरित्रकै माध्यमले प्रस्तुत हुने गर्दछन् (सुवेदी, २०५३ : १७) । चरित्रहरू उपन्यासको सारवस्तु र विचारलाई संवहन गर्ने माध्यम पनि हुन् । वास्तवमा उपन्यासमा प्राण भर्ने काम नै चरित्रले गर्दछ । त्यसैले चरित्रको चयन उपन्यासको कथानकसँग सम्बद्ध रहेर गर्ने गरिन्छ । चरित्रहरू परिवेश सुहाउँदा जीवनका घात-प्रतिघातहरूलाई बुझ्न सक्ने जीवन्त हुनुपर्दछ अन्यथा उपन्यास अस्वाभाविक बन्न पुग्दछ । उपन्यासमा प्रयुक्त पात्रको चरित्र पुरै युग परिवेशको संवाहक भएर आएको हुन्छ (सुवेदी, २०५३ : १७) । त्यसैले आजभोलि मानवचरित्र र मानव समाजलाई बुझ्ने प्रमुख तत्त्वका रूपमा चरित्रले प्रमुखता पाएको छ । चरिप्रधान उपन्यासमा त चरित्रकै केन्द्रीयतामा उपन्यास संरचित हुने हुँदा चरित्रप्रधान उपन्यासका लागि त चरित्र प्राण हो भन्दा फरक पर्दैन । वर्तमान समयमा लेखिएका उपन्यासहरू क्रमशः चरित्रकेन्द्री

बन्दै गइरहेका देखिन्छन् । प्रयोगवादी उपन्यासले कथानकलाई बेवास्ता गरेको पाइए पनि चरित्रलाई भने अझ प्रमुखताका साथ स्वीकारेको पाइन्छ । यसरी हेर्दा उपन्यासमा चरित्रको भूमिका अपरिहार्य देखिन्छ ।

### २.४.२.१ चरित्र चित्रणका आधारहरू

**क) लिङ्गका आधारमा**

लिङ्गले पात्रको प्राकृतिक जात छुट्याउने हुँदा यसका आधारमा पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई वर्गका हुन्छन् (बराल र एटम, २०६६ : २९) । पात्रको  बाह्य वर्णन तथा शरीर नामकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट यो कुरा छुट्याउन सकिन्छ ।

**ख) कार्यका आधारमा**

उपन्यासमा उपस्थित भई पात्रले गर्ने कार्यका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी  तीन किसिमका हुन्छन् । उपन्यासमा सबै पात्रले उतिकै महत्त्वका कार्य गरेका हुँदैनन् (बराल र एटम, २०६६ : २९) । त्यसैले सबैभन्दा बढी काम गर्ने वा कार्यमूल्य भएको पात्र प्रमुख हुन्छ भने त्यसभन्दा घटी कार्यमूल्य भएको पात्र सहायक र ज्यादै थोरै कार्यमूल्य भएको पात्र गौण हुन्छ ।

**ग) प्रवृत्तिका आधारमा**

प्रवृत्तिका आधामा पात्र अनुकूल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । उपन्यासका पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै भूमिका निवार्ह गरेका हुन्छन् (बराल र एटम, २०६६ : २९) । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात् सत् हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल अथवा असत् हुन्छ ।

**घ) स्वभावका आधारमा**

स्वभावका आधारमा पात्र गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् । उपन्यासमा कुनै परिस्थिति अनुसार बदलिने पात्र गतिशील हुन्छ जो आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरी सुहाउँदो बन्छ (बराल र एटम, २०६६ : ३०) । परिस्थिति बदलिए पनि आद्यान्त उस्तै जीवन बिताउने र विचलन नआाउने स्वभावको पात्र गतिहीन हुन्छ ।

**ङ) जीवन चेतनाका आधारमा**

जीवन चेतनाका आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकार हुन्छन् (बराल र एटम, २०६६ : ३०) । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनीधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनीधित्त्व गरी नवीन शैलीको सन्धान गर्ने पात्र वैयक्तिक हुन्छ ।

**च) आसन्नताका आधारमा**

उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् (बराल र एटम, २०६६ : ३०) । उपन्यासमा उपस्थित भई कार्यव्यापर वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ ।

**छ) आबद्धताका आधारमा**

उपन्यासको कथासँग पात्रको सम्बन्ध गँसाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध मुक्त गरी दुई प्रकारका हुन्छन् (बराल र एटम, २०६६ : ३०) । बद्ध पात्रहरूलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन ।

### २.४.३ परिवेश

उपन्यासमा प्रयुक्त तत्त्वहरूमध्ये परिवेश पनि एउटा मूल र आवश्यक औपन्यासिक तत्त्व हो । उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ (बराल र एटम, २०५६ : ३५० । मूलतः परिवेश शब्दले देशकाल र वातावरण दुबै समेटेको छ ।

अभिधेयार्थमा देश भनेको स्थान र काल भनेको समय हो तर उपन्यासको देशकालभित्र कार्यव्यापार, स्थान, समयलगायत कथानकसँग मेलखाने रहनसहन प्राकृतिक पूर्वाधार समेत पर्दछन् । विद्वान्हरूले देशकाललाई भौतिक वा स्थूल र सामाजिक वा सूक्ष्म गरी २ भागमा विभाजन गरेका छन् । भौतिक वा स्थूल देशकाल चरित्रले कार्य गरेको स्थल सम्बद्ध प्राकृतिक स्थिति एवम् समय वृत हो भने सामाजिक वा सूक्ष्म देशकाल भनेको पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि हो (बराल र एटम, २०५६ : ३५) । यसरी हेर्दा देशकाल समय र स्थानको सीमा हो ।

उपन्यासको वातावरण पाठकको भावनासँग सम्बन्धित विषय हो । उपन्यासको कार्यव्यपार हुँदै जाँदा त्यस देशकालमा त्यहाँका चरित्रद्वारा घटाइएका घटनाहरूले पाठकका मनमा छाड्ने प्रभाव नै उपन्यासको वातावरण हो । उपन्यास पढ्दा पाठकका मनमा उठ्ने दुःख, क्रोध, घृणाजस्ता भावहरूको उद्धीपन र तिनको परितृप्तीसँगै उपन्यासको वातावरण सम्बन्धित छ (बराल र एटम, २०५६ : ३६) । यसरी हेर्दा उपन्यासका अन्य तत्त्वहरूका तुलनामा यो सूक्ष्म हुन्छ र पाठकको मानसिक अवस्थासँग सम्बन्धित हुन्छ । देशकाल दृश्यात्मक भएकोले यसमा चाक्षुष ज्ञानको आवश्यकता पर्ने र वातावरण अनुभवजन्य हुने भएकोले यो मानसिक ज्ञानसँग सम्बद्ध हुने हुन्छ (प्रधान, २०६१ : ८४) । उपन्यासमा अनुभूतिको सञ्चार गराउन वातावरणले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

उपन्यासले जीवन जगत्को यथार्थ चित्रण गरेको हुन्छ । त्यसैअनुरूप उपयुक्त स्थान, समय र वातावरणको पनि सृष्टि गरेको हुन्छ । यसरी उपन्यासलाई जीवन्त बनाउन उपयुक्त किसिमले देशकाल वातावरणको सृष्टि गरिएको हुन्छ । देशकाल वातावरण विना उपन्यासकारले कथानकलाई विश्वसनीयता, पात्रहरूलाई यथार्थता र ऐतिहासिकतालाई

सङ्गति प्रदान गर्न सक्दैन (प्रधान, २०६१ : ११) । जीवनप्रतिको लेखकको धारणा कस्तो छ भन्ने कुरा पनि यसै तत्त्वका सापेक्षतामा उसले प्रस्तुत गरेको हुन्छ ।

उपन्यासमा प्रस्तुत गरिएका चरित्रहरू युगीन परिप्रेक्ष्यमा त्यसै समय र समाजका अभिन्न अङ्गझैँ बनेर रहेका हुन्छन् । पात्रहरूका विचार, भावना, जीवनप्रतिको दृष्टिकोण पनि त्यसै समय र त्यही सामाजिक परिस्थितिअनुरूप निर्मित भएका हुन्छन् । यसले पात्रहरूका वैचारिक र चारित्रिक परिचय त दिन्छ नै त्यसका साथै त्यस समयको जीवन्त परिस्थितिको ज्ञान एवम् मनोभाव पनि पाठकलाई प्रदान गर्छ । यसरी उपन्यासमा वर्णित पात्रहरूका क्रियाकलाप, घटना, विचार, धारणा तथा पाठकको मनोभावका साथै समाजका अन्य परिस्थितिहरूको यथोचित संयोजन र प्रस्तुतिकरण उपन्यासको देशकाल वातावरण हो र यसको उपयुक्त संयोजनमा नै उपन्यासको सफलता निहित रहन्छ ।

### २.४.४ संवाद

उपन्यासमा वर्णित पात्रहरू बिचको कुराकानी नै संवाद हो । पात्र-पात्राका बिच आ-आफ्ना विचार, भावना र मनोरागहरूलाई व्यक्त गर्नका लागि हुने वार्तालापलाई संवाद भनिन्छ (उपाध्याय, २०४९: १७१-१७२) । पात्रका अन्तर र बाह्य दुवै जगत्का जटिलताहरू, कुण्ठा र वितृष्णाहरू, आकर्षण र उत्साहका प्रसङ्गहरू उपन्यासका संवादबाटै व्यक्त हुँदै जान्छन् । उपन्यास वर्णनप्रधान हुने हुनाले संवाद अनिवार्य नै नभए पनि उपन्यासमा नवीनता, रोचकतता र कौतूहलपूर्ण वातावरणको सिर्जना गर्न संवादको महत्त्वपूर्ण भूमिका हुन्छ उपन्यासकारले मात्र एकोहोरो वर्णन गरिरहँदा उपन्यास विरसिलो बन्न जान्छ । कतिपय ठाउँमा उपन्यासकारले गरेको वर्णनभन्दा स्वयम् पात्रहरू अगाडि सरी संवाद गरेका खण्डमा उपन्यास स्वाभाविक र आकर्षक बन्दछ । उपन्यासकारको शैल्पिक कौशल संवादमा जाँच्न सकिन्छ । त्यसकारण संवादलाई आकर्षक बनाउन लेखकले सावधानी र सतर्कताको पालना गर्नुपर्छ । संवादलाई रोचक र कौतूहलपूर्ण बनाउनका लागि सङ्क्षिप्तता, सहजता, सार्थकता, परिमितताको उपयोग हुनुपर्दछ (उपाध्याय, २०४९ : १७१-१७२) । पात्रहरूको मानसिक, बौद्धिक र सामाजिक स्तर अनुकूल र देशकाल परिस्थिति सुहाउँदो पारेर मात्रै संवादको प्रयोग गर्नुपर्छ । पात्रको स्वाभाविक स्तरलाई ध्यान दिन सकिएन भने उपन्यास विरसिलो बन्न जान्छ । यसर्थ उपन्यासमा रोचकता र सौन्दर्य अभिवृद्धिका लागि पात्रानुकूल सरल एवम् स्तरीय संवाद आवश्यक हुन्छ ।

### २.४.५ दृष्टिबिन्दु

दृष्टिबिन्दुलाई उपन्यासको एउटा महत्त्वपूर्ण तत्त्वकै रूपमा लिएको पाइन्छ । उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो (बराल र एटम, २०५६ : ३८) । उपन्यासकारले कथावाचन गर्न कुनै एक स्थानलाई चयन गरी पात्रका कार्यव्यापार र घटनाहरूलाई पाठकसामु प्रस्तुत गरेको हुन्छ । कतै उपन्यासकार स्वयम् पात्रको रूपमा रहेर बोलिरहेको हुन्छ भने कतै बाहिर रहेर तटस्थ रूपमा उपन्यासका घटना र कार्यव्यापारलाई वर्णन तथा टिप्पणी गर्ने काम गरेको हुन्छ । यसरी हेर्दा उपन्यासकारले कुनै पात्रका माध्यमद्वारा वा स्वयम् पनि आख्यान प्रस्तुत गर्दछ । सरसर्ती हेर्दा दृष्टिबिन्दु कथा प्रस्तुत गर्ने तरिका नै हो तर दृष्टिबिन्दु यतिमा मात्र सीमित विषय भने होइन । यो त पात्रका मनका अनुभूति, भाव, संवेग, चिन्तन आदिलाई प्रकट गर्ने आन्तरिक प्रक्रियासँग नै मूलतः सम्बद्ध छ । कथा जुनसुकै तरिकाबाट भनियोस् तर पात्रहरूको मानसिक अनुहारलाई उपन्यासकारले छर्लङ्ग पार्न सक्नुपर्छ । लेखक र पाठकबिचको सम्बन्ध सूत्र नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दु उपन्यासकारको क्षमता जाँच्ने कसी पनि हो । पात्रको निजी मानसिक  बौद्धिक अवस्थालाई ध्यानमा राखी कुनै क्षणविशेषमा त्यस पात्रले अनुभूत गर्ने कुरा, मनका प्रतिक्रिया, विचारक्षमताको सीमा आदि उपन्यासमा पात्रको माध्यमबाट व्यक्त गर्ने क्षमता उपन्यासकारमा हुनुपर्छ । त्यसैले दृष्टिबिन्दु भनेको पात्रको मनचित्रको डुबुल्की लगाइ हो (श्रेष्ठ, २०६० : ११) ।

दृष्टिबिन्दु मूल रूपमा दुई प्रकारको हुन्छ - आन्तरिक र बाह्य  । आन्तरिक पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । आन्तरिक दृष्टिबिन्दुमा उपन्यासकार आफैँ पात्रका रूपमा रहन्छ र 'म' मार्फत् कथा वाचन गर्दछ । केन्द्रीय दृष्टिबिन्दुबाट कथित कथामा मुख्य पात्र 'म' को आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ हुन्छ । परिधीय दृष्टिबिन्दुमा चाहिँ 'म' पात्र त रहन्छ तर उसको स्थान गौण रहन्छ, त्यो केवल मुख्य पात्रलाई प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

बाह्य  दृष्टिबिन्दुमा उपन्यासकार स्वयम् पात्र, परिवेश र वातावरणको समाख्याता बनेर 'ऊ' 'त्यो' वा कुनै व्यक्तिको नामबाट उपन्यासको कथा भन्दछ । बाह्य  दृष्टिबिन्दु पनि दुई प्रकारको हुन्छ- सर्वज्ञ र सीमित । सर्वज्ञ दृष्टिबिन्दुमा समाख्याताले पात्र र घटनाका कुराहरूलाई वर्णन गर्दा सर्वज्ञझैँ बनेर सबै कुरा आफ्नै नियन्त्रणमा लिएको हुन्छ ।

समाख्याता सबै पात्रको मनभित्र स्वतन्त्र रूपले चिनाउने गर्दछ । सीमित दृष्टिबिन्दुमा कथायिताले केवल एकमात्र पात्रको मानसिक संसारको विचरण गरेको हुन्छ । कथावाचन गर्दा उसले आफूलाई उपन्यासको कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुकाउँछ र कुनै सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा गरेको हुन्छ (बराल र एटम, २०५६ : ३८-३९) ।

कुनै-कुनै उपन्यासमा प्रथम तथा तृतीय पुरुष मिसिएको मिश्रित दृष्टिबिन्दु प्रयोग पनि गरिएको पाइन्छ । आजकालका नवीन शैलीका उपन्यासहरूमा त मिश्रित दृष्टिबिन्दुको प्रयोग गर्ने क्रम बढ्दै गइरहेको देखिन्छ । द्वितीय पुरुष दृष्टिबिन्दु प्रयोग भएका उपन्यासहरू पनि आजकाल देख्न सकिन्छ । आख्यानमा द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोग नवीन धारणा भए पनि केही उपन्यासहरूमा यस खालको दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । द्वितीय पुरुष दृष्टिबिन्दु भएको उपन्यासमा उपन्यासकार पाठकका बिच सीधा सम्बन्ध रहेको हुन्छ । उपन्यासकारले पाठकसँग प्रत्यक्ष कुराकानी गरेजस्तै गरी कथा अगाडि बढाएको हुन्छ । उपन्यासकारले पाठकलाई प्रत्यक्ष सम्बोधन गरी कथासँगै पाठकलाई अगाडि बढाउँछ । परन्तु द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोगसम्बन्धी अवधारणा नवीन भएकाले यस किसिमको प्रयोग एकाध उपन्यासमा मात्रै भएको देखिन्छ ।

### २.४.६ भाषाशैली

भाषा र शैली दुई शब्दको समस्त रूप नै भाषाशैली हो । साहित्यमा भाषा एक अभिन्न अङ्गका रूपमा रहेको हुन्छ । भाषा नै भाव अभिव्यक्तिको प्रमुख माध्यम हो । यसलाई मानिसले आ-आफ्नो रुचि, ढङ्ग वा ढाँचाअनुसार व्यक्त गर्दछ । यसरी भाषाका माध्यमबाट विभिन्न किसिमका भाव तथा विचारहरूलाई जीवन्त रूपमा अभिव्यक्त गर्ने ढङ्ग वा विधि नै शैली हो (थापा, २०५० : १४२) । प्रत्येक लेखकले आ-आफ्नो कला र सीपले अभिव्यक्तिका लागि भाषालाई सिँगार्छ । भाषाको त्यो शृङ्गार अर्थात् अभिव्यक्ति प्रणालीको समष्टि रूप नै शैली हो (प्रधान, २०६१ : ८८) । यसरी हेर्दा भाषा भाव अभिव्यक्तिको माध्यम हो भने शैली प्रस्तुतिको तरिका हो ।

उपन्यास साहित्यको गद्य विधा भएकाले उपन्यासमा सरल र स्वाभाविक गद्यको प्रयोग हुनु बाञ्छनीय छ । तर साहित्यिक विधा भएकाले उपन्यासको भाषा पनि विचलनयुक्त हुन्छ जसबाट अभिव्यञ्जनाका नयाँ कुराहरू प्राप्त हुन्छन् (बराल र एटम,

२०५६ : ४१) । यस्तो भएता पनि कविता काव्यका जस्तो अत्यधिक विचलन भने उपन्यासमा हुँदैन । कविताकाव्यका तुलनामा उपन्यासको भाषा सहज र स्वाभाविक हुन्छ । सहज र स्वाभाविक बनाउने सिलसिलामा लोकोक्ति, उखान, टुक्का, उपमा आदिको प्रयोग पनि गरिएको हुन्छ । वर्णित विषय र पात्रको स्थितिलाई ध्यानमा राखेर भाषाका विविध रूपको पनि प्रयोग उपन्यासमा गरिन्छ । विषयवस्तु र पात्रको स्तरअनुकुलको भाषाको प्रयोग हुनु जरुरी छ अन्यथा उपन्यास सहजताबाट कृत्रिमतातिर ढल्कँदै जान्छ । उपन्यासकारले भाषालाई नयाँ र मौलिक ढङ्गले प्रयोग गर्दछ । भाषाको त्यही मौलिकत्व नै उपन्यासकारको प्रस्तुतिको शैली हो । गद्य भाषा भए पनि आलङ्कारिक र काव्यात्मक बनाउनु उपन्यासकारको निजी शैली हो । उपन्यासकारले भाषाशैलीमा आफ्नो निजी छाप छोड्न सक्नुपर्दछ । कथावस्तुलाई रोचक र यथार्थ बनाउन उपन्यासकारले पात्रको स्तरअनुसारको भाषा प्रयोग गर्न सक्छ अनि आवश्यकताअनुसार व्यास, समास गुम्फित, सरल आदि शैलीहरू अपनाएर आफ्नो निजत्त्व प्रस्तुत गर्दछ । यी बाहेक वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक, नाटकीय, पत्रात्मक, डायरी तथा चेतनाप्रवाह शैली प्रयोग उपन्यासकारले गर्न सक्दछ । यसरी हेर्दा उपन्यासका लागि भाषा शैली एक अर्काका पूरक र अनिवार्य तत्त्व हुन् भन्न सकिन्छ ।

### २.४.७ उद्देश्य

कुनै पनि कार्य उद्देश्य प्राप्तिमै लक्षित हुन्छ । उद्देश्यहीन कार्य निरर्थक साबित हुन्छ । अतः उपन्यास पनि कुनै निश्चित उद्देश्य प्राप्तिका लागि नै लेखिन्छ । लेखकको जीवनदर्शन के हो त्यो पनि उद्देश्यबाट नै स्पष्ट हुन्छ । उपन्यासमा समाविष्ट रहने केन्द्रीय वा सारभूत अंशलाई उद्देश्य भनिन्छ । खासगरी कथानकको अन्तिम परिणतिलाई नै औपन्यासिक उद्देश्य मान्न सकिन्छ । उपन्यासकारले कृतिका माध्यमबाट जीवनबारे आफ्नो धाराणा राखेको हुन्छ; पाठकलाई कुनै सन्देश दिन चाहेको हुन्छ । उपन्यासकारले आफ्नो उपन्यासमा जीवनजगत्का यावत् पक्षहरूलाई यथार्थ ढङ्गमा प्रस्तुत गरेको हुन्छ । यसलाई नै उपन्यास सिर्जनाको प्रमुख उद्देश्य मान्ने गरिन्छ । उपन्यास खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनमा विभिन्न विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णन मात्र नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोण

नै प्रकट गरिरहेका हुन्छन् (प्रधान, २०६१ : ११) । त्यसैले रचयिताको कृतिगत जीवनदर्शन नै उपन्यासको मूल प्रतिपाद्य हो; त्यसैलाई उपन्यासको उद्देश्य भनिन्छ ।

उपन्यासकारले औपन्यासिक उद्देश्य प्रस्तुत गर्दा कलात्मक र अप्रत्यक्ष किसिमले व्यक्त गर्नुपर्दछ । उपन्यासकारका विचार र उद्देश्यहरू, व्याख्यान, प्रवचन, भाषण र ठाडो अर्ति उपदेश एवम् नाराका रूपमा नआई स्वभाविक रूपमा अप्रत्यक्ष रूपले आएको हुनुपर्दछ । उद्देश्य उपन्यासमा जति आवश्यक छ त्यति नै त्यो कलात्मक र अप्रत्यक्ष रूपमा रहनु आवश्यक छ । त्यसैले उपन्यासकारले विचार, औपन्यासिक उद्देश्य वा सारवस्तु प्रस्तुत गर्दा निकै सजग र सतर्क रहनुपर्दछ । अन्यथा त्यो उपन्यास नबनी कुनै अन्य व्याख्या, प्रवचन, भाषण वा घोषणापत्र बन्न सक्ने सम्भावना रहन्छ (पोखरेल, २०४० : १८६) ।

## २.५ उपन्यासको वर्गीकरण

उपन्यासलाई विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ । विभिन्न विद्वान्हरूले आ–आफ्नै तरिकाले वर्गीकरण गरेका भए पनि वर्गीकरणको आधार भने प्रायः समान नै देखिन्छ । कथानक, शैली, विषयवस्तु, आयाम, कथानकको अन्त्य, धारा वा प्रवृत्तिलाई उपन्यासको आधार मानिएको छ । कथानकका आधारमा उपन्यासलाई घटनाप्रधान, चरित्रप्रधान, चित्रात्मक, नाटकीय गरी चार प्रकारमा विभाजन गर्न सकिन्छ । शैलीका आधारमा उपन्यासलाई वर्णनात्मक, आत्मकथात्मक, पत्रात्मक, डायरी, र चेतनाप्रवाह गरी पाँच प्रकारमा वर्गीकरण गर्न सकिन्छ । विषयवस्तुका आधारमा उपन्यासलाई साहसिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, राजनीतिक, आञ्चलिक, वैचारिक गरी आठ प्रकारमा विभाजन गर्न सकिन्छ । आयामका आधारमा उपन्यासलाई लघु र बृहत् गरी दुई किसिममा विभाजन गर्न सकिन्छ । कथानकका अन्त्यका आधारमा उपन्यासलाई सुखान्त र दुःखान्त गरी दुई किसिमले विभाजन गर्न सकिन्छ । धारा वा प्रवृत्तिका आधारमा भने आदर्शवादी, स्वच्छन्दतावादी, यथार्थवादी, प्रगतिवादी, मनोविश्लेषणवादी, विसङ्गतिवादी, अस्तित्ववादी, अतियथार्थवादी, प्रकृतवादी, प्रयोगवादी, मिथकीय र नारीवादी गरी बाह्र प्रकारमा वर्गीकरण गर्न सकिन्छ । यसरी यी माथिका सबै वर्गीकरणलाई छुट्टाछुट्टै तल प्रस्तुत गरिएको छ :

### २.५.१ कथानकका आधारमा

कथानकको योजना र प्रधानताकाका आधारमा उपन्यास चार प्रकारका हुन्छन् ।

**क) घटनाप्रधान उपन्यास**

घटना प्रधान उपन्यासमा घटनाको वर्णनलाई प्रधानता दिइएको हुन्छ (बराल र एटम् २०६६: ५२) । घटना अनुसार श्रृङ्खलित एवम् विस्तारमा नै पाठकीय कुतूहल र मनोरञ्जन प्राप्त हुने यस्ता उपन्यासमा आकस्मिकताको अत्याधिक प्रयोग हुन्छ ।

**ख) चरित्रप्रधान उपन्यास**

घटनाहरूको सङ्गठनमा चरित्रको स्थान महत्त्वपूर्ण भएमा उपन्यास चरित्र प्रधान हुन्छन् । यसमा कथानक र कार्यव्यापारले चरित्रलाई उद्घाटन गरेका हुन्छन् । (बराल र एटम २०६६ : ५३) । चरित्रको प्रबलता हुने हुँदा यसमा चरित्रको मानसिकताको विश्लेषणमा महत्त्व दिइएको हुन्छ ।

**ग) चित्रात्मक उपन्यास**

चित्रात्मक उपन्यासमा कतै घटनाले चरित्रलाई डोऱ्याउने र कतै चरित्रले घटनालाई आफ्नो नियन्त्रणमा लिने हुन्छ । यस्ता उपन्यासमा घटना र चरित्रलाई उत्तिकै महत्त्व प्राप्त हुने हुँदा यस्ता उपन्यासलाई मिश्रित उपन्यास पनि भनिन्छ (बराल र एटम २०६६ : ५३) । यस्तो उपन्यासको चरित्र घुम्दै हिँड्ने स्वभावको हुन्छ ।

**घ) नाटकीय उपन्यास**

घटना र चरित्र एकअर्कामा निर्भर रहने यस्तो उपन्यासमा घटनाले चरित्रलाई विकसित गरेको हुन्छ भने चरित्रले पनि घटनालाई अघि बढाएको हुन्छ (बराल र एटम २०६६ : ५३) । यस्तो उपन्यासमा संवादका माध्यमबाट कथानकले गति पाएको हुन्छ र नाटकीयता उपस्थिति हुन्छ ।

### २.५.२ शैलीका आधारमा

प्रस्तुतीकरणको शैलीका आधारमा उपन्यासलाई पाँच प्रकारमा बाँड्न सकिन्छ :

**क) वर्णनात्मक उपन्यास**

वर्णनात्मक उपन्यासमा उपन्यासकार स्वयम्ले घटना, पात्र, देशकाल-वातावरण आदिको वर्णन एवम् विश्लेषण गर्दछ (बराल र एटम २०६६ : ५३) । तुतीय पुरुष दृष्टिबिन्दु रहने हुनाले यस्तो उपन्यासमा पात्रका बानी, विचार र स्वरूपको सीधा र प्रत्यक्ष वर्णन हुन्छ ।

**ख) आत्मकथात्मक उपन्यास**

यस्ता खालका उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएका हुन्छन् । यसमा पात्रले घटनाहरू आत्मकथा कै रूपमा प्रस्तुत गरेको हुन्छ र यसले आत्मसंस्मरणकै अभिव्यक्ति प्रकट गर्दछ (बराल र एटम २०६६ : ५३-५४) । यस्तो उपन्यासमा घटनाहरूको बाहुल्य भन्दा चरित्र उद्घाटनमा जोड दिइएको हुन्छ ।

**ग) पत्रात्मक उपन्यास**

पत्रात्मक उपन्यासमा सम्पूर्ण औपन्यासिक घटना, कार्यव्यापार र चरित्र पत्रकै आधारमा निर्धारण हुन्छ । पत्र लेखक नै मूल नायकका रूपमा देखापर्दछ र अन्य पात्रहरू असीमित हुन सक्छन् (बराल र एटम २०६६ : ५४) । पत्रद्वारा नै अघि बढ्ने यस्ता उपन्यासमा व्यक्तिगत अन्तर्दृष्टि र नाटकीय प्रभावकारिता हुन्छ । यसमा पात्रको वैयक्तिक भावनाको स्वतन्त्र अभिव्यक्ति हुन्छ र पात्रहरू उपन्यासकारको कुशलतामा मूर्त भएर देखिन्छन् ।

**घ) डायरी उपन्यास**

दैनिक जीवनका घटनालाई सम्झनाका लागि डायरीमा टिपेर राखिएको लेखनलाई डायरी (दैनिकी) भनिन्छ । यही दैनिकीमा आधारित भएर लेखिएका उपन्यासलाई डायरी उपन्यास भनिन्छ (बराल र एटम २०६६ : ५४) । यसमा मूलतः एउटै पात्रको डायरी लेखिने

हुँदा पात्रसङ्ख्या कम हुन्छ । मनोवैज्ञानिक उपन्यासमा डायरी शैलीको प्रयोग खास गरी पात्रको भावग्रन्थिको विश्लेषण तथा मानसिक जटिलताको समाधान गर्नमा गरिन्छ । नेपालीमा यस्तो परम्परा त्यति स्थापित नभए तापनि पारिजातको **अन्तर्मुखीमा** यसको आंशिक प्रयोग छ ।

**ङ) चेतनाप्रवाह शैलीका उपन्यास**

व्यक्तिको चेतनामा समयको प्रवाह निरन्तर भइसकेको हुन्छ । व्यक्तिको जीवनको भूत, वर्तमान र भविष्य उसको स्मृति र सम्झना शक्तिका माध्यमबाट व्यक्त गर्न सकिन्छ किनभने व्यक्तित्त्व भन्नु नै व्यक्तिको सम्झनाहरूको योग हो । यही सिद्धान्तमा आधारित भएर चेतनाप्रवाह शैलीमा पात्रका असङ्गत कल्पना र चेतनाको सीधा प्रयोगद्वारा उसको स्वभावको विश्लेषण गरिन्छ । आत्मलापद्वारा व्यक्तिको आन्तरिक जीवनको पाटो थाहा पाइन्छ । संवेदनाको प्रवाहमा तार्किक अनुक्रमको सम्भावना नभए पनि चेतनाको प्रवाहमा देखिएर पात्रको व्यक्तित्त्वको सही प्रदर्शन गर्न सकिन्छ । जुन अन्य संवाद वा विधिमा सम्भव हुँदैन (बराल र एटम २०६६ : ५४) । स्वतन्त्र अवस्थामा रहँदा हाम्रो चिन्तनको कुनै गोरेटो हुँदैन, तर्क हुँदैन भन्ने आधारमा चेतनाप्रवाह शैलीको प्रयोग भएको हुन्छ ।

### २.५.३ विषयवस्तुका आधारमा

विषयवस्तुका आधारमा उपन्यासलाई आठ प्रकारमा विभाजन गरिएको छ :

**क) साहसिक उपन्यास**

साहसिक उपन्यास रहस्य, रोमाञ्च, चमत्कार, साहसिक यात्रा, रहस्यको गाँठो फुकाउने तिलस्मी प्रवृत्ति एवम् नायक एवं खलनायकका पक्षहरूबिच लडाइँ हुने ऐयारी प्रवृत्तिका हुन्छन् । यस्ता उपन्यास घटना प्रधान हुन्छन् र यिनमा मानवीय पात्रहरूले पनि असम्भव कार्यहरू गर्दछन् (बराल, एटम २०६६ : ४८-४९) । यस्ता उपन्यासले यथार्थको चित्रण नगरी अतिमानवीय, श्रृङ्गारिक आदि वर्णन गरेर पाठकलाई मनोरञ्जन दिन खोजेका हुन्छन् ।

**ख) ऐतिहासिक उपन्यास**

इतिहासका घटना, चरित्र अनि परिवेशलाई प्राथमिकतामा राखिएका उपन्यासहरू ऐतिहासिक उपन्यास हुन् । इतिहासको घटना र व्यक्तिको चरित्रको पुनर्निर्माण गरी तिनको जीवनबारे उपन्यासकारले प्रकाश पारेको उपन्यास यस अन्तर्गत पर्दछ (बराल र एटम २०६६ : ४९) । यसमा इतिहासको कुनै महत्त्वपूर्ण युग, घटना, साहसिक वीर पुरुषको चरित्रचित्रणका साथै सोही अनुसारको देशकाल र वातावरणको सिर्जना गरिन्छ ।

**ग) सांस्कृतिक उपन्यास**

कुनै समयको संस्कृति देखाउने उद्देश्यले लेखिएको उपन्यासलाई सांस्कृतिक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा संस्कार, परम्परा, रीतिरिवाज, रहनसहन आदिको विस्तृत व्याख्या गरिएको हुन्छ (बराल र एटम २०६६ : ४९) । मदनमणि दीक्षितको **माधवी** उपन्यासले उत्तरवैद्धिक समाजको संस्कारको चित्रण गरेकाले यो उपन्यास सांस्कृतिक उपन्यासको कोटीभित्र परेको छ ।

**घ) सामाजिक उपन्यास**

समाजमा उपस्थित वर्ग, व्यवहार आदिको विभिन्न अवस्थालाई विषयवस्तु बनाएर सामाजिक उपन्यासको रचना गरिन्छ । यस्तो उपन्यासमा कुनै समयको समाजको आर्थिक स्थिति र सामाजिक अवस्थाको चित्रण गरिन्छ (बराल र एटम २०६६ : ५०) । यस्ता उपन्यासमा व्यक्ति, परिवार तथा सामाजिक समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्ने, सामाजिक आदर्शका रूपमा चित्रण गर्ने, मानवीय कोमल भावनाको प्रस्तुति दिने, नैतिक शिक्षा दिने जस्ता उद्देश्य रहेका देखिन्छन् ।

**ङ) मनोवैज्ञानिक उपन्यास**

व्यक्तिमनका आन्तरिक यथार्थ उद्घाटन गर्ने उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ । मानसिक विश्लेषणबाट व्यक्तिको आन्तरिक अवस्था खोतल्न यस्ता उपन्यासमा मनोविकृतिको चित्रण र त्यसको कारण प्रस्तुत गरिएको हुन्छ (बराल र एटम २०६६ :५०) । कुनै कारणले टुट्न गएको अहम् विभिन्न परिस्थितिबाट विकृत भएको मानसिकता, अतृप्त

चाहनाहरूले जन्माएका कुण्ठा, नैराश्य, असामान्य स्थिति र विभिन्न ग्रन्थिहरूको विश्लेषण यस्ता उपन्यासमा गरिएको हुन्छ ।

### च) राजनीतिक उपन्यास

राजनीतिक उपन्यासको विषयवस्तु सामाजिक राजनीतिक र त्यसबाट उत्पन्न स्थिति हुन्छ । कुनै निश्चित राजनीतिक चरित्र, घटना, आन्दोलन, द्वन्द्व, घात प्रतिघात आदि विषयको प्रस्तुति यस्तो उपन्यासमा हुन्छ (बराल, र एटम २०६६ : ५०) । राजनीतिक घटना नै कालान्तरमा इतिहास बन्ने हुँदा ऐतिहासिक र राजनीतिक उपन्यासको अन्तरसम्बन्ध हुन्छ ।

### छ) आञ्चलिक उपन्यास

आञ्चलिक उपन्यासले स्थानीय रङ्ग विवरणलाई विशेष महत्त्व दिएर चर्चा गर्दछ (बराल र एटम २०६६ : ५१) । वर्णित स्थानको भू-बनौट एवम् सम्पूर्ण व्यवहारको केन्द्रीकृत रूपमा स्थापना गर्नु आञ्चलिक उपन्यासको उद्देश्य हो । यस्ता उपन्यासहरू कथानक वा पात्रको नभई परिवेश प्रधानतामा रचिएका हुन्छन् ।

### ज) वैचारिक उपन्यास

यस प्रकारका उपन्यासमा कुनै गम्भीर चिन्तन, दर्शन वा विचारधारा प्रस्तुत गर्ने उद्देश्य राखिएको हुन्छ (बराल र एटम २०६६ : ५१) । पाश्चात्य मुलुकहरूमा देखापरेका विभिन्न वाद र सिद्धान्तले साहित्यलाई अत्याधिक प्रभाव पारेपछि यस्ता उपन्यास सिर्जना भएका हुन् ।

### २.५.४ आयामका आधारमा

आयामका आधारमा उपन्यासलाई लघु र बृहत् गरी दुईभागमा छुट्याउन सकिन्छ । लघु उपन्यासमा सामान्यतः पूर्ण जीवनको चित्रण नभई केही खण्ड मात्र प्रस्तुत गरिएको हुन्छ । विस्तृत घटनालाई सानो र सानो घटनालाई विस्तृत गर्ने कार्य पनि यस्ता उपन्यासमा गरिन्छ । लीलबहादुर क्षेत्रीको **बसाइँ**, भवानी भिक्षुको **सुभद्रा बज्यै** जस्ता उपन्यास लघु उपन्यासहरू हुन् (बराल र एटम २०६६: ६३) । त्यस्तै बृहत् उपन्यासमा

जीवनका विविध पक्षहरू प्रयोग भएका हुन्छन् । यस्ता उपन्यासमा अनेक सहायक कथा, चरित्रका साथै अनेकौँ स्थानको चित्रण पनि हुन्छ । बृहत् आकारमा लेखिने हुनाले यस्ता उपन्यासमा समयको पटक्कै हद हुँदैन ।

### २.५.५ कथानकको अन्त्यका आधारमा

कथानकको अन्त्यका आधारमा उपन्यासलाई सुखान्त र दुःखान्त गरी दुई भागमा छुट्याउन सकिन्छ । सुखान्त उपन्यासमा उपन्यासको सत् प्रवृत्तिको मुख्य चरित्रको विजय भएर समाप्त हुनुपर्दछ । यसैगरी यस प्रकारका उपन्यासमा उपन्यास पढ्ने पाठकलाई हर्ष दिने खालको अन्त्यको निर्माण गरिएको हुन्छ । त्यस्तै यसको ठिक विपरित दुःखान्त उपन्यासमा उपन्यासको मुख्य चरित्रको रूपमा रहेको सत् प्रवृत्तिको चरित्रको पराजय भई अन्त्य भएमा ती उपन्यास दुःखान्त उपन्यास बन्न पुग्दछन् । जगदीश घिमिरेको **सकस** जस्ता उपन्यास दुःखान्त उपन्यास हुन् ।

### २.५.६ धारा वा प्रवृत्तिका आधारमा

धारा वा प्रवृत्तिका आधारमा उपन्यास बाह्र प्रकारका हुन्छन् ।

**(क) आदर्शवादी उपन्यास**

जुन उपन्यास जीवनलाई उर्ध्वमुखी बनाउने, चारित्रिक नैतिक सुधार गर्ने, मान्छेलाई असल मार्गमा लगाउने, आत्मविश्वास र सङ्कल्पद्वारा लक्ष्यमा प्रवृत हुने जस्ता सद्विचार धाराबाट तयार गरिन्छ त्यसलाई आदर्शवादी उपन्यास भनिन्छ (न्यौपाने, २०५९ : २२९) । आदर्शवादी उपन्यासमा सामाजिक कथावस्तु भए पनि काल्पनिक आदर्शको बढी व्याख्या गरिएको हुन्छ । अनुकरणीय चरित्रको सिर्जना एवम् सत्को विजय र असत्को कुभलो वा पराजय आदर्शवादी उपन्यासमा देखाइन्छ । समाजलाई दैवी नियतिमा निर्भर राख्नु यस्ता उपन्यासको विशेषता हो । जे-जस्तो छ त्यो यथार्थ हो भने जे-जस्तो हुनुपर्छ त्यो आदर्श हो । यही मान्यतामा आधारित भएर लेखिएका उपन्यासहरू नै आदर्शवादी उपन्यास हुन् ।

**(ख) स्वच्छन्दतावादी उपन्यास**

यथार्थको बन्धनलाई भाँची स्वच्छन्द जीवनको वकालत गरेर लेखिएका उपन्यासलाई स्वच्छन्दतावादी उपन्यास भनिन्छ (बराल र एटम, २०५३ : ५८) । कथ्यको वस्तुपक्षलाई

बेवास्ता गर्दै भावपक्ष अर्थात् वैयक्तिक वस्तुपक्षमाथि ज्यादा जोड यस्ता उपन्यासमा पाइन्छ । स्वतन्त्रताको चाहना, बन्धनमुक्त समाजको कल्पना, उन्मुक्त प्रेमको चित्रण, सहज र स्वच्छन्द ढङ्गले प्राकृतिक सौन्दर्यको वर्णन एवम् रहस्यवादिता स्वच्छन्दतावादी उपन्यासका विशेषता हुन् । सहज भाषा र आलङ्कारिक शैलीको प्रयोग यस्ता उपन्यासमा हुने गर्छ ।

**(ग) यथार्थवादी उपन्यास**

संसारमा जुन वस्तु जे-जस्तो छ; त्यसलाई त्यस्तै रूपमा अलिकति पनि तलमाथि नपारीकन साहित्यमा अभिव्यक्ति दिने साहित्य सिद्धान्तविशेष नै थथार्थवाद हो (श्रेष्ठ, २०५८ : १८३) । आदर्शवादी कोरा आदर्श र स्वच्छन्दतावादी भावुकता र काल्पनिकताको विरुद्ध आएको धारा हो यथार्थवाद । स्वच्छन्दतावादी आत्मपरकताभन्दा विपरीत वस्तुवाद भन्नु नै यथार्थवाद हो । जीवन जस्तो छ, त्यस्तै रूपमा जीवनजगत्को प्रतिच्छाया उतार्ने उपन्यासलाई यथार्थवादी उपन्यास भनिन्छ । जीवनका समस्त कटुसत्यको र गुणदोषको निर्भीक उद्घाटन यस्ता उपन्यासमा गरिन्छ । समाजमा घटेका र घट्ने यथार्थ घटनाको चित्रणमा जोड, महत्त्वहीन ठानिएका घटना, पात्र, स्थान आदिको सूक्ष्म प्रस्तुति र व्याख्या विश्लेषण, समाजको ऐनाले जस्तै हुबहु प्रस्तुति, काव्यात्मक भाषालाई अस्वीकार आदि कुराहरू यथार्थवादी उपन्यासका अनिवार्य शर्त हुन् ।

**(घ) प्रगतिवादी उपन्यास**

मार्क्सवादका आधारभूत सिद्धान्त र द्वन्द्वात्मक भौतिकवादलाई आधार मानी लेखिएको उपन्यास प्रगतिवादी उपन्यास हो । जुन उपन्यासले प्रचलित सङ्कुचित सामाजिक मर्यादा, रीतिस्थिति परम्परा र तत्जन्य कुरीतिहरूको भण्डाफोर गर्दै सन्तुलित अर्थव्यवस्था, हरेक क्षेत्रमा समानता, वर्गहीनताजस्ता मार्क्सवादका आधारभूत सिद्धान्त प्रस्तुत गर्दछ; त्यस्ता उपन्यासलाई प्रगतिवादी उपन्यास भनिन्छ (न्यौपाने, २०५९ : २३०) । यस्ता उपन्यासमा पूँजीलाई सामाजिक सङ्घर्षको मूल कारण मान्दै श्रमिकलाई नायकत्व प्रदान गरिएको हुन्छ (बराल र एटम, २०५६ : ५८०) । शोषण र दमनका बिरुद्ध सर्वहारा वर्गको पक्षपोषण गर्दै वर्गद्वन्द्वको लागि तयार रहन सन्देश दिनु, कल्पनाभन्दा यथार्थतामा जोड दिनु, कुरीति धर्मका

द्वाङ र जातीय भेदभावको सशक्त विरोध गर्नु, काव्यात्मक भाषामा विश्वास नगरी स्थानीय सुबोध्य भाषाको प्रयोग गर्नु प्रगतिवादी उपन्यासका मूलभूत प्रवृत्ति हुन् ।

### (ङ) मनोविश्लेषणवादी उपन्यास

मनोविज्ञानका सिद्धान्तमा आधारित भएर लेखिएका उपन्यास नै मनोविश्लेषणवादी उपन्यास हुन् । यस्ता उपन्यासमा मानिसको मनको अध्ययन र विश्लेषण गरिएको हुन्छ । अचेतन मनले चेतन मनमा पारेका प्रभाव र त्यसबाट उद्घाटित् हुने अनेकौँ समस्याको प्रस्तुति यसमा पाइन्छ । मानिसका मनका हीनता, कुण्ठा, अतृप्त र असन्तुष्टिबाट उत्पन्न हुने विविध भावनाहरूलाई केलाउनु यस्ता उपन्यासको मुख्य लक्ष्य हुन्छ (उपाध्याय, २०४९ : १८८) । वस्तुजगत्लाई अस्वीकार एवम् मनोजगत्को चित्रण यस्ता उपन्यासमा हुने गर्छ । यस्ता उपन्यासमा आख्यानलाई भन्दा चरित्रचित्रणमा बढी जोड दिइएको हुन्छ भने बिम्ब र प्रतीकको अत्याधिक प्रयोग पनि गरिएको हुन्छ । पात्रहरू पनि वर्गगत नभई व्यक्तिगत हुन्छन् साथै कथावस्तुको कार्यकारण शृङ्खला पनि त्यति मिलेको हुँदैन । सामान्यतया यसखाले उपन्यासमा सुसङ्घटित कथावस्तुको अभाव, सङ्ख्यात्मक रूपमा पात्रहरूको न्यूनता, अधिक वार्तालाप, वर्णनात्मकताभन्दा नाटकीयताको प्रगति तथा पाठकको प्रतिक्रिया जुन अन्य उपन्यासका पाठकभन्दा भिन्न हुन्छ (वर्मा, २०२० : १३१) । घटनाको प्रस्तुतीकरणभन्दा बढी चारित्रिक विशेषताको उद्घाटन गर्ने यस खालका उपन्यासमा खासगरी असामान्य चरित्रलाई प्रस्तुत गरी मानिसका मानसिक कुण्ठालाई देखाउने काम गरिन्छ ।

### (च) विसङ्गतिवादी उपन्यास

जीवनजगत्का कुनै पनि वस्तु, विचार वा क्रियाकलापमा सङ्गति नभएको देख्ने साहित्यिक दृष्टिकोण नै विसङ्गतिवाद हो (पोखरेल र अन्य, २०४० : १२३) । यस वादले समस्त जीवनजगत् नै निरर्थक, निःसार, असङ्गतै असङ्गत वा विसङ्गत कामकुराहरूद्वारा भरिभराऊ भइरहेको देख्दछ । यस्ता असङ्गति र विसङ्गति नै जीवनजगत्को मूल कुरा हो भन्ने मान्यतामा आधारित उपन्यासलाई विसङ्गतिवादी उपन्यास भनिन्छ । मानवीय जीवनका निस्सारता र निरर्थकताको चित्रण एवम् जीवनजगत्का सम्पूर्ण मूल्यहरूप्रति

अनास्था यस्ता उपन्यासमा व्यक्त गरिएको हुन्छ भने स्वेच्छापूर्वक भाषालाई भाँचभुच पारी संरचना, शिल्प र भाषाशैलीमा समेत विसङ्गति देखाइएको हुन्छ ।

### (छ) अस्तित्ववादी उपन्यास

जीवनजगत् सङ्गतिपूर्ण नभई निःसार निरर्थक वा विवश बाध्य छ र सधैँ मृत्युको कालो छायाँबाट सन्त्रस्त छ, त्यसैले आफूमा निहित स्वतन्त्र इच्छाशक्तिको उपयोगद्वारा व्यक्तिले आफ्नो जीवनलाई कुनै खास विशिष्ट मूल्य प्रदान गर्नुपर्दछ भन्ने धाराविशेष नै अस्तित्ववाद हो (श्रेष्ठ, २०६० : २०७) । यस वादको मान्यताअनुसार मानवजाति आफ्नो भाग्यको निर्माता आफू स्वयम् नै हो र आफ्ना कर्मका निम्ति ऊ स्वयम् नै उत्तरदायी हुन्छ । त्यसैले व्यक्ति अस्तित्व बाह्य परिवेशद्वारा निर्देशित नभई व्यक्तिको आफ्नै नियति, कर्मशीलता र सङ्घर्षशीलताद्वारा निर्मित एवम् स्थापित हुन्छ (श्रेष्ठ, २०६० : २०८) । यस्तै मान्यतामा आधारित भई लेखिएको उपन्यासलाई अस्तित्ववादी उपन्यास भनिन्छ । यस्ता उपन्यासमा पूर्वस्थापित धार्मिक, सांस्कृतिक, नैतिक मूल्य मान्यताको घोर भर्त्सना गरी व्यक्ति अस्तित्वलाई सर्वोपरी महत्त्व दिइएको हुन्छ । वैयक्तिकताको प्रधान्य, ईश्वरप्रति अनास्था अनि सामाजिक मूल्य मान्यताप्रति विद्रोह, अस्तित्ववादी उपन्यासको चुरो कुरो हो । विसङ्गतकै माझ पनि अस्मिता वा व्यक्ति सत्ताको सचेत सङ्घर्ष नै अस्तित्ववादी उपन्यासको मूल मर्म हो ।

### (ज) अतियथार्थवादी उपन्यास

इन्द्रीय प्रत्यक्ष बाह्य यथार्थलाई अतिक्रमण गर्दै अवचेतन मनका गूढ र रहस्यहरूको अभिव्यक्तिलाई स्वचालित लेखन प्रणालीका माध्यमद्वारा साहित्यमा प्रस्तुत गर्ने एक सिद्धान्तविशेषको नाम अतियथार्थवाद हो (श्रेष्ठ, २०६० : १९३) । मान्छेका मनका तरङ्गहरू, इच्छाहरू, रुचिहरू कुण्ठित एवम् दमित भए भने त्यसबाट अनेकौँ विकृति उब्जन सक्दछन्; यसर्थ मानव मनमा दबिएका ती तरङ्गहरू स्वच्छन्द रूपले प्रभाहित हुन दिनुपर्छ भन्ने मान्यता यस वादले राख्दछ (पोखरेल, २०४० : ७४) । यस्तै विचार धारामा आधारित भएर लेखिएको उपन्यासलाई अतियथार्थवादी उपन्यास भनिन्छ । मानिसको विवेकलाई भन्दा सपना, तन्द्रा आदि अर्द्धचेतन अवस्थालाई यस्ता उपन्यासमा महत्त्व दिइन्छ । बौद्धिकताको साटो कल्पनालाई महत्त्व, चेतनको साटो अचेतनको प्रस्तुति, प्रचलित

मूल्यमान्यतालाई अस्वीकार, स्वचालित लेखनप्रणालीमा जोड, हीनतर पक्षको चित्रण प्रेमको नग्न भ्रष्ट प्रस्तुति अनि भाषिक क्लिष्टता र दुरुहता जस्ता विशेषताहरू अतियथार्थवादी उपन्यासमा हुने गर्छन् ।

**(झ) प्रकृतवादी उपन्यास**

प्रकृतवादले प्रकृतिलाई नै सर्वोत्तम सत्ता स्वीकार गर्दछ । ईश्वरीय सत्तालाई अस्वीकार गर्दै मान्छेका सम्पूर्ण आचरण र क्रियाकलाप प्रकृतिबाट नै सञ्चालित एवम् नियन्त्रित हुन्छन् भन्ने मान्दछ । प्रकृतिभन्दा भिन्न मान्छेको छुट्टै अस्तित्व छैन, त्यसैले जीवनको यथावत् चित्रण प्रकृतिको सापेक्षतामा हुनुपर्दछ भन्ने मान्यता यस वादको छ (त्रिपाठी, २०३६ : ५८६) । यस मान्यतामा आधारित भएर लेखिएको उपन्यासलाई प्रकृतवादी उपन्यास भनिन्छ । यस वादले मानिस जुन अवस्था जन्मन्छ त्यही नाङ्गो रूपलाई नै वास्तविकता मान्ने भएकाले प्रकृतवादी उपन्यासमा वासना र इच्छाको नग्न एवम् उदण्ड चित्रण गरिन्छ । प्रकृतिवादी उपन्यासमा मान्छेलाई अलि विकसित तर आवेगमय प्राणीका रूपमा चित्रण गरिन्छ अनि जति नै वीभत्स, विकृत वा अश्लील भए पनि नीति, आदर्शका विरुद्ध ठोस यथार्थ प्रतुत गरिन्छ । मान्छेका सहज प्रवृतिको, पाशविक पक्षको, उद्धाम वासनाको र प्रचण्ड क्रोधको चित्रण विनासङ्कोच गर्ने गरिन्छ । मानिसका स्वाभाविक मनोवृत्ति र नैसर्गिक व्यवहारहरूको यथातथ्यात्मक चित्र प्रस्तुत गर्नु प्रकृतवादी उपन्यासको विशेषता हो ।

**(ञ) प्रयोगवादी उपन्यास**

पहिलेदेखि चलिआएका कलात्मक वा साहित्यिक परम्परालाई प्रयोगात्मक रूपमा परीक्षण गरेर त्यसमा रहेका अनावश्यक तथा निरर्थक कुराहरूको विरोध गर्दै वा त्यस्ता कुराहरूलाई हटाउँदै नयाँ किसिमको प्रयोग गर्नुपर्छ भन्ने एक किसिमको मान्यता प्रयोगवाद हो (पोखरेल र अन्य, २०४० : ८८१) साहित्यको विभिन्न विधामा देखापरेका कथ्य, विषयवस्तु, स्वर, शिल्प र भाषाशैलीसम्बन्धी नवीनभन्दा नवीन प्रयोगहरूका सन्दर्भमा नै प्रयोगवादको रेखाङ्कन सम्भव हुन्छ (त्रिपाठी, २०३६ : ५८) । यसको मान्यता त प्रयोगका माध्यमबाट आजको जटिल एवम् अस्तव्यस्त संवेदनाहरू अभिव्यक्त हुन सक्छ भन्ने हो ।

यसरी हेर्दा परम्परागत उपन्यासमा भन्दा नयाँ शैली, नयाँ शिल्प र ढाँचाको प्रयोग गरी लेखिएको उपन्यासलाई प्रयोगवादी उपन्यास भन्न सकिन्छ ।

### (ट) मिथकीय उपन्यास

आदिम मानवका अन्तरमा लुकेका छिपेका भावनालाई प्रकाश पार्न तथा जीवनका रहस्यलाई व्याख्या गर्नाका लागि कथिएका अर्थपूर्ण प्रतीकात्मक कथाहरू नै मिथक हुन् (बराल र एटम, २०५६ : ६१) । मिथकलाई अर्को शब्दमा पूराकथा पनि भनिन्छ । यसलाई आदिम मानवले गरेको आनन्दानुभूति, भयानुभूति, रहस्यानूभूतिको काल्पनिक रूप पनि मानिन्छ । यसरी आदिम मानवको भावात्मक अभिव्यक्ति मिथकलाई आधार बनाई लेखिएको उपन्यासलाई मिथकीय उपन्यास भनिन्छ । यस्ता उपन्यासमा जटिल यथार्थ र त्यसका सम्पूर्ण परिप्रेक्ष्यलाई आदिमतासँग जोडेर सशक्त अभिव्यक्ति प्रदान गरिन्छ । प्रतीकात्मक सौन्दर्य सृष्टि गर्नु, पुरानै कथामा नयाँ अर्थको अन्वेषण गर्नु, आदिम संस्कारहरूलाई नवीन ढङ्गमा प्रतिस्थापन गर्नु, सम्प्रेषणको सुगमता प्रदान गर्नु, भाषा र परिवेशको पुनर्रचना गर्नु (बराल र एटम, २०५६ : १५७) मिथकीय उपन्यासका प्रमुख विशेषता हुन् ।

### (ठ) नारीवादी उपन्यास

नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हक, हित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ । यस वादले समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विचारधाराका साथै पितृसत्तात्मक धाराणाको विरोध गर्दै पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्दछ (शर्मा र लुइटेल, २०६१ : ३७१) । यस्तै मान्यतामा आधारित भएर लेखिएको उपन्यासलाई नारीवादी उपन्यास भनिन्छ । नारी हक, हित र स्वतन्त्रताको वकालत गर्दै नारीलाई केन्द्रबिन्दु बनाई लेखिने उपन्यास नै नारीवादी उपन्यास हुन् ।

## २.६ निष्कर्ष

आधुनिक विधाका रूपमा पर्ने उपन्यास विधा गद्य विधामा हुर्किएको हो । यसले मानव जीवनका वास्तविक, चालचलन र आफ्नो समयको तस्वीर उतार्ने काम गरेको छ । राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक आदि परिवर्तनबाट यसको प्रादुर्भाव भएकाले यसले आफ्नै स्वरूपको निर्माण गरेको छ । मुख्य रूपमा कथानक, चरित्र, परिवेश, संवाद,

दृष्टिबिन्दु, भाषाशैलीलाई तत्त्वका रूपमा आत्मसात् गर्ने उपन्यास वर्तमान परिस्थितिमा पाठकले रूचाएको आख्यानात्मक विधा हो । यसरी आफ्नै स्वरूप र पद्धतिका रूपमा देखिएको उपन्यासलाई कथानक, शैली, विषयवस्तु, कथानकको अन्त्य, आयाम र धारा एवं प्रवृत्तिका आधारमा वर्गीकरण गरेर अध्ययन गर्दा प्रभावकारी बन्न पुग्दछ । जीवनका आन्तरिक र बाह्य गतिविधिहरूलाई प्रभावकारी रूपमा प्रकट गर्न उपन्यास विधाको आफ्नै पहिचान छ ।

# तेस्रो परिच्छेद

# जगदीश घिमिरेको जीवनी र व्यक्तित्व परिचय

## ३.१ विषय परिचय

नेपाली साहित्यका क्षेत्रमा जगदीश घिमिरे बहुमुखी प्रतिभाका धनी साहित्यकार मानिन्छन् । नेपाली साहित्यका प्रायः सबैजसो विधाहरूमा सफल कलम चलाउने घिमिरेका खासगरी कथा, उपन्यास, कविता, नाटक, निबन्ध, संस्मरण, आत्मलाप लगायत राजनीतिक टिप्पणी र समालोचनाका क्षेत्रमा सफल देखिन्छन् । यी विविध साहित्यिक क्षेत्रमा कलम चलाएका घिमिरेको मूल विशिष्टता भने आधुनिक नेपाली आख्यानका क्षेत्रमै रहेको छ । विद्यार्थी कालदेखि नै साहित्य सिर्जनामा लागेका घिमिरेको आफ्नो साहित्यिक यात्राको सुरुवात नै कथाबाट भएको हो । २०२१ सालमा जनकपुर धामबाट प्रकाशित हुने **अञ्चल सन्देश** पत्रिकामा छापिएको **श्री ३ गिद्ध** कथाबाट पहिलो पटक नेपाली पाठक समक्ष देखापरेका घिमिरे हालसम्म निरन्तर साहित्य क्षेत्रमा लागिरहेका छन् । २०२१ सालको **श्री ३ गिद्ध** कथाभन्दा अघि नै उनले केही फुटकर नेपाली कविताहरू लेखेको जानकारी प्राप्त भएपनि ती फुटकर कविताहरू अप्रकाशित र हाल अनुपलब्ध नै छन् (पौडेल, २०५६ : ४) । **श्री ३ गिद्ध** कथाको प्रकाशनपछि उनका नेपाली साहित्यको आख्यान क्षेत्रमा विभिन्न फुटकर रचनाहरू प्रकाशित भएका देखिन्छन् । यसरी त्यस समयमा फुटकर रूपमा पत्रपत्रिकामा छापिएका कथाहरूलाई हालै प्रकाशित **बर्दी** (२०६६) कथासङ्ग्रहमा सङ्ग्रहित गरिएको छ । सिर्जनाको आरम्भ फुटकर रूपमा रचनाहरू प्रकाशित गर्दै आएका घिमिरेका हालसम्ममा थुप्रै पुस्तककार कृतिहरू प्रकाशनमा आएका छन् । उनका साहित्यको आरम्भ भएपछि हालसम्म प्रकाशित भएका पुस्तकाकार कृतिहरू मध्ये **लिलाम** (२०२७) उपन्यास, **जगदीशका कथाहरू** (२०२७) कथासङ्ग्रह, **साबिती** (२०३२) उपन्यास, **केही कथा, कविता, संस्मरण** (२०३४) कथा, कविता, संस्मरण, **सन्तान** (२०३४) नाटक, **अन्तर्मनको यात्रा** (२०६४) आत्मलाप, **अग्निसूत्र** (२०६४), कवितासङ्ग्रह (रोजा), **चेतना भया** (२०६५) राजनीतिक टिप्पणीहरू (रोजा), **बर्दी** (२०६६) कथासङ्ग्रह, **सकस** (२०६९) उपन्यास पर्दछन् । यी माथिका कृतिहरूबाट घिमिरेलाई नेपाली साहित्यमा बहुआयामिक व्यक्तित्वका धनी

साहित्यकारका रूपमा लिन सकिन्छ । कथा, उपन्यास, नाटक, कविता जस्ता सबै साहित्यिक विधाहरूलाई छुन सफल भएको स्वतः प्रमाणित हुन्छ ।

## ३.२ जगदीश घिमिरेको सङ्क्षिप्त जीवनी

साहित्यकार जगदीश घिमिरेको जन्म, जन्मस्थान र बाल्यकाललाई निम्न शीर्षक-उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :-

### ३.२.१ जन्म, जन्मस्थान र बाल्यकाल

जगदीश घिमिरेको जन्म २००२ साल चैत्र २८ गते बुधबारका दिन भएको हो । उनको पुर्ख्यौली थलो रामेछाप जिल्लाको मन्थलीमा जन्मिएका घिमिरेको पारिवारिक स्थिति उच्च मध्यम प्रकारको थियो (पौडेल, २०५६ : ५) उच्च-मध्यम ब्राह्मण परिवारमा जन्मिएका घिमिरेको बाल्यकालमा कुनै बाधा र व्यवधान परेको देखिँदैन । घिमिरेका पिताको नाम इन्द्रप्रसाद घिमिरे थियो र उनी न्यायाधीश पदमा जागिर खान्थे । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर अपिलका न्यायाधीश भएकाले पिताको जागिरको सिलसिलासँगै उनी लगायत उनका भाइबहिनी पनि जलेश्वर गएका थिए (घिमिरे, २०६४ : १५) ।

### ३.२.२ शिक्षादीक्षा

जगदीश घिमिरेको प्रारम्भिक शिक्षा आफ्नै घरबाट भएको हो । २००७ सालमा श्री पञ्चमीका दिन पिता इन्द्रप्रसादबाट आफ्नै घरबाट शिक्षारम्भ भएको हो । उनका पिताले आफ्ना सन्तानहरूका लागि राम्रो पढ्ने व्यवस्था घरमै मिलाइदिएका थिए (पौडेल, २०५६ : १०) । घिमिरेले विद्यालयीय शिक्षा महोत्तरी जिल्लाको सदरमुकाममा अवस्थित ल.च.मु.मा वि. बाट आर्जन गरेका थिए (घिमिरे, २०६४ : १०) । उनले त्यहाँको शिक्षाको सुरुवात २००८ सालबाट थालेका हुन् । त्यसपछि उनले २०१० सालमा सल्यान र १०१२ सालमा नेपालगञ्जमा अध्ययन गर्ने मौका पाएका थिए । त्यसरी विभिन्न स्थानमा स्थानान्तरण हुँदै २०१७ सालमा काठमाडौँको पद्मोदय हाइस्कुलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् (पौडेल, २०५६ : १०) । उनलाई विज्ञान विषयमा रुचि नभएकाले औपचारिक पढाइलाई अधुरै छाडेर विस्तारै साहित्य सिर्जना तिर अभिप्रेरित भए (घिमिरे, २०६४ : २९) । यसपछि आफ्नो पढाइ पूरा गर्ने उद्देश्यले भारतको डी.बी. कलेज (पटना)

बाल्सन् १९६७ मा प्रविणता प्रमाणपत्र तह र सन् १९६९ मा कला विषयमा स्नातक तह उत्तीर्ण गरे । यसपछि सन् १९७२ मा समाजशास्त्र विषयमा कोलम्बो प्लान अन्तर्गत भारतको पटना विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको पाइन्छ (पौडेल, २०५६ : १०) ।

घिमिरेले आफू परिवार नियोजन सङ्घमा जागिरे भएका बखतमा नै छात्रवृत्ति प्राप्त गरी बेलायतको बेल्स युनिभर्सिटिबाट सन् १९७६ मा जनसंख्या विषयमा एकवर्षे स्नातक समेत गरेका हुन् (पौडेल, २०५६ : १०) ।

औपचारिक शिक्षाका साथै स्वाध्यायन पनि प्रशस्तै रूपमा गर्न पुगेको घिमिरे भारतीय मिथिलाका प्राध्यापक डा. धीरेन्द्रका स्वाध्यायनका प्रेरक स्रोत हुन् (घिमिरे २०६४: ३९) । स्वाध्यायनले गर्दा उनको साहित्यमा तार्किकता, बौद्धिकता र दर्शनजस्ता कुरामा विकास भएको पाइन्छ (पौडेल, २०५६ : १०) । अध्ययन र लेखनकार्यमा रुचि भएका घिमिरे फुर्सदको समयमा अध्ययन र साहित्य सिर्जनामा व्यस्त रहन्छन् ।

### ३.२.३ पारिवारिक जीवन र आर्थिक अवस्था

जगदीश घिमिरे २९ वर्षको हुँदा अर्थात् २०३१ सालमा विराटनगर निवासी गणेश प्रसाद आचार्यकी सुपुत्री दुर्गा आचार्यसँग दाम्पत्य जीवनमा बाँधिएका हुन् (पौडेल, २०५६ : ११) उनका एक छोरा र एक छोरी रहेका हुन् । छोराको नाम हिमाल घिमिरे र छोरीको नाम जून रहेको छ । त्यसैगरी उच्चमध्मय वर्गीय पारिवारिक जीवनशैली अङ्गालेका घिमिरेको प्रमुख पेशा विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्था तथा निकायलाई ग्रामीण विकास सम्बन्धी सल्लाह दिनु हो (पौडेल २०६५ : ११) । यसबाट प्राप्त स्रोत नै उनको प्रमुख कमाइ हो । यसका अतिरिक्त विभिन्न पुस्तक, पत्रपत्रिका मार्फत् कृतिहरू प्रकाशित गर्नु पनि आय आर्जनकै स्रोत देखिन्छ ।

### ३.२.४ सम्मान तथा पुरस्कार र भ्रमण

जगदीश घिमिरेले आधुनिक नेपाली कथाका क्षेत्रमा विशिष्ट योगदान गरेर उत्कृष्ट कथाहरूको सिर्जना गरे वापत २०४४ सालको **गुरूप्रसाद मैनाली कथा पुस्तकार** प्राप्त गरेका हुन् । सामाजिक क्षेत्रमा उत्कृष्ट कार्य गरेकाले 'सामाजिक सेवा राष्ट्रिय समन्वय

परिषद्' बाट २०४५ सालको **रनिङ्ग शिल्ड** प्राप्त गर्नुका साथै सामुदायिक सेवा समन्वय समिति अन्तर्गत तामाकोसी सेवा समितिलाई उक्त शिल्ड प्रदान गरेका छन् । यसैगरी Advertising Champion का विशिष्ट पुस्तकार संयुक्त रूपमा सन् १९८० मा प्राप्त गरे (गौतम, २०६२) । २०६३ मा अन्तर्राष्ट्रिय सम्मान तथा पुरस्कार ता.से. समितिलाई दिलाउन सफल भएका हुन् । उनको ज्यादै उत्कृष्ट आत्मलापका रूपमा परिचित **अन्तर्मनको यात्रा** ले २०६४ सालमा **उत्तम शान्ति पुरस्कार** र **मदन पुरस्कार** प्राप्त गरेको छ । यसैगरी राष्ट्रिय **कला श्री सम्मान** २०६५ प्राप्त गरेका छन् ।

जगदीश घिमिरेले नेपालका प्रायः जसो क्षेत्रमा भ्रमण गर्नुका साथै अन्तर्राष्ट्रिय भ्रमण पनि प्रशस्तै मात्रामा गरेका छन् । पिताको जागिरको सिलसिलामा बाल्यकालदेखि नै जलेश्वर, सल्यान, नेपालगञ्जसम्म पुगेका घिमिरेले विभिन्न जिल्लाहरूमा अध्ययनसमेत गरेका छन् । अध्ययनको क्रममा भारतका विभिन्न ठाउँको भ्रमण गर्नुका साथै नेपाल परिवार नियोजन सङ्घमा जागिरे हुँदा त्यहीँबाट छात्रवृत्ति पाएर बेलायतमा अध्ययन गर्न पुगेका हुन् (पौडेल, २०५६: १०) ।

अध्ययन बाहेक जागिरका सिलसिलामा पनि घिमिरेले बेलायत लण्डन, अमेरिका, क्यानडा, फ्रान्स, फिलिपिन्स, चीन, थाइलैण्ड आदि विश्वका प्रमुख राष्ट्रहरूको भ्रमण गरेका छन् (पौडेल, २०५६ : १६) । उनी बेलायतमा केही समयसम्म बसोबास समेत गर्न पुगेका छन् ।

### ३.२.५ शारीरिक अवस्था

बाल्यकाल र किशोराकालको शारीरिक अवस्था सामान्य स्तरको देखिएका घिमिरेलाई १२ वर्षको उमेरमा टाइफाइट ज्वरो आएर विरामी परेका थिए । यस बाहेक सामान्य विरामी मात्र पर्ने घिमिरेको किशोरावस्थासम्म स्वास्थ्य राम्रै देखिन्छ (पौडेल, २०५६ : १७) वि.सं. २०४४ मा उनलाई पित्तथैलीमा पत्थरी भएर शल्यक्रिया गर्नुपरेको थियो (भेटवाल, २०६६ : ८) वि.सं. २०६२ बैशाखदेखि 'मल्पिपल माइलोमा' नामक रक्तक्यान्सरबाट पीडित भएका घिमिरे दृढ आत्मबलका कारण साहित्य सिर्जना र कृति प्रकाशनमा निरन्तर लागिरहेका छन् ।

### ३.२.६ साहित्य सिर्जनामा प्रेरणा र प्रभाव

कुनै पनि साहित्यकारको साहित्य सिर्जनाका पछाडि केही न केही प्रेरणा र प्रभाव हुन्छ । जगदीश घिमिरे पनि साहित्य लेखनमा विभिन्न व्यक्तिहरूबाट प्रेरित र प्रभावित भएको देखिन्छ । उनी विद्यार्थी जीवनदेखि नै साहित्य लेखनमा प्रवेश गरेका हुन् । वि.सं. २०२२ मा चितवन जिल्लाको रामपुरमा सम्पन्न भएको प्रथम देशव्यापी साहित्य सेमिनारमा धनुषा जिल्लाको प्रतिनिधि भएर उनले भाग लिने अवसर पाएका हुन् । त्यस अवसरमा उनले नयाँ पुराना साहित्यकर्मीहरूसँग परिचित हुने मौका पाए । देश विदेशका विभिन्न साहित्यकारहरूसँगको प्रत्यक्ष सम्पर्कले उनको साहित्य सिर्जनामा थप प्रेरणा प्रदान गऱ्यो । यसरी भवानी घिमिरे, मदनमणि दीक्षित, नरेन्द्र राज शर्मा, हरिभक्त कटुवाल, नारायण बहादुर सिंह जस्ता व्यक्तिको प्रेरणा र प्रभाव ग्रहण गरेका थिए (घिमिरे, २०६५ : ३६) । उनले नेपाली साहित्यमा मात्र होइन मैथली साहित्यमा पनि कलम चलाएका छन् । मैथली भाषाका साहित्यकार, भारतीय मैथलीका डा. धीरेन्द्रबाट पनि प्रेरणा प्राप्त गरेका छन् । डा. धीरेन्द्रकै सहयोग मार्फत् उनले फ्रान्सेली, रुसी, अङ्ग्रेजी, अमेरिकी, भारतीय आदि विद्धान्हरूका पुस्तकहरू पढ्ने अवसर पाए (घिमिरे, २०६५ : ३९) । यसरी विभिन्न देशमा उच्च स्तरका साहित्यकारहरूको प्रभाव र प्रेरणाबाट नै उनका रचनाहरूमा तार्किकता र बौद्धिकताको आधिक्यता पाउन सकिन्छ ।

## ३.३ जगदीश घिमिरेका विविध व्यक्तित्व

जगदीश घिमिरे नेपाली साहित्यका बहुआयामिक प्रतिभा हुन् । साहित्य, समाज र राष्ट्रका विविध क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष सहभागी भएर कार्य गरेका घिमिरेको व्यक्तित्वलाई अध्ययन गर्ने विभिन्न बाटाहरू प्रशस्तै छन् । आधुनिक नेपाली साहित्यमा लामो समयदेखि निरन्तर सेवा गर्दै आएका घिमिरेको व्यक्तित्वलाई साहित्यिक व्यक्तित्व र साहित्येत्तर भनेर बेग्ला बेग्लै पाटोको अध्ययन गर्नु उचित हुन्छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

नेपाली साहित्यको इतिहासमा वि.सं. २०२१ को **श्री ३ गिद्ध** कथाबाट सार्वजनिक रूपमा उदाएका जगदीश घिमिरेले आधुनिक नेपाली साहित्यलाई कथा, उपन्यास, नाटक,

कविता, निबन्ध, संस्मरण आदि विधाहरूमा कलम आरोहण गराइसकेका छन् । यी विविध साहित्यिक विधामा कलम चलाएका घिमिरेका पुस्तकाकार कृति र फुटकर रचना प्रकाशित रहेका छन् । घिमिरेका साहित्यिक व्यक्तित्वलाई अध्ययन गर्ने निम्न आधार बनाइएको छ :

### ३.३.१.१ कथाकार व्यक्तित्व

साहित्यकार जगदीश घिमिरेले आफ्नो साहित्यिक यात्राको सुरुवात कथाबाटै गरेकाले उनको कथाकार व्यक्तित्वलाई सबल रूपमा लिन सकिन्छ । जनकपुर धामबाट प्रकाशित हुने **अञ्चल सन्देश** पत्रिकामा **श्री ३ गिद्ध** (२०२१) कथाबाट आफूलाई कथाकारका रूपमा चिनाउन सफल भएका छन् । संख्यात्मक र गुणात्मक दुवै दृष्टिले सफल कथाहरूको सिर्जना गर्ने घिमिरेका २०२१ देखि हालसम्म तीनवटा कथासङ्ग्रहहरू प्रकाशित भएका देखिन्छन् भने अन्य कथाहरू फुटकर रूपमै रहेका छन् । कथामा शैली र प्रस्तुतिमा नवीनता पाइने उनका प्रकाशित कथासङ्ग्रहहरू **जगदीशका कथाहरू** (२०२६) **केही कथा, कविता, संस्मरण** (२०३४) र **बर्दी** (२०६६) आदि रहेका छन् ।

जगदीश घिमिरेले आफ्ना कथाहरूमा सामाजिक जनजीवनका सकारात्मक एवम् नकारात्मक पक्षहरूको यथार्थ चित्रण गरेका छन् । सामाजिक संस्कृति, धर्म र दर्शनको सफल प्रयोग गर्नु उनका कथाको विशिष्ट पक्ष हो । यी विविध पक्षको चित्रणका कारण उनको कथाकार व्यक्तित्व सफल र सबल देखिन्छ ।

### ३.३.१.२ उपन्यासकार व्यक्तित्व

जगदीश घिमिरेको साहित्यिक जीवन कथा लेखनबाट भएपनि पुस्तकाकार कृतिका रूपमा प्रकाशन भएको विधा उपन्यास विधा नै हो । उनलाई उपन्यासकारका रूपमा परिचित गराउने प्रथम औपन्यासिक कृति **लिलाम** (२०२७) हो । लिलाम उपन्यास घिमिरेको प्रथम प्रकाशित पुस्तकाकार कृति हो (पौडेल, २०५६ : १९ ) । त्यसैगरी **साबिती** (२०३२), **सकस** (२०६९) पनि घिमिरेका चर्चित औपन्यासिक कृति हुन् । यिनै तीनवटा औपन्यासिक कृतिहरूबाटै घिमिरे नेपाली साहित्यका फाँटमा साहित्यकारका नाममा सुपरिचित छन् ।

घिमिरले सङ्ख्यात्मक रूपमा तीनवटा मात्र उपन्यास लेखेपनि गुणात्मक मूल्यवृत्तिका हिसाबले यिनका औपन्यासिक कृतिको महत्त्व स्वतः रूपमा प्रकटित हुन्छ । यिनका

औपन्यासिक कृतिहरूमा समाजका विभिन्न विकृति र विसङ्गतिलाई विषयवस्तु बनाइएका हुन्छन् । उनका उपन्यासले कौतुहलपूर्ण रूपमा अघि बढाउन तार्किक कारण पनि प्रस्तुत गरेका छन् । आर्थिक विपन्नताका कारणले भोग्नुपरेका समस्यालाई **लिलाम** मा देखाएका छन् भने सहिदको परिवारका दयनीय स्थितिलाई **सबिती**मा देखाउन खोजेका छन् । त्यसैगरी राजनीतिक विकृतिका कारण नेपाली जनताले भोग्नुपरेको समस्यालाई **सकस** उपन्यासले उद्घाटित गरेको छ । घिमिरेका यी तीनैवटा उपन्यासमा कल्पनाको न्यूनता पाइन्छ भने यथार्थको आधिक्यता पाउन सकिन्छ ।

### ३.३.१.३ नाटककार व्यक्तित्व

साहित्यकार जगदीश घिमिरे नेपाली साहित्यका नाटककार व्यक्तित्व पनि हुन् । वि.सं. २०३४ मा **सन्तान** नाटक प्रकाशित भएपनि नाट्य क्षेत्रमा पदार्पण गरेका घिमिरे हरिभक्त कटुवालको प्रेरणाबाट उक्त नाटक सिर्जना गर्न पुगेको हुन् (पौडेल, २०५६ : २३) । यस नाटकमा देशभक्तिपूर्ण भावना छ भने सहिद परिवारले भोग्नुपरेका दुःख कष्टलाई पनि उद्घाटन गरेको छ । यिनको नाटकमा नेपालको सामाजिक, राजनीतिक विकृति र विसङ्गतिलाई सफल रूपमा देखाउन खोजिएको छ ।

**सन्तान** नाटक बाहेक घिमिरेका पुस्तककार नाट्य कृति नरहे पनि विभिन्न पत्रपत्रिकामा फुटकर नाटक छापिनुका साथै रेडियोबाट पनि उनका नाटकहरू प्रसारित भएका देखिन्छन् (पौडेल, २०५६ : २३) । यी नै नाट्यकृतिका माध्यमबाट कथा विधा र औपन्यासिक विधा जस्तो घिमिरेको व्यक्तित्व नझल्किए पनि नाटककारका रूपमा उनको दक्षताको मूल्याङ्कन भने अवश्य नै गर्न सकिन्छ ।

### ३.३.१.४ कवि व्यक्तित्व

जगदीश घिमिरेको प्रथम प्रकाशित पुस्तकाकार कृति उपन्यास र प्रथम प्रकाशित फुटकर रचना कथा रहे पनि रचनाका हिसाबले हेर्दा उनको साहित्य सिर्जनाको सुरुवात बिन्दुको विधा कविता विधा नै हो (भेटवाल, २०६६ : १०) । उनको प्रथम कविता **हो ?** बाट कविका रूपमा आफूलाई परिचित बनाउन सफल भएका देखिन्छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाको छन्दोलहरीबाट प्रभाव ग्रहण गरी उनले शार्दूलविक्रीडित छन्दमा उक्त कविताको

रचना गरेका हुन् (पौडेल, २०५६ : २२) । घिमिरेले **हो ?** कविता बाहेक अन्य सबै कविताहरू गद्यमा लेखेका छन् । तत्कालीन नेपाली जनजीवनका मानवीय समस्या, संवेदना, जटिलता, कुसंस्कार, विश्रृङ्खलित मानव जगत्को ह्रास आदि समस्यामा केन्द्रित उनका कविताहरूको मूल मर्म भएको देखिन्छ (पौडेल, २०५६ : २२) । यी कविताहरूले देखाएका मूलभावनामा केन्द्रित विषयवस्तुको प्रस्तुति **केही कथा, कविता, संस्मरण** र **अग्निसूत्र** (२०६४) कविता सङ्ग्रहमा सङ्ग्रहित छन् ।

**केही, कथा, कविता, संस्मरण** (२०३४) नामक कृतिमा 'युद्ध उन्मुलन युद्ध', 'आमा', 'पुनसको साहू', नयाँ नेपालको नयाँ भूगोल, 'दुर्घटना', 'मृत्यु', जनकपुरको व्यङ्ग्यचित्र, घाँडो गरी जम्मा आठवटा कविताहरू सङ्कलित छन् । त्यसका साथै **गोरखापत्र, अभिव्यक्ति, भानु** आदि पत्रिकाहरूमा प्रकाशित र अप्रकाशित कविताहरूको सङ्कलन गरिएको छ । जम्मा ४२ वटा कविताहरूको सङ्कलन गरिएको **अग्निसूत्र** कवितासङ्ग्रह नै घिमिरेको कवि व्यक्तित्वलाई पहिचान गराउने उल्लेख्य कृति बनेको छ । यसका साथै उनका कवितामा मानवीय मूल्य मान्यताको उद्घाटनले उनको कवि व्यक्तित्व उल्लेख बन्न पुगेको छ ।

### ३.३.१.५ नियात्राकार व्यक्तित्व

साहित्यका बहु विधामा उल्लेख मानिने जगदीश घिमिरेको एक सशक्त व्यक्तित्व नियात्राकार पनि हो । **झरीन् अर्थात् झरना** (२०२५) **मधुपर्क** पत्रिकामा प्रकाशित भएपछि उनलाई नियात्राकारका रूपमा पनि चिनिन थालेको पाइन्छ । भ्रमणका क्रममा आफूले देखेका, भोगेका र अनुभव गरेका विषयवस्तुको संयोजन गरी जगदीश घिमिरेले वि.सं. २०३४ मा **केही कथा, कविता र संस्मरण** भन्ने कृतिमा आफ्नो नियात्रा साहित्यको नमुना प्रस्तुत गरेका छन् । उनलाई नियात्राकारका रूपमा चिनाउने उनका नियात्राहरू फुटकर रूपमै सीमित छन् (भेटवाल, २०६६ : १०) । उनका फुटकर नियात्राहरू निम्नानुसार छन् :

| | |
|---|---|
| **झरीन् अर्थात झरना** | - **मधुपर्क** (२०२५) |
| **खोजी रमाइलोको** | - **रूपरेखा** (२०२७) |
| **फरियाद सवाक् र अवाक्** | - **रूपरेखा** (२०२७) |

माथिका नियात्रात्मक कृतिबाट नै जगदीश घिमिरे नेपाली साहित्यका क्षेत्रमा सफल नियात्राकार मानिन्छन् । उनका **झरीन् अर्थात् झरना** र **खोजी रमाइलोको** नेपाली भाषामा लेखिएका छन् भने **फरियाद सवाक् र अवाक्** हिन्दी भाषामा लेखिएको नियात्रा हो ।

### ३.३.१.६ संस्मरणकार व्यक्तित्व

वि.सं. २०३४ मा साझा प्रकाशनबाट प्रकाशित केही **कथा, कविता, संस्मरण, पुस्तकाकार कृति** प्रकाशन भएपछि जगदीश घिमिरे नेपाली साहित्यमा संस्मरणकार व्यक्तित्वका रूपमा पनि देखापरे । यो कृतिमा कथा, कविता र संस्मरणहरू संयुक्त रूपमा सङ्कलन गरिएका छन् । यस कृतिमा संस्मरण अन्तर्गत सन्दर्भ एकदेखि सन्दर्भ सातसम्म (पृ.७६-१२० सम्म) सङ्ग्रहित गरी आफ्नो थ्याङ्बुचे यात्राको क्रममा देखेका, भोगका गतिविधि र अनुभवहरूलाई विषयवस्तुका रूपमा संयोजन गरिएको छ ।

संस्मरणकार व्यक्तित्वका रूपमा परिचित घिमिरेको वि.सं. २०६४ मा **अन्तर्मनको यात्रा** आत्मसंस्मरण प्रकाशित भएको छ । यस कृति हालसम्म प्रकाशित आत्मसंस्मरणहरू भन्दा पृथक र निजत्वले भरिपूर्ण छ (घिमिरे, २०६४ : भूमिका) । बाल्यकाल र किशोरावस्थामा स्वास्थ्यस्थिति सामान्य रहेका घिमिरे २०६२ साल वैशाखबाट 'मल्टिपल माइलोमा' नामक क्यान्सरबाट पीडित भएका घटनाको वर्णन यस कृतिमा छ । २०२० देखि साहित्यको सेवामा निरन्तर लागि परेका घिमिरेले कमजोर शारीरिक अवस्थामा पनि दृढ आत्मबल र आत्मविश्वासका कारण उपचारार्थ अवस्थामा नै सिर्जना गरिएको यस कृतिमा जीवनका मार्मिक आख्यानका साथै गहन अध्ययन, अनुभव र चिन्तनले खारिएको दार्शनिक व्याख्या गरिएको छ (घिमिरे, २०६४: भूमिका) । आफ्नो जीवनको आरोह - अवरोह, जीवनको गहिराइ देखाउनका साथै मानवीय जीवनमूल्यको अस्तित्वको चिनारी दिन यो कृति सफल रहेको छ ।

### ३.३.१.७ निबन्धकार व्यक्तित्व

जगदीश घिमिरेले आफूलाई निबन्धकार व्यक्तित्वका रूपमा पनि चिनाएका छन् । उनलाई निबन्धकारका रूपमा परिचित गराउने एकमात्र निबन्ध रहेको छ । **रूपरेखा** पत्रिकामा २०३४ सालमा छापिएको **को बौद्धिक ?** निबन्धमा नै उनी केन्द्रित रहेका छन् ।

यस निबन्धमा वर्तनमान समयका समसामयिक विषयवस्तुलाई उठाउँदै बौद्धिक व्यक्तित्व सम्बन्धी व्यक्तिगत धारणा सरल, सहज भाषामा प्रस्तुत गरेका छन् (पौडेल, २०५६ : २४) । एउटै निबन्धको रचनाले पनि घिमिरेमा निबन्धकार हुन् भन्ने गुण भेट्न सकिन्छ ।

### ३.३.१.८ समालोचक व्यक्तित्व

जगदीश घिमिरेले नेपाली साहित्यको समालोचना विधामा पनि आफ्नो कलम चलाएका छन् । वि.सं. २०२५ मा **भानु** पत्रिकामा **द्वन्द्वात्मक भौतिकवादी प्रमेथियस** रचना प्रकाशित भएपछि औपचारिक रूपमा घिमिरे समालोचक बन्न पुगेका हुन् (पौडेल, २०५६ : २४) । त्यसैगरी घिमिरेको दोस्रो समालोचनात्मक कृतिका रूपमा २०३४ सालमा **केही नेपाली उपन्यासहरू र युगबोध** नामक कृति **रचना** पत्रिकामा प्रकाशनमा आएको हो । यस समालोचनात्मक कृतिमा उनले आधुनिक नेपाली उपन्यासको चर्चा गर्दै नेपाली उपन्यासकारहरूको स्थानका बारेमा चर्चा गरेका छन् । यी दुई रचनाहरूबाहेक उनको समालोचनाकारिता त्यति छैन । यी दुई कृतिको मूल्यवत्ताका दृष्टिले घिमिरे नेपाली समालोचनात्मक इतिहासमा पनि सशक्त व्यक्तित्व हुन् भन्न सकिन्छ ।

### ३.३.१.९ अनुवादक व्यक्तित्व

नेपाली साहित्यमा जगदीश घिमिरे बहुविध साहित्यकारका रूपमा परिचित भएजस्तै उनमा बहुभाषाको पनि त्यतिकै ज्ञान रहेको छ । उनमा नेपाली भाषाइतर हिन्दी र अंग्रेजी भाषामा समेत राम्रो दखल भएका व्यक्ति मान्न सकिन्छ । उनले विभिन्न पत्रपत्रिका मार्फत् विश्वप्रसिद्ध साहित्यकारहरूका कृतिको नेपालीमा अनुवाद गरेका छन् । त्यस्ता अनुवाद गरिएका कृति जस्ताको त्यस्तै अनुवाद नगरी मुख्य भावमा मौलिकताको मिश्रण गरी नेपाली परिवेश र वातावरण अनुसार सिर्जना गरिएका छन् । अङ्ग्रेजी भाषाबाट नेपाली भाषामा अनुवाद गरिएका रचनाहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- **आधा र सिङ्गो** **अभिव्यक्ति** (वर्ष १, अङ्क १, पृ. २०, २०२७)
- **मेरो मृत्यु** **अभिव्यक्ति** (वर्ष १, अङ्क १, पृ. २२, २०२७)
- **धर्म** **अभिव्यक्ति** (वर्ष १, अङ्क १, पृ. ३२, २०२७)
- **स्वीकारोक्तिहरू** **अभिव्यक्ति** (वर्ष १, अङ्क १, पृ. ५९, २०२७)

- **दाहिने हात** **अभिव्यक्ति** (वर्ष १, अङ्क १, पृ. ७३, २०२७)
- **कायाकल्प** **अभिव्यक्ति** (वर्ष १, अङ्क १, पृ. २४१, २०२७)

### ३.३.२ साहित्येतर व्यक्तित्व

आधुनिक नेपाली साहित्यमा बहुविध व्यक्तित्वका धनी जगदीश घिमिरेले साहित्यका क्षेत्रमा त आफूलाई सफल तुल्याएका छन् नै उनले साहित्येतर व्यक्तित्वका रूपमा पनि आफूलाई सिद्ध तुल्याएका छन् । उनको साहित्येतर व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ३.३.२.१ लेखक व्यक्तित्व

जगदीश घिमिरेले नेपाली साहित्यका साहित्यिक रचनाहरू भन्दा पृथक् लेख रचनाहरू पनि लेखेका छन् । उनलाई लेखक व्यक्तित्वका रूपमा चिनाउने लेखहरूमा नेपालको गैर सरकारीसंस्था नीतिमा नरहरि आचार्यसँगको सहलेखन रहेको छ । यसै गरी दार्जिलिङको नेपाली परिवार समाजशास्त्र एम्.ए.शोध इ.सं. १९७२ हुन् । यी बाहेक पनि घिमिरेका फुटकर लेखहरू **एउटै हरिभक्त कटुवाल पर्याप्त हुन्छ** (**अभिव्यक्ति**, वर्ष ११, अङ्क ५, २०३६ : २२) । लगायत विभिन्न संघ संस्थामा कार्यपत्रहरू पनि लेखेका छन् । उनको साहित्यतर लेखक व्यक्तित्वलाई चिनाउने अर्को महत्त्वपूर्ण लेख **सोल्जेनित्सिन र नोबेल पुरस्कार** रोचक घिमिरेः एक जीवन्त सन्दर्भग्रन्थ हो । यिनै शोधपत्र तथा फुटकर रचनाहरूबाट उनको व्यक्तित्वलाई अध्ययन गर्न सकिन्छ ।

जगदीश घिमिरेका साहित्येतर लेखहरूमा सूक्ष्म अवलोकन गर्ने पद्धति ज्यादा पाइन्छ । उनी जुन विषयमा लेख्छन्, त्यस विषयमा गहिराइसम्म पुगेका हुन्छन् । सतहीमा मात्र जीवनदर्शनको परिभाषा खोज्नमा मात्र सीमित नहुनु उनको प्रवृत्ति नै हो । उनका लेखहरूमा जीवनदर्शन, गुणपक्ष र तार्किकताको प्राचुर्य पाइन्छ ।

#### ३.३.२.२ राजनीतिक व्यक्तित्व

जगदीश घिमिरेको राजनीतिक व्यक्तित्वलाई अध्ययन गर्दा २०१५ सालमा वनारस यात्राका क्रममा नेपाली काङ्ग्रेसका नेता सुरेश राज शर्माद्वारा नेपाली काङ्ग्रेस पार्टीमा

आबद्ध गराएकाले १२/१३ वर्षको उमेरदेखि नै नेपाली काङ्ग्रेसमा सक्रिय कार्य गरेको पाइन्छ (भेटवाल २०६६ : १३) । युवावस्थामा 'कम्युनिष्ट समाज'को स्थापना गरी छापामार युद्धमा समेत संलग्न रहेका घिमिरेको राजनीतिक जीवन विविधतामय देखिन्छ (भेटवाल, २०६६ : १३) । कहिले काङ्ग्रेस कहिले छापामारमय राजनीतिक जीवन रहेका घिमिरे पछिल्लो समयमा भने प्रजातान्त्रिक धारको पक्षमा रहेको पाइन्छ (भेटवाल, २०६६ : १३) ।

घिमिरेले विभिन्न पत्रपत्रिका मार्फत् राजनीतिक लेखहरू लेखेका छन् । यी लेखहरू उनले राजनीतिक कार्यकर्ताका रूपमा सक्रिय रहेकै बखतमा लेखेका छन् । वि.सं. २०५८ देखि नियमित रूपमा **नेपाल पाक्षिक** पत्रिकामा **चेतनामया** शीर्षकमा स्तम्भ लेखहरू प्रकाशित गराएका छन् । मूलतः राजनीतिक विषयवस्तुमा आधारित यी लेखहरूमा राजनीतिक घटनाहरू र सामाजिक महत्त्वका विषयलाई समावेश गराएका छन् । यिनै लेखहरूमा सामाजिक विकृति, विसङ्गति, राजनीतिक उतार-चढाव आदिका विषयवस्तुले प्राथमिकता पाएका छन् । उनका राजनीतिक टिप्पणीहरूले भरिएको लेख रचनाहरूको पुस्तकाकार कृति **चेतनाभया**मा समाविष्ट गरिएका छन् ।

### ३.३.२.३ पत्रकार व्यक्तित्व

जगदीश घिमिरे एक सफल पत्रकार पनि हुन् । उनको पत्रकारिताको थालनी समीक्षाबाट भएको पाइन्छ (भेटवाल, २०६६ : १३) । २०१९ सालमा उनले जनकपुरबाट प्रकाशित हुने **उषा** पत्रिकामा पनि पत्रकारिताको काम गरेको पाइन्छ । त्यसैगरी २०२१ सालमा जनकपुर अञ्चलका **गोरखापत्रका** संवाददाता बनेर समेत कार्य गरेको भेटिन्छ । २०२३ मा काठमाडौँबाट प्रकाशित हुने **बान्की** पत्रिकाका समीक्षकका रूपमा काम गरे (पौडेल, २०५६ : २५) । २०२६/०२७ सालतिर काठमाडौँबाटै प्रकाशित हुने **अभिव्यक्ति** पत्रिकाको पनि सम्पादन गर्ने काम गरेको देखिन्छ (पौडेल, २०५६ : २५) । २०४४ सालमा **देशान्तर साप्ताहिक** पत्रिकाको **प्रसङ्गवश** भन्ने स्तम्भ र २०५१/५२ सालतिर **साप्ताहिक विमर्श** पत्रिकामा **गन्तव्यको खोजी** भन्ने स्तम्भ पनि यिनले लेखेको पाइन्छ (पौडेल, २०५६ : १३) ।

जगदीश घिमिरे साहित्यिक र साहित्येतर दुवै पत्रकारका रूपमा देखिन्छन् । उनलाई साहित्येतर पत्रकारका रूपमा सूचनामूलक समाचार भन्दा खोजपूर्ण बौद्धिक समाचारलाई

बढी प्राथमिकता दिने व्यक्तिका रूपमा लिन सकिन्छ । सरकारका नराम्रा नीति तथा कार्यको तीव्र आलोचना गर्ने एक स्वाभिमानी र निर्भीक पत्रकारका रूपमा उनको पत्रकारिताको व्यक्तित्व रहेको पाइन्छ ।

### ३.३.२.४ सामाजिक व्यक्तित्व

जगदीश घिमिरेको सामाजिक व्यक्तित्व अत्यन्तै उर्वर देखिन्छ । उनले समाजका विभिन्न संघ संस्थाहरूसँग सम्बन्धित रहेर सक्रिय रूपमा महत्त्वपूर्ण कार्य गरेका छन् । २०३१ सालमा नेपाल परिवार नियोजन संघका कार्यक्रम अधिकृतमा जागिरे भए (पौडेल, २०५६ : २६) । यही अधिकृतमा जागिरे भएपछि घिमिरेको संस्थागत संलग्नताको सुरुवात भएको पाइन्छ । घिमिरेको सामाजिक व्यक्तित्वका रूपमा परिचित गराउने प्रमुख तथा महत्त्वपूर्ण संस्थाहरू तल प्रस्तुत गरिएको छ :

१) फाउन्डर तामाकोसी सेवा समिति, मन्थली, रामेछाप

२०३९ सालमा जगदीश घिमिरे, श्रीमती दुर्गा घिमिरे र स्थानीय व्यक्तिहरूको संलग्नतामा यस तामाकोसी सेवा समितिको स्थापना भएको हो (भेटवाल, २०६६ : १४) । उक्त संस्थाले रामेछाप जिल्लाका अतिविपन्न वर्गका समुदायलाई खानेपानी, स्वास्थ्य, शिक्षा, पशुपालन, कृषिवन, सिचाइ, खेतीपाती लगायतका विभिन्न आयमूलक कार्यक्रमहरू सञ्चालन गरी गरीबी निवारण कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसका साथै २०६३ साल चैत्र १६ गते जगदीश घिमिरे प्रतिष्ठानको स्थापना भयो (भेटवाल, २०६६ : १४) । यस प्रतिष्ठान्ले प्रकाशन गरेका साहित्यकार जगदीश घिमिरेका पुस्तकाकार कृतिहरू **लिलाम**, **साबिती**, **अन्तर्मनको यात्रा**, **बर्दी**, **सकस** लगायत पुस्तकको विक्रिबाट जम्मा भएको रकम प्रतिष्ठानको अक्षयकोषमा जम्मा हुने व्यवस्था मिलाएको छ । यसरी जम्मा भएको रकम रामेछाप जिल्लाका अतिविपन्न वर्गका जनताको उपचारार्थ प्रावधानबाट यसको महत्त्व अझ बढी देखिएको छ । यसबाट उनको सामाजिक व्यक्तित्वका रूपमा महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । उनको सामाजिक व्यक्तित्वलाई अध्ययन गर्न सकिने अन्य महत्त्वपूर्ण सामाजिक संघ संस्थाहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

२) फाउन्डर नेपाल कृषिवन प्रतिष्ठान् ।

३) फाउन्डर, चेयरपर्सन, एन्.जी.ओ. फेडेरेशन अफ् नेपाल ।

४) फाउन्डर एन्ड चेयर पर्सन, नेपाल आई, प्रोग्राम तिलगङ्गा आँखा अस्पताल, (काठमाडौँ) ।

५) एड.भाइजर, एन्.जी. ओ फेडेरेसन अफ नेपाल ।

६) फाउन्डर एन्ड चेयरपर्सन, एग्रो फोरेष्ट्री फाउन्डेसन ।

७) एड्भाइजर, नेपाल एग्रोफोरेष्ट्री फाउन्डेसन ।

८) एसिष्टेसनल रिजनल डाइरेक्टर साउथ एसिया सिजन इन्टरनेसनल प्लान्ट प्यारेन्टहुड फेडेरेसन लन्डन ।

९) प्रोग्राम अफिसर इन्टरनेसनल प्लान्ट प्यारेन्टहुड फेडेरेसन ।

१०) फिल्ड अफिसर, फेमिली प्यानिङ एसोसिएसन अफ नेपाल ।

११) सिनियर ट्रेनिङ्ग, अफिसर, फेमिली प्यानिङ एसोसिएसन अफ नेपाल ।

यी महत्त्वपूर्ण सङ्घ-संस्थाबाहेक अन्य थुप्रै सङ्घ-संस्थाहरूमा समेत घिमिरेको सक्रिय संलग्नता रहेको पाइन्छ ।

## ३.४ जगदीश घिमिरेका साहित्यिक कृतिको विवरण

जगदीश घिमिरे बहुविध साहित्यिक रचना गर्ने साहित्यकार हुन् । २०२१ साल देखि साहित्य यात्रा प्रारम्भ गरेर हालसम्म पनि सक्रिय रूपमा लागि परिरहने घिमिरेका हालसम्म थुप्रै साहित्यिक कृतिहरू पुस्तकाकारका रूपमा प्रकाशित भइसकेका छन् भने दर्जनौं रूपमा फुटकर कृति पुस्तकाकार कृतिहरू र फुटकर रचनाहरूलाई सूचिबद्ध रूपमा तल प्रस्तुत गरिएको छ :

**प्रकाशित पुस्तकाकार कृतिहरू**

| | |
|---|---|
| **लिलाम** (२०२७) | उपन्यास |
| **जगदीशका कथाहरू** (२०२७) | कथासङ्ग्रह |
| **साबिती** (२०३२) | उपन्यास |
| **केही कथा, कविता, संस्मरण** (२०३४) | कथा, कविता, संस्मरण |

| | |
|---|---|
| **सन्तान** (२०३४) | नाटक |
| **अन्तर्मनको यात्रा** (२०६४) | आत्मलाप |
| **अग्निसूत्र** (२०६५) | रोजा कविता सङ्ग्रह |
| **चेतनाभया** (२०६५) | रोजा राजनीतिक टिप्पणीहरू |
| **बर्दी** (२०६६) | रोजा कथासङ्ग्रह |
| **सकस** | उपन्यास |

फुटकर रचनाहरू

नियात्रा

| | |
|---|---|
| **झरीन् अर्थात झरना** | **मधुपर्क**, (२०२५) । |
| **खोजी रमाइलोको** | **रूपरेखा**, (२०२७) । |
| **परियाद सवाक् र अवाक्** | **रूपरेखा**, (२०२७) । |

निबन्ध

| | |
|---|---|
| **को बौद्धिक ?** (२०३४) | **रूपरेखा**, पूर्णाङ्क २०० । |

बालकविता

**बाबुछोरीको गीत** (२०४६) ।

समालोचना

**द्वन्द्वात्मक भौतिकवादी प्रमेथियस** (२०२५)- **भानु**, वर्ष ५, अङ्क १२ केही नेपाली उपन्यासहरू र युगबोध (२०३४) **रचना** वर्ष १४, अङ्क ६ ।

फुटकर कविताहरू

**हो ?** (२०२२), **नयाँ गायत्री मन्त्र** (२०२६), **केही सामूहिक जयजयकार** (२०२६) ।

फुटकर कथाहरू

**यहाँ सबै छन्** (२०५२) ।

**आमाको धोका** (**गोरखापत्र** २०२३) ।

## ३.५ निष्कर्ष

जगदीश घिमिरे नेपाली साहित्य क्षेत्रका बहुविध साहित्यकार हुन् । वि.सं. २०२१ मा कथाविधाबाट आफ्नो लेखन कार्य आरम्भ गरेका उनले हालसम्म साहित्यिक विधा र साहित्येतर विधा गरी दर्जनौँ लेख रचनाहरू प्रकाशन गराइसकेका छन् । साहित्यिक विधामा आफ्नो प्रसिद्धि कमाइसकेका उनले साहित्यिक विधामा जस्तो ख्याति साहित्येतर विधामा नकमाए पनि उनको साहित्येतर विधा पनि महत्त्वपूर्ण नै देखिन्छ । साहित्यका महत्त्वपूर्ण विधा कथा, कविता, उपन्यास, आत्मसंस्मरण, निबन्ध, नाटक, समालोचना, अनुवाद आदिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने घिमिरेको मूल वैशिष्ट्यता भने उपन्यास र आत्मसंस्मरणमा नै रहेको छ । यी सम्पूर्ण व्यक्तित्वहरूले उनको व्यक्तित्व उज्वल बन्न पुगेको छ ।

# चौथो परिच्छेद

# जगदीश घिमिरेको औपन्यासिक यात्रा र प्रवृत्ति

## ४.१ विषय परिचय

आधुनिक नेपाली साहित्यका क्षेत्रमा साहित्यकार जगदीश घिमिरेको नाम उल्लेख्य रहेको छ । साहित्यका महत्त्वपूर्ण विधा कथा, कविता, निबन्ध, उपन्यास, आत्मसंस्मरण देखि समालोचना जस्ता विधाहरूमा उनको स्थान महत्त्वपूर्ण छ । यस्ता साहित्यका महत्त्वपूर्ण विधाहरूमा लामो समयसम्म योगदान पुऱ्याउने घिमिरेले वि.सं. २०२०/०२१ तिरबाट फुटकर रचना प्रकाशित गरी हालसम्म पनि अनवरत रूपमा आफ्नो लेखनकार्यमा क्रियाशील बन्न पुगेका छन् । साहित्य सिर्जनाको प्रारम्भ कविता र कथा विधाबाट गरेका घिमिरेले हालसम्म दर्जनौं विधामा आफ्नो नाम दर्ता गरेका छन् । घिमिरेले उपन्यास विधामा भने २०२४ सालदेखि मात्र लेखनारम्भ गरेको पाइन्छ । २०२४ सालदेखि हालसम्म घिमिरेका तीनवटा पुस्तकका औपन्यासिक कृतिहरू प्रकाशित भएको पाइन्छ ।

## ४.२ जगदीश घिमिरेको औपन्यासिक यात्रा

उपन्यासकार जगदीश घिमिरेको औपन्यासिक यात्रा वि.सं. २०२४ देखि सुरू भएर हालसम्म निरन्तर रूपमा क्रियाशील रहेको छ । करिब ४५ वर्षसम्मको लामो अवधिमा घिमिरेका तीनवटा प्रकाशित पुस्तकाकार औपन्यासिक कृतिहरू रहेका छन् । वि.सं. २०२४ मा लेखनारम्भ भएको लिलाम उपन्यास वि.सं. २०२७ मा प्रकाशित भएको देखिन्छ । त्यसैगरी **साबिती** र **सकस** पनि क्रमशः २०३२ र २०६९ सालमा प्रकाशनमा आएका छन् । विषयवस्तुको संरचना, सङ्गठन, व्यवस्थापन, भाषिक अभिव्यक्ति, कलात्मक, शैलीगत नवीनता, आयाम जस्ता प्रवृत्तिहरूलाई आधार बनाई घिमिरेको औपन्यासिक यात्रालाई मुख्य रूपमा दुई चरणमा विभाजन गरी अध्ययन गर्दा उनको सम्पूर्ण औपन्यासिक क्षेत्र समेट्न सकिन्छ ।

क) पूर्वार्द्ध चरण - वि.सं. २०२४-२०३२

ख) उत्तरार्द्ध चरण - वि.सं. २०३३ - हालसम्म

यी माथि उल्लेखित दुई चरणका आधारमा घिमिरेका औपन्यासिक चरणगत प्रवृत्तिको अध्ययन गर्न सकिन्छ ।

**क) पूर्वार्द्ध चरण (२०२४–२०३२ सालसम्म)**

जगदीश घिमिरेले आफ्नो औपन्यासिक लेखनको थालनी वि.सं. २०२४ देखि गरेका हुन् । हुनत उनको पहिलो उपन्यास **लिलाम** वि.सं. २०२७ मा आएर मात्र प्रकाशित भएको पाइन्छ तर त्यसको लेखनारम्भ २०२४ सालमै भएकाले उनको औपन्यासिक यात्रा २०२४ सालदेखि रहे पनि घिमिरेका यस चरणका औपन्यासिक कृतिहरूले विषय, भाव, भाषा, सङ्गठन, शिल्प आदिको अत्यन्त महत्त्वपूर्ण हिस्सा ओगटेका छन् । उनका यस चरणका उपन्यासमा सामाजिक कुरीति, कुसंस्कार, अस्तव्यस्तता, अव्यवस्था, राजनीतिक शासन व्यवस्थाको लापरवाही, राजनैतिक, अराजकता, विकृति र विसङ्गतिप्रतिको तीव्र असन्तोष एवं गम्भीर आलोचना रहेको पाइन्छ । सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, राजनैतिक विसङ्गतिको टट्कारो उद्घाटन, यौनविकृतिको यथार्थ चित्रण, भय र त्रासको प्रस्तुति, कारुणिकता, सामाजिक एवं राजनैतिक कुण्ठा, जातीय एवं लैङ्गिक असमानता, वर्गीय द्वन्द्व आदि उनका यस चरणका औपन्यासिक प्रवृत्ति हुन् ।

समाजमा घट्ने र घट्न सक्ने यथार्थ घटना र ती घटनाहरूले निम्त्याउने समस्याहरूलाई टपक्क टिपेर विषयवस्तु बनाएर आफ्ना उपन्यासमा प्रस्तुत गर्ने उपन्यासकार घिमिरेले यस चरणका उनका **लिलाम** र **साबिती** उपन्यासमा नेपाली ग्रामीण समाजमा बसोबास गर्ने निम्न वर्गका दुःख, पीर, व्यथा, व्यवधान, पीडा, छट्पटी, कारुणिकता आदि सबै पक्षको सफल प्रस्तुति दिएका छन् । रुढिगत मान्यता, आडम्बर, वर्गीय सङ्घर्ष, जातीय द्वन्द्व विसङ्गत पक्ष, शोषण, दमन, अन्याय, अत्याचार, उत्पीडन र भयावह एवं त्रास जस्ता प्रवृत्तिलाई ज्वलन्त रूपमा प्रस्तुत गर्न पनि उनका यस चरणका उपन्यास सफल भएका छन् । समाजमा हुने ढिलासुस्ती, अकर्मव्यता, विकृति र विसङ्गतिको यथार्थ प्रकटीकरणका दृष्टिले पनि उनका यस चरणका उपन्यासको महत्त्वपूर्ण स्थान सुरक्षित रहेको मान्न सकिन्छ । समाजमा विद्यमान रहेका अभिजात एवं शोषक सामन्तहरूबाट समाजकै शोषित एवं पीडित रहे पनि विद्रोह गर्न खोज्ने तर नसक्ने समस्याले आक्रान्त पारेका चरित्रको प्रस्तुत गर्नु उनका यस चरणका उपन्यासको मूल प्रवृत्ति बन्न पुगेको छ । उनले आफ्नो जीवनकै पहिलो औपन्यासिक कृति **लिलाम**मा

समाजमा घट्ने गरेका घटनालाई यथार्थ ढङ्गमा प्रस्तुत गरेका छन् । समाजमा देखापर्ने विकृति, विसङ्गति एवं उतार-चढावलाई यथार्थ ढङ्गले उत्खनन् गर्दै समाजमा बसोबास गर्ने व्यक्तिहरूको सामाजिक, सांस्कृतिक, भौगोलिक एवं आर्थिक स्थितिलाई नवीन शैलीबाट प्रस्तुत गरेका छन् । उनको **लिलाम** उपन्यासले मन्थलीको सेरोफेरोको ग्रामीण समाज र त्यस समाजको जीवनशैली रीतिरीवाज, चालचलन आदि पक्षको चित्रण गरेको छ । केही मात्रामा हुने खाने र धेरै जसो हुँदा मात्र खाने वर्गको क्रियाकलापलाई उद्घाटन गर्नमा यो उपन्यास सफल अनि सिद्ध भएको छ । मन्थली वरिपरिका सीमान्तकृत वर्गको रहनसहन, जीवनपद्धति, भेषभूषा, खानपान, चालचलन, सोचाइस्तर आदिको यथार्थ प्रस्तुत गर्नमा यो उपन्यास सफल रहेको छ (पौडेल, २०६८ : ४८) ।

**लिलाम** उपन्यासका माध्यमद्वारा घिमिरेले गरिबीका कारणले जानीबुझी पनि आफ्नो जीवनको बली समेत चढाउनुपर्ने कारुणिक प्रस्तुति दिएका छन् । त्यसैगरी यस उपन्यासमा ग्रामीण नेपाली समाजका विभिन्न अवस्थाहरूलाई आलोचनात्मक ढङ्गबाट प्रस्तुत गर्दै शोषित चरित्रहरूमा विद्यमान् उग्रविद्रोहको स्वर जागरित गराउन खोजिएको छ । यसैगरी यस उपन्यासमा शोषक वर्गद्वारा शोषित वर्गीय नारी चरित्रलाई यौन तृप्तीको साधन बनाई गाउँबाटै निष्कासित हुनुपर्ने जस्ता घटनालाई समेत यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासले विपन्न वर्गमा निहीत अशिक्षा र अज्ञानताले आजित बनेको जीवनको चित्रण एवं शोषक वर्गका शोषणका अनेकौं तौरतरिकाहरूलाई स्पष्ट रूपमा प्रकट गरेको छ । नेपालको अधिकांश भू-भागमा बस्ने ग्रामीण क्षेत्रका अतिविपन्न एवं सीमान्तकृत वर्गको बोलीचाली, रीतिरिवाज, चाडपर्व, भेषभूषा, चिन्तन, आकाङ्क्षा, उतार-चढाव, जीवनको विद्रूपता, आर्थिक अवस्थाको झलक, प्राकृतिक सौन्दर्यको दृश्यावलोकन जस्ता पक्षलाई **लिलाम** उपन्यासले स्पष्ट रूपमा देखाउन सफल भएको छ ।

घिमिरेको यसै चरणको अर्को उपन्यास **साबिती**मा समाजमा देखा परेका शोषण, दमन, अन्याय र अत्याचारको वर्णन गरिएको छ । ग्रामीण समाजमा बसोबास गर्ने ठूला जातिका भनाउँदा र गरिब बिचको भिन्नताको चरम द्वन्द्व देखाउन यो उपन्यास सफल रहेको छ (गौतम, २०६२ : ४६) । नेपाली समाजमा घट्ने यथार्थपरक घटनाहरूलाई टपक्क टिपेर उपन्यासको विषयवस्तु बनाउने घिमिरेले आफ्ना उपन्यासका माध्यमद्वारा नेपालीहरूको दीनहीन गरिब समाजको दयनीय अवस्थाको चित्रण गरेका छन् । प्रत्येक

श्रमिक नागरिकहरूले बाँच्नका लागि अत्यावश्यक पर्ने गाँस, बास र कपासको व्यवस्था पाउनुपर्छ र उनीहरूले गरेको श्रमको उचित पारिश्रमिक पाउनुपर्छ भन्ने क्रान्तिकारी स्वर **साबिती** उपन्यासमा अभिव्यक्त भएको पाइन्छ । नेपाली वर्गीय समाजको चित्रण, पेशागत विकृति, शैक्षिक बेरोजगारी, चाकरी, चाप्लुसी, राजनीतिक शोषण, राजनैतिक अराजकता, असभ्यता, असमान, दमन तथा लेखक एवं पेशाकर्मीहरूको दुर्नियति आदि विषयलाई समेटिएको **साबिती** उपन्यास प्रयोगधर्मी उपन्यास हो (भेटवाल, २०६६ : ३६) । घिमिरेले यस चरणका उपन्यासमा समाजका सबैजसो क्षेत्रमा विद्यमान रहेका कुण्ठा, यातना, रुढि र वर्गीय विसङ्गतिका पक्षहरू र शोषण, दमन र उत्पीडनका अवस्थाहरू देखाएका छन् । खासगरी समाजमा विद्यमान वर्गीय द्वन्द्वलाई खिचेर पाठकमा पुऱ्याउने काम घिमिरेका यस चरणका उपन्यासको विशिष्टता बन्न पुगेको सहजै देख्न सकिन्छ । मानिसका विभीषिका, सन्त्रास, अभाव, आक्रमण, पलायन, लुछाचुडी, सहअस्तित्व, असंलग्न र निरस्त्रीकरण आदिबाट जन्मेको विसङ्गतिबाट छुट्कारा पाई आफ्नो हक, अधिकार, जीजिवीषा, आकाङ्क्षा बमोजिम बाँच्न पाउने वातावरणको सिर्जना हुनुपर्ने धारणा यस चरणका घिमिरेका उपन्यासमा अभिव्यक्त भएको छ । नेपाली समाजमा बसोबास गर्दै आएका मान्छेले भोग्दै आएका घटनालाई आफ्ना उपन्यासमा प्रस्तुत गर्ने घिमिरेले समाजमा रहेका र देखापरेका विसङ्गति र विशेष अवस्थालाई आफ्ना उपन्यासमा उन्ने काम गरेका छन् ।

पञ्चायती व्यवस्थाको आडमा शोषकद्वारा सर्वसाधारण जनताहरूले शोषित भई भोग्नुपरेका अनेकौं यातनाहरूको अवस्थालाई देखाइएको **लिलाम** उपन्यासमा पञ्चायती व्यवस्थामा विद्यमान राजनीतिक अस्तव्यस्तता, र ढिलासुस्तीलाई समेत देखाइएको छ भने **साबिती** उपन्यासले राजनीतिक द्वन्द्वले सर्वसाधारण जनताले भोग्नुपरेको कष्टकर जीवन देखाएको छ । विभिन्न वर्गीय तथा जातीय पात्रहरूको प्रयोग गर्ने घिमिरेका उपन्यासमा समाजमा विद्यमान यौनजन्य विकृति र त्यसले जनमानसमा पार्ने नकारात्मक असरको चित्रण गरिएको पाइन्छ । समाजका तल्लो वर्गका नारीहरूमाथि समाजकै ठूलाबडाले गरेको यौन शोषण एवं परपीडनका समस्यालई यिनका उपन्यासले ज्वलन्त रूपमा प्रस्तुत गरेका छन् । समाजमा रहेको हैकमवादी प्रवृत्ति, अनेकौं कुकृति, विकृति र विसङ्गतिलाई आफ्ना उपन्यासका माध्यमबाट देखाउने घिमिरेका उपन्यासमा प्रगतिशीलताको सङ्केत पनि पाइन्छ । विसङ्गतिको चरम नमुना प्रस्तुत गरी ठूलाबडाको हैकममा निम्नवर्गले विद्रोह गर्न

नसकेर भय र त्रासको वातावरणमा पिल्सनु परेको अवस्था पनि घिमिरेका उपन्यासमा भेट्न सकिन्छ । त्यसैले घिमिरेका यस चरणका उपन्यासहरू बढी यथार्थपरक छन् ।

उपन्यासमा विषयवस्तु, पात्र, परिवेश र स्थान सुहाउँदो भाषाको प्रयोग गर्न खप्पिस घिमिरेका यस चरणका उपन्यासमा संस्कृत तत्सम् तथा तद्भव शब्दहरूको प्रयोगका साथै नेपालीले ग्रामीण भू-भागमा बोल्ने स्थानीय भाषाहरूको पनि प्रयोग भएको पाइन्छ । उपन्यासमा सरल, सहज भाषाशैलीका साथै झर्रा नेपाली शब्दहरूको प्रयोगले रोचकता भर्ने काम गरेको छ । भाषालाई जीवन्त बनाउन नेपाली जनजीवनमा प्रचलित उखान, टुक्काको प्रयोगका साथै विभिन्न ठाउँमा व्यङ्ग्य अनि बिम्ब तथा प्रतीकहरूको समेत प्रयोग भएको छ । कवितात्मक मधुरताका साथमा व्यङ्ग्यको समेत प्रयोग गर्ने उनको भाषिक कौशलले पाठकको मन मस्तिष्कमा सहजै रूपमा स्पर्श गर्न सक्षम देखिन्छ । घतलाग्दा शब्दको उचित एवं पारदर्शी प्रयोगले कृतिमतालाई छाडी प्राकृतिक प्रयोग भेट्न सकिन्छ । समाजमा घटेका वा घट्न सक्ने घटनालाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गरी त्यसको समाधानतर्फ सचेत गर्न समेत घिमिरेका यस चरणका उपन्यासहरू सफल छन् । त्यसैले घिमिरेका पूर्वार्द्ध चरणका, उपन्यासहरूले नै पाठकको मन जित्न सफलै छन् ।

**ख) उत्तरार्द्ध चरण (२०३३ – हालसम्म)**

जगदीश घिमिरेको औपन्यासिक यात्राको उत्तरार्द्ध चरण वि.सं. २०३३ देखि हालसम्म रहेको छ । यस चरणमा उनको एउटै मात्र औपन्यासिक कृति प्रकाशन भएको छ । वि.सं. २०३३ देखि घिमिरेको उत्तरार्द्ध चरण प्रारम्भ भएपनि **सकस** उपन्यास भने वि.सं. २०६९ मा आएर प्रकाशन भएको छ । यस उपन्यासले आयाम र संरचनाका दृष्टिले पूर्वार्द्ध चरणका उपन्यास भन्दा व्यापक विषयवस्तुलाई समेटेको छ । पूर्वार्द्ध चरणका औपन्यासिक कृति र अन्य कृतिहरूको लेखनबाट प्राप्त परिपक्वताको अवस्थाबाट यस उत्तरार्द्ध चरणको **सकस** उपन्यास निकै बौद्धिक र व्यापक बन्न पुगेको छ । विषय, भाव, परिवेश, संरचना, उद्देश्य, बिम्ब प्रतीक आदिको यथेक्य प्रयोगले **सकस** उपन्यास बृहत् एवं उल्लेख्य रहेको पाइन्छ । अर्कोतर्फ यसै चरणको आत्मसंस्मरणात्मक कृति **अन्तर्मनको यात्रा**ले पाएको अद्भूत सफलताले पनि यस चरणको औपन्यासिक कृतिलाई प्रेरणा प्रदान गरेको छ । **सकस** उपन्यासमा विषयवस्तुको बहुलता पाइन्छ । यसले दुई सय पचास वर्ष अघि देखिको नेपालको इतिहास र वर्तमान कालखण्डका राजनीतिक परिवेश अनि त्यसले निम्त्याएका

अनेकौं अस्तव्यवस्तता र गतिविधिलाई विषयवस्तुका रूपमा समेटेको छ । यस उपन्यासले नेपाल एकीकरण हुनु पूर्वदेखि वर्तमान सम्मको राजनीतिक अवस्थाको आलोचनात्मक व्याख्या एवं विश्लेषण गरेको छ । प्रताप मल्ल, नरभूपाल शाहदेखि पृथ्वीनारायण शाह, उनका सन्तान, राणाशासन, प्रजातन्त्र स्थापना, पञ्चायत, बहुदल, गणतन्त्र र नयाँ नेपालको स्थापना समेतको इतिहासलाई यसले समेटेको छ । **सकस**भित्र अनेक सकसहरू आएका छन् । यस उपन्यासले जिल्ला-जिल्लाको, क्षेत्र-क्षेत्रको मात्र नभएर सम्पूर्ण नेपाल अधिराज्यकै सर्वाङ्गीण सकसलाई सङ्केत गरेको छ ।

**सकस** उपन्यासमा घिमिरेले नेपाली जनताले जुनसुकै राज्यव्यवस्था आएपनि सकसै-सकसमा बाँच्नुपर्ने राजनीतिक व्यवस्थाको आलोचना गरेका छन् । यसमा विना अपराध निर्वासित, विस्थापित जनताका बिचमा आइपरेको सकसलाई प्रस्तुत गरिएको छ । अनगिन्ती निर्दोष, निहत्था जनता विनासित्ति मारिदाको सकस हो । देशको सङ्कटको, राजनीतिक सङ्कटको सकस हो । (नेपाल २०६९ : आवरण पृष्ठ) । इतिहास, दर्शन र विचार धाराको सन्तुलित एवं व्यवस्थित प्रयोगले यो उपन्यास अन्य उपन्यास भन्दा विस्तृत एवं व्यापक बन्न पुगेको छ । यसले पुराणको समुद्रबाट केही इतिहासको यथार्थबाट केही, वर्तमानको आँधीबेहरीबाट केही, भविष्यको भिजनबाट केही र कल्पनाको आकाशबाट केही महत्त्वपूर्ण पात्रहरूलाई समेटेको छ । मूल रूपमा काल्पनिक पात्रहरूले नै यसलाई समसामयिक स्वरूप दिएका छ्न (घिमिरे, २०६९ : भूमिका) शाहवंश देखि वर्तमान अवस्थासम्मको राजनीतिक शासन व्यवस्थाले नेपाली जनताले पाएका दुःख, कष्ट, व्यथा र व्यवधानको चरम नमुना प्रस्तुत गर्नमा यस चरणको **सकस** उपन्यास सफल भएको छ । यस उपन्यासले अढाई सय वर्षको इतिहासमा नेपाली जनताले भोग्नुपरेको कष्टप्रद जीवनको चित्रण गर्दै ती शासन व्यवस्थाहरूप्रति नेपाली जनताहरूले नै विद्रोह गर्नुपर्ने धारणा व्यक्त गरेको छ । खासगरी यस उपन्यासमा पीडा छ, घृणा छ, कारुणिकता छ, जसले पाठकको मनलाई विह्वल बनाउन सफल भएको छ । यस उपन्यासले नेपाली जनताको कारुणिक जीवनशैली व्यक्त गर्दै मानवीय मूल्य र मान्यताको ह्रासोन्मुख प्रवृत्तिको चित्रण गरेको छ । राजनीतिक खिचातानीको चपेटामा परेका नेपाली जनताले बाँचेको जीवन कुण्ठित, थकित र निराशायुक्त छ भन्ने कुराको उल्लेख पनि यस उपन्यासले गरेको छ । सामाजिक यथार्थवाद, मनोवैज्ञानिक यथार्थवाद, राजनैतिक यथार्थवाद, मानवतावाद, नारीवाद, कारुणिकता, मार्क्सवादी दृष्टिकोण, व्यङ्ग्यात्मकता, आञ्चलिकता, ऐतिहासिकता आदिको प्रयोगले

घिमिरेका यस चरणका औपन्यासिक कृतिको महत्त्वपूर्ण स्थान सुरक्षित बन्न पुगेको छ । यसको सन्तुलित र व्यवस्थित प्रयोगले उनका उपन्यास नेपाली आख्यान साहित्यमा एक अनुपम प्राप्तिका रूपमा आएको छ । **सकस** छरितो भाषा, पुराण सम्मत शैली र ललित व्यङ्ग्यका दृष्टिले समेत उच्च रहेको छ (ढकाल, २०६६ : आवरण पृष्ठ) ।

नेपाली साहित्यमा नवीनताका साथ उपन्यासलाई प्रस्तुत गर्ने घिमिरेको उत्तरार्द्ध चरणको **सकस** उपन्यासले लामो परिवेशलाई समेटेर पनि संरचनालाई तन्दुरुस्त बनाएको छ । नेपाली आख्यानमा सर्वथा नवीन बान्की बोकेको **सकस** नेपाली साहित्यको मूल्यवान धरोहर हो । यसमा काहाली लाग्दो इतिहास छ । मूल्य क्षय हुँदै गएको वर्तमान राजनीतिक यथार्थ छ अनि त्यसले भित्र्याएको डर लाग्दो भयावह अवस्थाको जीवन्त कथानकका रूपमा रूपान्तरित भएर आएको छ (पाण्डे, २०६९ : आवरण पृष्ठ) । घिमिरेका पूर्वार्द्ध चरणका उपन्यासले समाजको परिवेश र त्यसमा आएको विकृति र विसङ्गतिलाई प्रस्तुत गरेको छ भने यस चरणको उपन्यासले एकातिर स-साना बालिकाहरू बलत्कारको सिकार बन्नु परेको कथा छ भने अर्कातिर २०६२/०६३ सालको मधेश आन्दोलनले निम्त्याएको जातीय द्वन्द्वले ल्याएको आपसी वैंमनष्यताको खाडलबाट उत्पन्न भयावहको अवस्था चित्रण गरेको छ । शाहकालीन र राणाकालीन समयमा विद्यमान सती प्रथाको दर्दनीय अवस्थाको चित्रण समेत यस उपन्यासमा चित्रित छ । शोषक सामन्त राणाशासन विरुद्ध नेपाली वीर योद्धाहरूले गरेको सङ्घर्ष छ । विभिन्न शासन व्यवस्थामा देखापरेका राजनीतिक पार्टी र त्यसले निर्दोष जनतामाथि गरेको अन्याय, अत्याचार, शोषण, दमनको कथा, व्यथा र यातनाको जीवन्त कथा यस चरणको उपन्यासमा चित्रित छ । एउटा सामान्य व्यक्तिले समेत आफ्नो स्वतन्त्र जीवन बाँच्न नपाउने र विना अपराध अपराधीको बिल्ला धारण गर्न लगाएर यातना भोग्नुपर्ने विवशता छ । सिन्धुलीगढीमा फिरङ्गीसँग भिड्दाका कथादेखि दरबारका तन्त्र साधना र गेरुबस्त्रका आडमा गरिने बकवासहरू छन् । राजदरबार हत्याकाण्डदेखि काङ्ग्रेसको मुक्तियुद्ध आन्दोलनका पीडा छन् । भैरवनाथ गणका यातनादेखि दोरम्बा र जनसरकारका उर्दीहरू छन् । माओवादी जनयुद्धदेखि मधेश आन्दोलनका काहालीलाग्दा घटना छन् । आन्दोलनका चरम नमुनाबाट सिर्जित हैरानी प्रति महिला र बुढेसकालका तिरस्कार छन् । समग्रमा भन्दा **सकस** उपन्यासले इतिहासका पुराना पन्नादेखि वर्तमान वैज्ञानिक युगसम्मको अवतरण गरेको छ । घिमिरेले **सकस** उपन्यासका माध्यमबाट देशले बोकेको युगौंदेखिको सकसलाई उतार्ने काम गरेका छन् । त्यसैले घिमिरे यस चरणका

उपन्यासमा गहन इतिहासका पन्नालाई उल्ट्याएर नवीन कोणबाट व्याख्या गर्न सक्षम भएका छन् ।

## ४.३ उपन्यासकार जगदीश घिमिरेका औपन्यासिक प्रवृत्तिहरू

उपन्यासकार जगदीश घिमिरेको औपन्यासिक यात्रा वि.सं. २०२४ देखि सुरुवात भएको हो । लेखनका दृष्टिकोणले २०२४ सालबाट मात्र सुरुभए पनि उनको प्रथम उपन्यास **लिलाम** २०२७ सालमा मात्र प्रकाशित भएको पाइन्छ । लेखन कार्यको बिन्दुबाट वि.सं. २०६९ को **सकस** उपन्याससम्म आइपुगेको छ । उनका तीनवटा प्रकाशित उपन्यासलाई आधार मानेर हेर्दा विभिन्न औपन्यासिक प्रवृत्तिहरू देखापर्दछन् । यी तीनवटै उपन्यासहरूको सेरोफेरोमा रहेर उनका औपन्यासिक प्रवृत्तिहरूलाई निम्नलिखित उपशीर्षकहरूमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

### ४.३.१ सामाजिक यथार्थवादी प्रवृत्ति

जगदीश घिमिरे आधुनिक नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादी धाराका उपन्यासकार हुन् । नेपाली उपन्यास परम्परामा रुद्रराज पाण्डेको **रूपमती** (१९९१) उपन्यासमा सामाजिक यथार्थवादको आंशिक प्रभाव रहे पनि लैनसिंह बाङ्देलको **मुलुक बाहिर** (२००४) नै पहिलो सामाजिक यथार्थवादी उपन्यास हो । यसै धारामा टेकेर घिमिरेले पनि आफ्ना सबै उपन्यासहरू **लिलाम** (२०२७), **साबिती** (२०३२) र **सकस** (२०६९) मा सामाजिक यथार्थवादी दृष्टिकोण प्रयोग गरेका छन् । सामाजिक यथार्थवाद समाजको ऐना हो । यस्ता उपन्यासमा समाजमा घट्ने र घट्न सक्ने यथार्थ घटनाहरूलाई जस्ताको त्यस्तै रूपमा प्रकट गरिएको हुन्छ । अर्को शब्दमा भन्दा जसले समग्र समाजमा जे-जस्ता घटनाहरू घट्छन्, त्यसलाई उपन्यासको विषयवस्तु बनाइ स्पष्ट रूपमा उतार्ने काम गर्छ । घिमिरे आफ्ना उपन्यासमा समाजका बहुसङ्ख्यक जनताले जीवनमा घट्ने र भोग्ने घटनालाई उपन्यासको विषयवस्तु बनाउन खप्पिस देखिन्छन् । घिमिरे समाजका शहरी र अभिजात परिवारमा देखापर्ने घटनालाई केही हदसम्म नछोएर समाजका ग्रामीण अनि निम्न वर्गीय व्यक्तिहरूलाई प्रतिनिधित्व गराई आफ्ना उपन्यासहरूमा प्रस्तुत गर्ने गर्दछन् । निम्नवर्गीय पक्षको चित्रण हुन सक्ने विषयलाई टपक्कै टिपेर आफ्ना उपन्यासमा प्रस्तुत गर्नु उनको औपन्यासिक विशेषता बन्न पुगेको छ ।

घिमिरेले **लिलाम** उपन्यासमा नेपाली ग्रामीण समाजमा बसोबास गर्ने निम्न वर्गीय मानिसहरूले पाएको दुःख, पीर, व्यथा र व्यवधानहरूलाई प्रस्तुत गरेका छन् । उनले ग्रामीण क्षेत्रका बहुसङ्ख्यक जनताको जीवनमा घट्ने घटनाहरूलाई उपन्यासको विषयवस्तु बनाएका छन् । समाजमा समुन्नत वर्गका व्यक्तिहरूले शैक्षिक, आर्थिक र जातीय रूपमा पिछडिएका जनतामाथि गरेको थिचोमिचो र शोषणको चित्रण गर्ने यथार्थ तस्वीर उनका उपन्यासमा देखिन्छ । बहादुरे जस्ता निम्नवर्गीय चरित्रहरू शोषक सामन्तीहरूबाट शोषित भए पनि विद्रोह गर्न नसक्नुले उपन्यास झर्ने यथार्थतिर उन्मुख देखिएको छ । उनको अर्को उपन्यास **साबिती**मा पनि यथार्थवादी प्रवृत्ति भेटिन्छ । उपन्यासको विषयवस्तुले समाजमा हुने दमनको पराकाष्टा देखाएको छ । विकृति र विसङ्गतिको नमुना प्रस्तुत गर्दै जनताले आजित हुनुपरेको विषय यसले प्रस्तुत गरेको छ । उपन्यासकार स्वयम् 'म' पात्रका माध्यमबाट समाजका हरेक क्षेत्रमा उपस्थित भएर आफ्ना जीवनमा देखेका, सुनेका र भोगेका सामाजिक विकृति र विसङ्गतिलाई टपक्क टिपेर उपन्यासमा जस्ताको त्यस्तै प्रस्तुत गरेका छन् । उपन्यासका घटनाहरूले समाजका ढिलासुस्ती, लापर्वाही र विसङ्गतिप्रति चोटिलो व्यङ्ग्य समेत प्रहार गरेको पाइन्छ । उनको पछिल्लो चरणको **सकस** उपन्यास पनि सामाजिक यथार्थवादको धरातलमा उभिएको छ । अभिजात वर्गले निम्नवर्गमाथि गरेको दमन, शोषण, निर्दोष जनताले निरापराध खेप्नु परेको पीडा र वेदना स्पष्ट रूपले रेखाङ्कित भएको छ । विभिन्न शासक व्यवस्थाले जनताहरूलाई दिएको पीडाको चित्र उतार्न पनि यो उपन्यास सक्षम भएको छ । घिमिरेका औपन्यासिक विषयवस्तु, घटना, चरित्र, परिवेश, भाषा र उद्देश्य सबै सामाजिक यथार्थको धरातलबाट उत्पन्न भएका छन् । सामाजिक जीवनको टट्कारो र जीवन्त समस्याहरूलाई आफ्ना उपन्यासहरूमा समेट्ने घिमिरे सामाजिक यथार्थवादी प्रवृत्तिका उपन्यास लेख्ने उपन्यासकार हुन् ।

### ४.३.२ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

समाजमा रहेको यथार्थको चित्रण गर्ने क्रममा विसङ्गति र विकृतिप्रति आलोचना गरी लेखिएको उपन्यासलाई आलोचनात्मक यथार्थवादी उपन्यास भनिन्छ । नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवाद पछिको लेखन प्रवृत्ति आलोचनात्मक यथार्थवादी प्रवृत्ति हो (सुवेदी, २०५३ : १३३) । आलोचनात्मक यथार्थवादमा समाजमा विद्यमान दुषित र अहितकारी तत्त्वहरूप्रति विमति प्रकट गरी आलोचना गरिएको हुन्छ । अन्धविश्वास र

समाजलाई दुर्गन्धित बनाउने रुढीवादी कुप्रथाहरूको कटुआलोचना यस प्रकारका उपन्यासहरूमा गरिएको हुन्छ (प्रधान, २०४३ : ११४) । यस्ता उपन्यासहरूमा शोषित, पीडित र गरिबप्रतिको सहानुभूति दर्शाइएको हुन्छ । नेपाली उपन्यास परम्परामा लैनसिंह बाङ्देलको **लङ्गडाको साथी** (२००८) उपन्यासमा आलोचनात्मक यथार्थवादको छिटपुट गन्ध रहेपनि ठोस रूपमा हृदयचन्द्र सिंह प्रधानको **स्वास्नी मान्छे** (२०११) बाट विधिवत रूपमा यस धाराले प्राथमिकता पाएको पाइन्छ ।

जगदीश घिमिरेका उपन्यासहरूमा मुख्य रूपमा आलोचनात्मक यथार्थवादी प्रवृत्ति आएको हुन्छ । उनले यसैमा खुट्टा राखी आफूलाई आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा परिचित बनाएका छन् । उनका तीनवटै उपन्यासहरू आलोचनात्मक यथार्थवादी धरातलमा उभिएका छन् । उनका उपन्यासमा समाजका रुढिगत मान्यता, वर्गीय सङ्घर्ष र विसङ्गतिका पक्षहरूलाई, शोषण दमन अनि उत्पीडनलाई आलोचनात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । समाजमा देखापर्ने रीतिरिवाज, संस्कृति, परम्परा, रहन-सहनमा आएको विकृतिप्रति कटु आलोचना गर्न उनका उपन्यासहरू पछि परेका छैनन् । समाजमा विद्यमान अहितकारी, दुषित एवं दुर्गन्धित तत्त्वहरूको भण्डाफोर गर्नमा पनि उनका उपन्यास सक्षम छन् । घिमिरेले आफ्ना उपन्यासमा समाजका सबै क्षेत्रमा झ्याङ्गिएर बसेको रुढी र वर्गीय विसङ्गतिका अनेकौं पक्षहरूलाई, शोषण, दमन र उत्पीडनलाई आफ्ना उपन्यासका माध्यमबाट प्रस्तुत गरेका छन् । समाजमा विद्यमान समस्या, चिन्तन एवं विचारलाई आलोचना गर्ने प्रवृत्ति पनि उनमा निहित रहेको छ । चिन्तनका दृष्टिले घिमिरेका तीनवटै उपन्यासहरू आलोचनात्मक यथार्थवादी देखापर्दछन् । यसरी समाजमा विद्यमान समस्याहरूलाई उपन्यासका माध्यमबाट कटु आलोचनात्मक टिप्पणी गर्नु उनको औपन्यासिक प्रवृत्ति बन्न पुगेको छ ।

### ४.३.३ विसङ्गतिवादी प्रवृत्ति

आधुनिक नेपाली उपन्यासका क्षेत्रमा इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) बाट विसङ्गतिवादी धाराको प्रादुर्भाव भएको हो । यस वादले संसार विसङ्गत छ । हामी विसङ्गतिका बिचमा हुर्किरहेका छौं । मानिस आफ्नो अस्तित्व जोगाउनका निम्ति सङ्घर्ष गर्दछ तर सङ्घर्षबाट पनि मानिसले केही पाउन सक्दैन । ऊ विसङ्गतिमा रुमलिन्छ भन्छ । यही प्रसङ्गलाई साहित्यमा विसङ्गतिवादी धाराले प्रस्तुत गर्दछ । मान्छेको जीवन बाह्य र

आन्तरिक जटिलतामा अल्झेको अवस्थामा मानवीय जीवनलाई अर्थ दिने क्रममा मान्छेले प्रकृतिका अन्य पक्षहरूभन्दा आफूलाई श्रेष्ठ ठान्ने आफैंलाई प्रतिष्ठा दिने प्रयासमा आफू विसङ्गत हुनुको, आफूले जीवन निर्वाह गर्नुको सङ्गतिबोध गर्दा विसङ्गतिलाई आत्मसात् गर्दै आएको छ । जुन घिमिरेका तीनवटै उपन्यासहरूमा देखापर्दछन् । घिमिरेका आफ्ना उपन्यासहरूमा मानिसका विभीषिका, सन्त्रास, अभाव, आक्रमण, पलायन, लुछाचुडी र सहअस्तित्व, असंलग्न, निरस्त्रीकरण, हत्या, आतङ्क आदिबाट जन्मेको विसङ्गति र मान्छेले भोग्दै आएको दुःख, पीडा र वेदना जस्ता घटना प्रस्तुत गर्दछन् ।

जगदीश घिमिरेले आफ्ना तीनैवटा उपन्यासहरूमा विसङ्गतिको चरम नमुना प्रस्तुत गरेका छन् । **लिलाम** उपन्यासमा बहादुरेको जीवनको अभाव, सन्त्रास र पलायनको चित्रण गरिएको छ । भोलि सर्वस्व लिलाम हुने मानसिक सन्त्रासले तामाकोसीमा आत्महत्या गर्न हिँडेको बहादुरे परिवारको लागि भएपनि आफ्नो अस्तित्व खोज्न पुगेको छ । माइली कतै पनि साहारा नपाएर एक्लो महसुस गर्न पुगेकी छे । ऊ हिजोसम्म झुत्ती खेल्ने सारा कुकुरहरूले छाडेकी कुकुर्नी जस्ती आफूलाई महसुस गर्छे जसको कारणले माइली रुनु कि हाँस्नु ? मर्नु कि बाँच्नु ? भन्ने कुराको द्वन्द्वले विसङ्गत बोध गर्न पुग्दछे । यसरी यस **लिलाम** उपन्यासका निम्न वर्गीय पात्रहरू कुनै न कुनै कुराबाट विसङ्गत बोध गर्न पुग्दछन् । **साबिती** उपन्यासको 'म' पात्रको जीवन नै विसङ्गत छ । यसमा विसङ्गत जीवन बाँच्नुको निरीहता देखाइएको छ । **साबिती**मा उपन्यासकारले अस्पतालका डाक्टर, नर्सले विपन्न वर्गका विरामीहरू प्रति गर्ने भेदभाव एवं दुष्कार्यपूर्ण व्यवहारको विसङ्गत नमुना प्रस्तत गरिएको छ । त्यसैगरी हाकिम र कम्पाउण्डरले गर्ने गरेको विवश वेश्याहरूको शोषण, पञ्च नेताहरूको विलासीपूर्ण व्यवहारहरूको विसङ्गतिपूर्ण जीवनभोगाइ समेत प्रस्तुत गरिएको छ । उनको **सकस** उपन्यासले पनि विसङ्गत अवस्थाकै चित्रण गरेको छ । निरपराध घोर सजाय भोग्नु पर्ने शरदको जीवन नै विसङ्गत छ । साना-साना बालिकाहरू बलत्कार हुँदाको विसङ्गत पनि यस उपन्यासमा जीवन्त बन्न पुगेको छ । सर्वसाधारण जनताहरू जहाँ बसाइँ सरेर गएपनि सुखपूर्वक जीवन बिताउन नपाउने विवशताको विसङ्गत पनि यस उपन्यासमा अङ्कन गरिएको छ । हत्या आतङ्क, आक्रमण, अभाव, लुछाचुडीको जेलभित्र जेलिएकी कुमारीको अस्तित्व नै विसङ्गतिको पर्दाले ढाकिएको छ । बुढेसकालमा छोरा बुहारीबाट अपहेलित जीबाको असक्त जीवन भोगाइले पनि बाँच्ने जीवनप्रति विसङ्गत पैदा गरिएको छ । यसरी समाजमा रहेका वा देखापरेका विसङ्गत र

विशेष अवसहरूको चित्रण गर्न उनका उपन्यासहरू सक्षम भएका छन् । उपन्यासका माध्यमबाट विसङ्गतिपूर्ण मानव जीवनको चित्रण गर्नु घिमिरेको औपन्यासिक प्रवृत्ति बन्न पुगेको छ र उनका उपन्यासहरू विसङ्गतै विसङ्गतमा उभिएका छन् ।

### ४.३.४ ऐतिहासिकता

ऐतिहासिक पात्र, घटना र वातावरणका आधारमा लेखकले कल्पनाशक्तिद्वारा सजीवता प्रदान गरी लेखिएका उपन्यासलाई ऐतिहासिक उपन्यास भनिन्छ । यस्ता उपन्यासहरू लिखित वा प्रमाणित इतिहासको आधार लिएर लेखिएका हुन्छन् । इतिहासमा उल्लेख भएकै पात्रहरूलाई उपन्यासकारले कल्पनाका सहायकताले चित्रण गर्दछन् (ढुङ्गेल र दाहाल, २०५९ : १७०) । घिमिरेका उपन्यासमा ऐतिहासिकता पनि पाइन्छ । उनको **सकस** उपन्यासमा ऐतिहासिक विषयवस्तुको संयोजन गरिएको छ । यस उपन्यासले अढाई सय वर्षे नेपालको इतिहासलाई जीवन्त रूपमा प्रस्तुत गरेको छ । यसमा तत्कालीन समाजको सामाजिक, धार्मिक, राजनैतिक, आर्थिक, सांस्कृतिक इतिहासको यथार्थमा नेपाली पिल्सनुपरेका कथाहरूको सजीव वर्णन गरिएको छ । तत्कालीन समयको क्रमिक विकासको अवस्था र अन्य मानवीय प्रवृत्तिहरूको चित्रण **सकस** उपन्यासले देखाउन खोजेको छ । त्यसैले उपन्यासकार घिमिरेमा इतिहास जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्ने औपन्यासिक कला पाइन्छ । समग्रमा भन्दा **सकस** उपन्यासले ऐतिहासिक यथार्थको औपचारिक शैली, शिल्प र संरचना बोकेको छ । त्यसैले घिमिरेका औपन्यासक प्रवृत्तिमध्ये ऐतिहासिकता पनि सफल प्रवृत्तिका रूपमा दर्ता भएको छ ।

### ४.३.५ राजनीतिक विकृतिको उद्घाटन

उपन्यासकार जगदीश घिमिरेले आफ्ना उपन्यासहरू मार्फत् नेपालको राजनीतिमा देखिएका विभिन्न विकृतिहरूको उद्घाटन गरेका छन् । उनको **लिलाम** उपन्यासमा पञ्चायती व्यवस्थाका आडमा सर्वसाधारण जनताले पाएको शोषण अनि दमनको प्रस्तुत गरिएको छ । पञ्चायती व्यवस्थामा विद्यमान राजनीतिक अस्तव्यस्तता, अस्थिरता र ढिलासुस्तीको प्रस्तुति यस उपन्यासले गरेको छ । राजनीतिक अस्थिरता र विकृतिका कारण नेपाली जनताका सामू देखिएको नैराश्यताको चित्रण गर्न पनि यो उपन्यास सक्षम बनेको छ । **साबिती** उपन्यासमा प्रयुक्त 'म' पात्रमा राजनीतिक द्वन्द्वले पुऱ्याएको मानसिक चोट

प्रस्तुत गरिएको छ । यस उपन्यासमा प्रयुक्त पुलिस, डाक्टर र नर्सको घिनलाग्दो व्यवहारले तत्कालीन राज्यव्यवस्थामा हुने गरेका पेशागत विकृतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । **लिलाम** उपन्यासमा प्रयुक्त मास्टर, वकील र डाक्टरका माध्यमबाट पनि पञ्चायती व्यवस्थामा विद्यमान पेशागत विकृतिलाई स्पष्ट रूपमा देखाइएको छ । **सकस** उपन्यास पनि राजनीतिक परिपाटी भन्दा बाहिर छैन । राणाकालीन राजनीतिले होस् अथवा शाहाकालीन चाहे माओवादीकालको द्वन्द्वले निम्त्याएको राजनीतिक दङ्गाफसाद् होस् अनि मधेश आन्दोलनले ल्याएको जातीय द्वन्द्व नै किन नहोस् कसैलाई पनि राजनीतिकइतर मान्न सकिँदैन । यसले त्यस्ता सबै किसिमका राजनीतिक परिपाटीलाई जीवन्त रूपमा समेटेको छ । माओवादीले सिधासोझा जनतामा ल्याएको आतङ्क अनि सत्ता कब्जा गर्ने हतियार बनाएको यथार्थताको प्रस्तुति पनि यस उपन्यासमा अभिव्यक्त भएको छ । माओवादीका नाममा सेनाद्वारा सर्वसाधारण जनताले पाएको यातना पनि राजनीतिक घटनाको साक्षी बन्न पुगेको छ । यसरी युगौँदेखि नेपाली राजनीतिले भित्र्याएको विकृति र विसङ्गतिलाई आफ्ना उपन्यासमा प्रस्तुत गर्ने प्रवृत्ति घिमिरेको रहेको छ ।

### ४.३.६ यौनविकृतिको चित्रण

जगदीश घिमिरेका उपन्यासहरूमा समाजमा विद्यमान यौनजन्य विकृति र विसङ्गतिको चित्रण गरिएको हुन्छ । समाजमा भित्रभित्रै मौलाइरहेका यौनव्यवहार, परपीडनका विकृतिहरू र मौन अपराधलाई उनका उपन्यासले प्रस्तुत गरेका हुन्छन् । घिमिरेको **लिलाम** उपन्यासमा बहादुरेकी छोरी माइली करवीर महर्जनकी मनोरञ्जनको साधन बन्न पुगेकी छे । पम्फी दमिनीलाई आफ्नै गाउँका सम्भ्रान्त वर्गका व्यक्तिहरू मङ्गलध्वज र धनप्रसादले भोगविलासको भाँडो बनाउनु र आफ्नो कर्तुत् नखुलोस् भनेर अनेकौँ प्रलोभन देखाउँदै डाँडो कटाउनुले पनि समाजका तल्लो वर्गका नारीहरूमाथि गाउँका सम्भ्रान्त एवं ठूलाबडाले गरेको यौनशोषण र परपीडनका समस्यालाई यस उपन्यासले प्रस्तुत गरेको छ । **साबिती** उपन्यासमा एउटै घरका ठूल्दिदी, आमा र छोरीको वेश्यावृत्तिले पिंढीगत नारीयौन शोषण र उत्पीडनलाई प्रस्तुत गरेको छ । त्यसैगरी **सकस** उपन्यासले पनि यौनविकृतिको चित्रण गरेको छ । सानै उमेरमा आफन्त भनाउँदाहरूबाट बलत्कृत हुनु, लालले कुमारीका आमा छोरीलाई नै आफ्नो सिकार बनाउन खोज्नु, सडकमा बस्ने बेसाहारा

लाटीलाई समेत खेलौनाको साधन बनाउनु जस्ता घटनाको सेरोफेरोको प्रस्तुतिले घिमिरे उपन्यासमा यौन विकृतिको नाङ्गो चित्रण गर्न सफल छन् भन्न सकिन्छ ।

### ४.३.७ आञ्चलिकता

स्थानीय परिवेशलाई समेटिएर लेखिएका उपन्यासहरूलाई आञ्चलिक उपन्यासका घेराभित्र राखिएको पाइन्छ । नेपाली उपन्यासका परम्परामा शङ्कर लामिछानेको **खैरेनीघाट** उपन्यासबाट यस किसिमका उपन्यासको लेखनारम्भ भएको पाइन्छ । उपन्यासमा आञ्चलिकताले सानो क्षेत्रमा वर्णित भू-बनोट, स्थानीय परम्परा, संस्कार, संस्कृति, जीविकोपार्जन, बोलिचाली, रहनसहन, रीतिस्थिति जस्ता कुराको प्रस्तुति गरिएको हुन्छ ।

जगदीश घिमिरेको **लिलाम** उपन्यासमा खासगरी आञ्चलिक प्रवृत्तिको प्रचुरता छ । यसमा नेपालको पूर्वी पहाडी भेगमा बसोबास गर्ने मानिसहरूको रहनसहन, सांस्कृतिक परम्परा, चालचलन, बोलिचाली, आदिको यथार्थ चित्रण गरिएको छ । विशेषगरी उत्तरपूर्वी नेपालको सुनकोसी, तामाकोसी र अन्य नदीहरूको तटीय क्षेत्रमा बसोबास गर्ने माझीहरूका आर्थिक, शैक्षिक तथा दिनचर्याका समस्याहरूलाई चित्रण गर्नमा **लिलाम** उपन्यास सक्षम रहेको छ । त्यस्तै **सकस** उपन्यासमा पनि आञ्चलिकताको धङ्गधङ्गी भेट्न सकिन्छ । यसमा मन्थली क्षेत्रको परम्परा प्रस्तुत गर्नुका साथै पूर्वी तराई क्षेत्रको जीवनशैली प्रस्तुत गरिएको छ । समाजमा उपेक्षित वर्गमाथि सम्भ्रान्त वर्गको थिचोमिचोको चित्रण यसमा गरिएको छ । समाजका शोषण दमन र हैकमवादी प्रथा र त्यसबाट हुने अत्याचार प्रस्तुत गर्न घिमिरे सफल रहेका छन् । ग्रामीण भेगको संस्कृति, राजनीतिक, धार्मिक एवं सामाजिक परिवेशलाई अत्यन्तै रोचक एवं सूक्ष्म तरिकाबाट आफ्ना उपन्यासमा सिँगार्नाले घिमिरेका उपन्यासमा आञ्चलिकताको प्रवृत्ति छाएको छ ।

### ४.३.८ प्रयोग वैचित्र्यता

परम्परागत उपन्यास लेखन शैलीलाई अनुसरण नगरी नवीन र मौलिक शैलीमा लेखिएको उपन्यासहरूलाई प्रयोगवादी उपन्यास भनिन्छ । यस प्रकारका उपन्यासहरूमा नयाँ शैली, नयाँ ढाँचा र नवीन शिल्प पाइन्छ । घिमिरेका सबै उपन्यासहरू फरक शैली र ढाँचामा लेखिनुले उपन्यास लेखनमा उनको प्रयोगवैचित्र्यता झल्किन्छ । उनको **साबिती**

उपन्यासको कथावस्तु आख्यानबाट सुरु भएर बिच-बिचमा कवितांसको प्रयोग हुनु उपन्यासको अन्त्य पनि कवितामै हुनुका साथै पात्रहरूको प्रयोगमा पनि प्रयोग वैचित्र्यता देखिन्छ । उनका **लिलाम** र **सकस** उपन्यास तुलनामा **साबिती**मा कथाहीन कथा, बिम्ब र प्रतीकको अथेक्य प्रयोग, व्यङ्ग्यात्मकता, नारी पात्रको भूमिका र प्रयोगमा न्यूनता, नायिका रहित कथा जस्ता प्रवृत्ति भेटिन्छन् । अघिदेखि नै औपन्यासिक परम्परामा नायकको मात्र उपस्थिति गराएर उपन्यास सिर्जना गर्नु घिमिरेको औपन्यासिक प्रवृत्ति हो । हुनतः उनको **लिलाम** र **सकस** उपन्यासमा स्त्री पात्रहरू प्रशस्त खडा भए पनि स्त्री पात्रहरुको भूमिका सहायक र गौण कथानक विस्तारमा मात्र देखापरेको छ भने **साबिती**मा स्त्री पात्रको स्थान नगण्य नै देखिन्छ । यसरी नेपाली उपन्यास परम्परामा प्रयोगका अनेकौँ साधनाले घिमिरेका उपन्यासहरू प्रयोगवैचित्र्यमय बन्न पुगेका छन् ।

### ४.३.९ कारुणिकताको चित्रण गर्ने प्रवृत्ति

उपन्यासकार जगदीश घिमिरेका उपन्यासहरू कारुणिकताले भरिपूर्ण रहेका छन् । समाजमा उपेक्षित, उत्पीडित र अपहेलित वर्गका मानिसका कारुणिक संवेदना पाठकसामु पस्केर सबैलाई त्यसमा सहभागी गराउन घिमिरेका उपन्यास सफल देखिन्छन् । उनका उपन्यासका चरित्रहरू आफूमात्र करुणामा डुब्ने होइन, आफ्ना करुणा पाकलाई बाँडेर उनीहरूलाई भावाकूल गराउन पनि सक्षम हुन्छन् । उनको **सकस** उपन्यासमा राणाकालीन समयमा नेपाली जनताले भोग्नु परेका अन्याय, अत्याचार, शोषण, दमनको उदाङ्गो चित्रणले पाठकवर्गलाई समेत करुणामा डुबाएको छ । यस उपन्यासले राणाकालीन सती प्रथाका बेलामा नारीहरूले अल्पायुमै मर्नुपर्ने संस्कारलाई कारुणिक तरिकाले चित्रण गरेको छ । माओवादी द्वन्द्वकाल र तराई आन्दोलनका समयमा नेपाली जनताले भोग्नु परेको भिभत्स पीडा र यातनाका यथार्थ चित्रणले उपन्यासलाई कारुणिक बनाइएको छ । शरद र कुमारीले जीवनमा गर्नुपरेका सङ्घर्षहरू प्रस्तुत गरी पाठकबाट सहानुभूतिको अपेक्षा राख्नुले पनि उपन्यास करुणामय देखिन्छ । **लिलाम** उपन्यासमा जीवन बाँच्नका लागि बहादुरे जस्ता निम्नवर्गीय चरित्र र उसका परिवारले गरेको सङ्घर्ष र लिलाम हुने डरको सन्त्रासमा बाँच्नु पर्ने परिवेशको कारुणिक चित्रण गरिएको छ । निम्न वर्गीय जनताको मनमा उत्पन्न त्रसित वातावरणले यस उपन्यासलाई कारुणिक बनाइदिएको छ । **साबिती** उपन्यासमा गरिबीका कारणले खान नपाएर भोकका झोकमा झुप्रेनीले लोग्नेबाट कुटाइ खानुपरेको दुःखद् कथाले

कारुणिकताको सिर्जना गरेको छ । 'म' पात्रको दयनीय अवस्थाले पाठकको मनमा करुणाको सिर्जना गरेको छ । यसरी घिमिरेका सबै उपन्यासमा मुख्य रूपमा सबै निम्न पात्रहरूले कारुणिकता बोकेकाले उनको मुख्य प्रवृत्ति नै कारुणिकता बन्न पुगेको छ ।

### ४.३.१० मानवतावादी स्वर

मानवले मानवलाई मानवताका दृष्टिले हेर्नु नै मानवतावादी प्रवृत्ति हो । यसमा मानवीय मूल्य र मान्यता, स्वतन्त्रता, स्वाभिमान र विश्वभातृत्वजस्ता कुराहरू पर्दछन् । घिमिरेका सबै उपन्यासहरूमा मानवतावादी विचार व्यक्त भएका छन् । आधुनिक समाजका मानवमा मानवता नभएको, सभ्यताका नाममा निम्नवर्गका मानिसलाई मानिस नदेखेर पशुतुल्य व्यवहार गर्ने प्रवृत्तिले गाँजेको र वर्गीय विभेदले पनि मानवीय सोचमा परिवर्तन नआएको यथार्थता घिमिरेका सबै उपन्यासमा अभिव्यक्त भएको पाइन्छ । सत्ता कब्जा गर्न र आतङ्क फैलाउन सत्ताधारीहरूले गरिब सिधासाधा जनतामाथि लागू गरेको निरङ्कुश शासन, ठूलाठालु वर्गका मानिसले निम्नवर्गका मानिसमाथि गरेको अत्याचार, नाबालिकामाथिको बलात्कार, बुढेसकालमा आफ्नै सन्तानबाट तिरस्कृत र अपहेलित हुनुपरेको यथार्थको चित्रण **सकस** उपन्यासमा देखाइएकाले मानवतावादमै आघात परेको छ । **साबिती** उपन्यासको 'म' पात्र पनि मानिसको अमानवीय व्यवहारले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रभावित छ । यस उपन्यासमा पेशाकर्मीहरूद्वारा निम्न वर्गीय चरित्रको भेदभावपूर्ण व्यवहारप्रति विमति प्रकट गर्दै मानवतावादी स्वर जागरित गराइएको छ । उनको **लिलाम** उपन्यासमा सम्भ्रान्त वर्गले विभिन्न प्रलोभनमा पारी निम्नवर्गका मानिसप्रति गर्ने मानसिक र शारीरिक शोषणले पनि आजका मानिसमा मानवता भन्ने कुरा निखारिँदै गएको चित्रण गरिएको छ । समग्रमा हेर्दा जगदीश घिमिरेका सबै उपन्यासहरूमा मानवतावादी विचारको प्रचुरता देख्न सकिन्छ ।

### ४.३.११ भाषिक विशिष्टता

जगदीश घिमिरेका उपन्यासहरू भाषिक प्रयोगका दृष्टिले उच्च स्थान बोक्न सफल भएका छन् । उनी आफ्ना उपन्यासमा परिवेश अनुकूल पात्र र पात्र अनुकूल भाषाको प्रयोग गर्दछन् । उनका उपन्यासमा संस्कृत तत्सम् शब्दहरू र तद्भव शब्दहरूका साथै नेपालको उच्च सम्भ्रान्त वर्ग देखि लिएर निम्नवर्गको ग्रामीण भेगमा बोलिने स्थानीय भाषाहरूको

प्रयोग भएको पाइन्छ । यसका अतिरिक्त उनमा बहुभाषाको ज्ञान रहेकाले हिन्दी, मैथली, अङ्ग्रेजी र आगन्तुक शब्दहरूको पनि अत्याधिक प्रयोग गर्दछन् । उनका उपन्यासहरूमा विभिन्न शीर्षक, चिह्न र अङ्कको प्रयोग गरी परिच्छेद विभाजन गरेको पाइन्छ । कतिपय अनुच्छेदको थालनीमा पनि खाली ठाउँ (     ) को प्रयोग भएको पाइन्छ । नेपाली बोलिचालीमा प्रचलित उखान, टुक्काका प्रयोगका साथै थेगोको प्रयोगले उपन्यासमा भाषिक विशिष्टता थपेको छ । छरितो भाषा, पुराण सम्मत शैली र ललित व्यङ्ग्यको प्रयोग गर्नु र उपन्यासमा गद्यदेखि पद्यसम्मको शैली प्रयोग गर्न सक्ने घिमिरेको क्षमताले औपन्यासिक क्षेत्रमै नवीनता ल्याइदिएको छ । अनेकौँ विचलनयुक्त वाक्य, समानान्तरयुक्त वाक्य, झर्रा तथा ठेट नेपाली शब्दहरूको समुचित प्रयोग गर्ने घिमिरेको भाषिक प्रयोगमा थेगोको प्रयोगले वाक्यांशमा मिठासता थप्ने काम गरेको पाइन्छ । यसरी आफ्ना उपन्यासहरूमा गाउँघरमा अधिकांश मानिसले बोल्ने सुमधुर शब्दावलीको प्रयोगले उनको भाषिक विशिष्टता उल्लेख्य बन्न पुगेको छ ।

### ४.३.१२ प्रगतिशीलता

उपन्यासकार जगदीश घिमिरेका उपन्यासहरूको अध्ययन गर्दा उनमा प्रगतिशील विचारधारा पनि पाउन सकिन्छ । उनका उपन्यासहरूले समाजमा रहेका अनेकौँ विकृति र विसङ्गतिलाई औंल्याइदिएका छन् । यथार्थ चित्रणका माध्यमबाट प्रगतिशीलताको उद्घोष गर्नु नै उनको औपन्यासिक विशेषता हो । उनले **लिलाम** उपन्यासमा प्रयोग गरेको यथार्थ घटनाले क्रान्तिकारी विचारधारालाई बोकेको छ । **लिलाम** उपन्यासमा सम्भ्रान्त वर्गले निम्नवर्गमाथि गरेको थिचोमिचोको स्पष्ट रेखा खिचिएको छ । त्यसैगरी निम्नवर्गका मनिसहरूले उच्चवर्गमाथि गरेको विद्रोह पनि छ । **साबिती** उपन्यासमा आर्थिक असमानता, धनी र गरिबको भेद्भाव, शोषण र अन्यायको विरुद्धमा आफ्ना विचार प्रहार गरिएको छ । यस उपन्यासमा उपन्यासकारद्वारा ‘म’ पात्रका माध्यमबाट सामाजिक असन्तुलनहरू, असमान सामाजिक व्यवस्था र भ्रष्टाचार अनि अन्यायहरूको प्रतिरोधमा उपन्यासमा समाजवादी सङ्केत देखाइएको छ । **सकस** उपन्यासमा पनि घिमिरे प्रगतिशील नै देखिन्छन् । अन्याय, अत्याचार, दमन, शोषणका विरुद्धमा सङ्घर्ष गर्दै जीवन व्यतित गर्ने **सकस**का पात्रहरू पनि प्रगतिगामी रहेका देखिन्छन् ।

### ४.३.१३ भय र त्रासको प्रस्तुति

उपन्यासकार जगदीश घिमिरे आफ्ना उपन्यासमा भय र त्रासद् वातवारणको सिर्जना गर्न खप्पिस छन् । उनका तीनवटै उपन्यासहरूमा भय र त्रासको भरपूर प्रस्तुति पाइन्छ । उनका उपन्यासमा प्रयुक्त पात्रहरू जीवनको भोगाइमा भय र त्रासको पीडा खपिरहेका हुन्छन् साथै जीवन भोगाइका अनेकौं पीडा र छट्पटीमा बाँचिरहेका हुन्छन् । उनीहरू समाजका आदर्श, मर्यादा र अनुशासनको पालना गर्दागर्दै पनि आफ्नो इज्जत र प्रतिष्ठामा आघात पुग्ने अवस्थामा बाँचिरहेका हुन्छन् । उनका उपन्यासका कतिपय चरित्रहरू वास्तविकता प्रकट गर्न नसकेर आफैंभित्र डराइरहेका देखिन्छन् भने कतिपय चरित्रहरू वास्तविकतासँग नै त्रसित हुन्छन् । ठूलाबडाको अन्याय अत्याचार, शोषण र दमनका विरुद्ध विद्रोह गर्न नसकेर सन्त्रासको वातावरणमा बाँचेका छन् । **साबिती** उपन्यासमा भय र त्रासको प्रचुरता पाइन्छ । यस उपन्यासमा प्रयुक्त पात्रहरू ठूलाबडाका हैकम र शासनमा बस्न बाध्य रहेकाले यो यथार्थ बन्न पुगेको छ । यस उपन्यासमा भय र त्रासको प्रस्तुति अत्याधिक रहेको छ । **लिलाम** उपन्यासको नायक बहादुरे आफ्नो सम्पूर्ण जायजेथा लिलाम हुने भयले बाँचिरहेको छ भने दलवीरे रोसीखोलामा सामान बगाउँदा खड्पुले साहूको डरले आत्महत्या गर्न बाध्य छ । माओवादीको द्वन्द्वकालमा र तराई आन्दोलनका समयमा नेपाली जनताहरू भय र त्रासमा पिल्सिनुपरेको यथार्थता **सकस**मा छ । भयकै कारणले आफ्नो बासस्थान छाडेर भाग्नु पर्ने स्थिति छ । **सकस**का पात्रहरू अनेक यातनाबाट त्रसित छन् । राजा महाराजाका हुकुममा तल्लोवर्गबाट बाहुनका श्रीमती घिस्सिनु पर्ने, लोग्ने मरेपछि नचाहँदा नचाहँदै पनि सती जानु पर्ने बाध्यताले पनि उपन्यासमा भय र त्रासको वातावरण सिर्जना भएको छ । आफ्ना उपन्यासमा यथार्थ प्रस्तुतिका लागि भयपूर्ण वातावरण सिर्जना गर्नु पनि घिमिरेको औपन्यासिक प्रवृत्ति रहेको पाइन्छ ।

### ४.३.१४ व्यङ्ग्यात्मक शैलीको प्रस्तुति

घिमिरेले आफ्ना उपन्यासमा समाजमा देखापरेका विसङ्गति र विकृतिमाथि नै व्यङ्ग्य प्रहार गरेका छन् । अत्यन्त गम्भीर र संवेदनशील कुरालाई पनि सामान्य र तल्लो स्तरको कुरासँग जोडी पाठकको अन्तरालमा घोच्नु व्यङ्ग्यको एक तरिका हो (बराल र एटम, २०५६ : २६३) । व्यङ्ग्यले समाजमा देखापर्ने विकृति र विसङ्गतिका कुराहरूलाई कटु र तीक्ष्णताका साथ रूपान्तरण गर्ने र यथार्थको धरातलमा ओराल्ने हुँदा उपन्यासमा

व्यङ्ग्यको महत्त्वपूर्ण स्थान रहन्छ । घिमिरेका तीनवटै उपन्यासमा विकृति र विसङ्गतिप्रति प्रचुर व्यङ्ग्यको प्रयोग गरिएको छ । उनको **सकस** उपन्यासमा देखापरेका बाल बलात्कार, जेलमा हुने गरेका यातना आदिलाई व्यङ्ग्यात्मक तरिकाले चित्रण गरिएको छ । त्यसैगरी विद्यार्थी वर्गले विभिन्न पार्टीमा लागेर मच्चाएको आतङ्कप्रति पनि व्यङ्ग्य प्रहार गरिएको छ । **लिलाम** उपन्यासमा समाजमा रहेका शोषकहरू प्रति व्यङ्ग्य प्रहार गरिएको छ । त्यसैगरी **साबिती** उपन्यासमा विभिन्न पेसामा संलग्न व्यक्तिहरूले आफ्नो पेसा अनुसारको काम नगरेकोमा व्यङ्ग्य प्रहार गरिएको छ । प्रेमको अभिनय गर्दै देखावटी प्रेम गर्नेहरू प्रति पनि यसमा व्यङ्ग्य गरिएको छ । यसरी घिमिरेले आफ्ना उपन्यासहरूमा समाजमा देखिने कुकृति र विकृति प्रति व्यङ्ग्य भाव व्यक्त गरी आफ्ना उपन्यासलाई सिँगार्ने काम गरेका छन् ।

## ४.४ निष्कर्ष

जगदीश घिमिरे आधुनिक नेपाली उपन्यासका क्षेत्रमा चर्चित उपन्यासकार हुन् । वि.सं. २०२४ देखि उपन्यासको लेखनारम्भ गरेका घिमिरेले हालसम्म त्यसको गतिलाई विट मारेका छैनन् । हालसम्म तीनवटा औपन्यासिक पुस्तकाकार कृति प्रकाशन गराउने घिमिरे यथार्थवादी उपन्यास लेख्ने उपन्यासकार हुन् । **लिलाम** (२०२७), **साबिती** (२०३२) र **सकस** (२०६९) जस्ता उपन्यास लेखन अनि प्रकाशनबाट उनको समग्र उपन्यासकारिता झल्कन्छ । यी तीनवटा औपन्यासिक कृतिहरूलाई आधार मान्दा उनको औपन्यासिक यात्रालाई मूलतः दुई चरणमा बाँडेर अध्ययन गर्न सकिने देखिन्छ । पूर्वार्द्ध चरण २०२४ सालदेखि २०३२ सालसम्म र उत्तरार्द्ध चरण-२०३३ देखि हालसम्म । उनका पूर्वार्द्ध चरणमा **लिलाम** र **साबिती** जस्ता उपन्यास पर्दछन् भने उत्तरार्द्ध चरणमा एक मात्र उपन्यास **सकस** पर्दछ । समाजका शोषण, दमन र उत्पीडनका समस्यालाई पूर्वार्द्ध चरणका उपन्यासले उठाएका छन् भने उत्तरार्द्ध चरणको उपन्यासले ऐतिहासिक घटनाहरूलाई प्रस्तुत गर्दै वर्तमानको दयनीय अवस्था चित्रण गरेको छ ।

यी माथिका दुई चरणका तीनवटा औपन्यासिक कृतिहरूका आधारमा घिमिरेका उपन्यासमा सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी, विसङ्गतिवादी, ऐतिहासिकता, राजनीतिक विकृतिको उद्घाटन यौन विकृतिको चित्रण, आञ्चलिकता, प्रयोग वैचित्र्य, कारुणिकता, मानवतावादी, भाषिक विशिष्टता, प्रगतिशीलता, भय र त्रासको प्रस्तुति र व्यङ्ग्यात्मक शैलीको प्रयोगजस्ता प्रवृत्तिहरू पाइन्छन् ।

# पाँचौं परिच्छेद

# सकस उपन्यासको विश्लेषण

## ५.१ विषय परिचय

**सकस** जगदीश घिमिरेको उत्तरार्द्ध चरणमा लेखिएको प्रौढ उपन्यास हो । २०६९ भदौमा पहिलो पटक प्रकाशनमा आएको यो उपन्यास निकै बौद्धिक स्तरको छ । यिनका पूर्वार्द्ध चरणका उपन्यासका तुलनामा यस उपन्यासले बृहत् आकार अनि विषयवस्तुको बहुलता दिएको छ । तीनवटा चरण, सन्ताउन्न उपशीर्षक र तीनसय छ पृष्ठमा आयातित यस **सकस** उपन्यासको विषयवस्तुले पूर्णता पाएको छ । यस उपन्यासका प्रत्येक चरणमा छुट्टा-छुट्टै घटनाले स्थान पाएका छन् । यी छुट्टा-छुट्टै घटनाहरूको श्रृङ्खलाले पनि यसको कथावस्तुमा ह्रास आएको छैन । पहिलो चणमा तेइसवटा उपशीर्षकहरू छन् र यसमा नेपाली समाजलाई प्रभावित तुल्याउने नेपालको एकीकरणकालीन समयदेखि लगभग १९९० साल पूर्वका इतिहासका विभिन्न कालखण्डका घटनाहरू विषयका सम्बाहक बनेर आएका छन् । त्यसरी नै दोस्रो चरणमा चौबिस देखि एकचालिससम्मका अठार वटा उपशीर्षकहरू छन् । यसमा १९९० पछि २०४६ सालसम्मका ऐतिहासिक परिघटनाहरू समेटिएका छन् । तेस्रो चरणमा बयालिसदेखि सन्ताउन्नसम्मका सोह्रवटा उपशीर्षकमा २०४८ सालपछि २०६९ सालसम्मका सामाजिक परिघटनाहरू राजनीतिक पर्यावरणका आधारमा ऐतिहासिक दर्जा पाउने ढङ्गले कथाको विनियोजन गरिएको छ । **सकस** उपन्यासले करिब दुईसय पचास वर्षदेखि वर्तमान अवस्थासम्मको नेपाली समाजमा चलेको राजनैतिक अवस्था, र शासन व्यवस्थाबाट निम्तिएको घात, प्रतिघात, षड्यन्त्र र द्वन्द्वात्मक अवस्थालाई विषयवस्तु बनाई नेपाली समाजको राजनैतिक सामाजिक र ऐतिहासिक घटना परिघटनाहरूलाई उद्घाटित गरेको छ । यो उपन्यास पूर्वदीप्ति तथा संस्मरणात्मक शैली बाट निर्मित छ । आदि, मध्य र अन्त्यको श्रृङ्खलालाई पूर्णतया बहिष्कार गरी यस उपन्यासको कथावस्तुको विकासमा अन्त्यबाट सुरुतिरको नियमलाई कथावस्तुको विकासको लागि अन्तर्भूत गरिएको छ । उपन्यासका मुख्य चरित्रद्वय जीबा र शरदको संस्मरणबाटै यो उपन्यासले पूर्णता प्राप्त गरेको छ । यसले मुख्य कथाको अतिरिक्त बाक्ला-बाक्ला सहायक कथावस्तुहरूको पनि समिश्रण गरेर कथानक जीवन्त बनाएको छ । विभिन्न घटनाहरूलाई प्रशस्तै रूपमा आख्यानीकृत गरेर पूर्णता प्रदान गर्दा यो यथार्थ बन्न पुगेको छ ।

यसमा वर्तमानका मञ्चमा उपस्थित बनेका विषय, घटना र पात्रका आधारमा घटित भूत र सम्भावित भविष्यको सूचनालाई उपन्यासको वस्तु बनाइएको छ । उपन्यासले अनेक उपशीर्षकमा बाँडिएर मूलतः चारवटा कथा भनेको छ । गोर्खालीहरूको राज्यतिविस्तार अभियान, दरबारमा चल्ने षड्यन्त्र र हत्याका श्रृङ्खला, राजाहरूको भोगविलासी प्रवृत्ति र रणबहादुरले गरेको मनपरिमा सताइएका जनसाधारणका अतिशय पीडा र अपमानका कथा एउटा पाटोमा पर्दछन् । दोस्रोमा नेपालमा राणाविरोधी आन्दोलन र महेन्द्रीय शासनका विरोधमा आन्दोलन गर्ने काङ्ग्रेसका दुःखका कथा, २०४६ सालको जनआन्दोलनका कथा र त्यसपछिको शासन सत्ताका अलोकतान्त्रिक जनविरोधी गतिविधि छ । तेस्रोमा माओवादीले गरेको सशस्त्र युद्धका क्रममा जनसाधारणले भोग्नुपरेका अकल्पनीय पीडा पर्दछन् । चौथोमा मधेश आन्दोलन, जनजातिहरूको आन्दोलन तथा संविधान सभाको अकाल मृत्युसम्मको नेपालको राजनीति पर्दछ । नेपालको इतिहास र वर्तमान नेपालको बिग्रँदो राजनीतिक परिवेशको चित्रण गरिएको उपन्यासमा कथानक जटिल छ । कथानक जटिल रहेपनि भूत, वर्तमान र भविष्यको मार्ग खोलाउने यो उपन्यास संरचनागत दृष्टिले भने अत्यन्त महवत्त्पूर्ण बन्न पुगेको छ । त्यसैले **सकस**ले आधुनिक नेपाली आख्यान विधाको उचाइ त बढाएकै छ नै जगदीश घिमिरेको लेखन उत्कर्षको प्रमाण पनि दिएको छ । यस परिच्छेदमा घिमिरेको **सकस** उपन्यासलाई उपन्यासकै तत्त्व (कथानक, चरित्र-चित्रण, परिवेश, संवाद, दृष्टिबिन्दु, भाषाशैली र उद्देश्य) का आधारमा विश्लेषण गरिएको छ ।

## ५.२ कथानक

**सकस** उपन्यासमा मुख्य कथानकका रूपमा अढाई सय वर्ष द्वन्द्वकाल र वर्तमान समयको राजनीतिक स्थितिको परिदृष्य देखाउनुमा नै अन्तर्भूत भएर देखिएको छ । यस उपन्यासको मुख्य पात्र शरद हो र उसकै केन्द्रयतामा कथानकले गति प्राप्त गरेको छ । शरदले लेखेको डायरीबाटै यस उपन्यासको सुरुवात हुन्छ भने अन्त्यपनि यसै डायरीको कथाको अन्त्यसँगै हुन्छ । यस उपन्यासमा तीनजना पात्रहरूका कथा मुख्य कथानकका रूपमा आएका छन् । मुख्य कथाका रूपमा शरदले जीवनमा भोगेका कथाका पाटा आउनाका साथै शरदबाहेक जीबा, कुमारी, देवीजी, बोधदादा, रामेश्वर सर, जीमाका कथाको पनि उल्लेख्य भूमिका रहेको छ । साथै राणाकाल, शाहकाल, माओवादी द्वन्द्वकाल, तराई

आन्दोलन लगायतका अन्य थुप्रै कथाहरू प्रासङ्गिक कथाका रूपमा आएका छन् । यस उपन्यासमा उपन्यासकारले शरदलाई समाख्याताका रूपमा प्रकट गरेका छन् । जँड्याहा र श्रीमती फेर्दै हिड्ने बाबु र एउटी सीमान्तकृत महिलाका बिच भएको छोटो घरजमबाट जन्मेको र आमाले आत्महत्या गरेपछि एकजना पूर्वमन्त्री रहेका भलाद्मीको आश्रयमा हुर्केको युवक शरद हो । यसले आफ्ना जीवनमा भए गरेका तमाम घटनाहरूको वर्णनलाई नै यसको केन्द्रीय कथानक बनाएर क्रमसँगै प्रस्तुत गरिएको छ ।

त्यसका साथै यस उपन्यासमा अन्य कथाका रूपमा आफ्नै रक्षक मानिएको बाबुबाट बलात्कृत भएर देवीजीको आश्रममा पुगेकी र त्यहीँ हुर्की पढी गरेकी अनि नर्सको काम गर्न थालेकी कुमारी र पहिले शरदकी आमालाई र पछि शरदलाई आश्रय दिने तिनै पूर्वमन्त्री जीबाले आफ्ना जीवनमा भोगेको, देखेको र अनुभव गरेको विभिन्न कालखण्डका नेपाली सत्ता, शासक र अराजनीतिक वितण्डतावादी समूहहरूबाट नेपाली जनताले पाएका क्रुरतम् सकसहरूको जीवन्त अनि सजीव चित्रण यसमा उतारिएको छ । यसले समाजका हरेक पक्षलाई समेट्नुका साथै विशेषगरी ऐतिहासिक विषयवस्तुहरूलाई आधार बनाएर अघि बढेको छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहदेखि वर्तमान बाबुराम भट्टराईसम्मको शासन कालका विकृति, विसङ्गतिका साथै नेपाली जनताहरूले भोग्नु परेका क्रूरतम् सकसलाई रोचक एवं घोचक शैलीमा वर्णन गरिएको छ । नेपाली जनता विगतका अढाई सय वर्षदेखि हालसम्म कस्तो निस्सार जीवन बाँचिरहेका छन्, कुन-कुन उकुस मुकुस वातावणमा निस्सासिएका छन्, बाध्यता र विवशताभित्र नचाहँदा-नचाहँदै पनि कसरी युद्धमा होमिइरहेका छन्, द्वन्द्व कालमा नेपाली जनता राज्य र माओवादीको दोहोरो निशाना कसरी बने ? आदि घटनाहरूलाई कथानकका रूपमा विस्तारित गरिएको छ । यस उपन्यासमा खासगरी यस समाज वृत्तलाई उपन्यासकारले जम्मा तीनओटा समयखण्डमा समेटेर कथानकको निर्माण गरेका छन् । पहिलो खण्डमा बृहत् नेपालको निर्माणको समयसँग सम्बद्ध छ र दोस्रो समय खण्ड चाहिँ नेपालमा प्रजातान्त्रिक, राजनीतिक चेतनाको आरम्भ भएर २००७ सालको आन्दोलन, राणाशासनको अन्त्य तथा अन्तरिम राजनीतिक व्यवस्था र प्रजातन्त्रको पतन तथा पञ्चायतको प्रादुर्भाव अनि पञ्चायतको उत्कर्ष देखि पतनसम्मको समय समेटिएको छ । उपन्यासको समयवृत्तको तेस्रो खण्ड चाहिँ २०४७ देखि आरम्भ भएको बहुदलीय राजनीतिक व्यवस्था, २०५२ मा आरम्भ भएको माओवादी द्वन्द्व र सरकारी पक्ष तथा माओवादी पक्षका बिचमा भएका द्वन्द्वहरूको तनाव र ध्वंसको एउटा अघोषित निष्कर्ष,

राजपरिवारको हत्या, अर्को प्रत्यक्ष उत्कर्ष बाह्रबुँदे सहमति, ज्ञानेन्द्रको बहिर्गमन र अर्को तेस्रो र प्रत्येक उत्कर्ष संविधान सभाको निर्वाचन अनि संविधान सभाको पटाक्षेपसम्मको अवधि यस उपन्यासको समय वृत्तिको कथानकमा अटाएको छ । (सुवेदी, २०७० : ३०) ।

**सकस** उपन्यासको कथानकको उठान 'कसको नोटबुक ?' शीर्षकबाट भएको छ । जुन शीर्षक भित्रका विषयवस्तुहरू अत्यन्तै कष्टपूर्ण देखिन्छन् । एउटी नाबालिका छोरीले सुरक्षित स्थानमा सबैभन्दा श्रेष्ठ रक्षकबाटै बलात्कृत भएको घटना उल्लेख छ । यस उपन्यासमा उपन्यासकी प्रमुख नारी चरित्र कुमारीको विगत, वर्तमान र भविष्यको जीवन नै कहालीलाग्दो र भयावहयुक्त देखाइएको छ । उसको जीवनमा आफूले सबैभन्दा विश्वासिलो र भद्र मानेको व्यक्तिले नाटकीय ढङ्गबाट आफैँलाई बलात्कारको सिकार बनाएको तुच्छ व्यवहार देखाइएको छ । देवीजीकै आश्रममा हुर्किएकी कुमारीले आफू सक्षम भएपछि पत्रकार (शरद) सँग विवाह गरेकी यसले जीवनमा अनेक आरोह-अवरोह भेलेकी छे । छोरी ६ वर्षकी हुँदा कसैले छोरीको बलात्कार गर्छ त्यसबेलामा शरद पनि बेपत्ता भएकाले उसको दुःखमा साथ दिने कोही पनि हुँदैनन् । उल्टै ऊ माथि पनि लाल जस्तो कुटिल व्यक्तिको घृणित नजर बर्षन थाल्दछ । लालेले कुमारीमाथि बलात्कारको हदै प्रयास गरेपनि सफल भने हुँदैन, रक्सीको चरम सुरमा छोरी (शान्ति) माथि आफैँले बलात्कार गरेको स्वीकार्दछ । त्यस्तो घृणित कार्यप्रति आफ्नो सहन शक्ति गुमाएकी उसले त्यसलाई मार्छे र आफ्नी छोरीलाई आफू हुर्केको पुनः स्थापना गृहमा छाडेर बेपत्ता हुन्छे । यसरी भाग्ने क्रममा कुमारीले शरदको डायरी देवीजीकै हातमा थमाएकी हुन्छे ।

वास्तवमा **सकस** शरदको डायरी तथा जीबाको इतिहासका कहाली लाग्दा घटनाहरूको विस्तार अनि कुमारी र उसकी छोरी शान्तिको बलात्कारको संयुक्त पीडा हो, जसलाई उपन्यासकारले ज्यादै मार्मिक एवं आलोचनात्मक ढङ्गले प्रस्तुत गरेका छन् । एउटा पत्रकारले आफ्नी श्रीमतीलाई समेत नभनेका आफ्नै जीवनका पीडाहरूले भरिएको कहालीलाग्दा घटनाहरूको परिदृष्ययुक्त डायरी नै **सकस** हो । यसमा वीर नेपाली सहिदहरूले राणाविरोधी आन्दोलनमा दिएको ज्यानको आहुती, सातसालको प्रजातन्त्रका लागि लडेका योद्धा जीबाको जीवन कहानी र शरद स्वयम्ले भोग्नु परेका माओवादी र सेनाका मानसिक एवं शारीरिक यातनाहरूका साथै लुटेरा समूहहरूले आफूमाथि गरेको

अपहरण र त्यस बापतका असुलीका घटनाहरू समावेश गर्नुका साथै तराई आन्दोलनका समयमा जाति-जातिबिचको द्वन्द्वको पीडाको दृष्यावलोकन गराइएको छ ।

शरदले क्याम्पसमा पढ्दाका समयमा विद्यार्थी राजनीतिमा देखेको विकृतिको विकास र पठन संस्कृतिको ह्रास भएको र विद्यार्थीहरू पार्टीका भरौटे बनेर विद्यार्थी राजनीतिमा भएको गुण्डागर्दीयुक्त परिवेशको पनि चित्रण यसमा पाइन्छ । जीबाको उपचार गर्ने क्रममा शरद र कुमारीको परिचय हुन्छ र नेपाली संस्कृति र परम्परा अनुसार उनीहरूको विवाह पनि सम्पन्न भएको हुन्छ । आफ्ना सन्तानबाट अपहेलित भएर अलग्गै बसेका जीबा र जीमाका सन्तानहरूका रूपमा उनीहरूसँगै बसेका कुमारी र शरद नै उनीहरूको बुढेसकालका साहारा हुन्छन् । क्यान्सर जस्तो भयवह रोगले जीमालाई स्वर्गको बाटो कटाउँछ र जीबा एक्लो भएको महशुस गर्दछन् । उनलाई पनि एक पाटो नचल्ने पक्षघात हुन्छ । उनका हरेक कार्यमा शरद र कुमारी बुढेसकालका लठ्ठी हुन्छन् । जीबा जीवनदेखि दिक्दार हुन्छन् र भन्छन् "बाबु जवानले माला जप्दैनन् । मान्छेले जवानीमा माला बनाउँछन्, बुढ्यौलीमा जप्छन् । म अहिले मेरो स्मृतिका गेडाले बनेका माला जप्तै छु । गेडा साहरा हुन्छन् । सम्झिइन्छ, धागो लुलो हुन्छ, विर्सिइन्छ (पृ. ३९) ।" शरदले जीबाको मन भुलाउन उनको जीवनका अनुभव लेख्ने विचार गर्छ तर जीबा झर्कन्छन् । पछि फेरि अरुलाई नभन्ने सर्तमा अनि सबाल जवाफ नगर्ने बाचासहित आफ्ना बाल्यकालदेखिका रोचक अनि घतलाग्दा अनेक प्रसङ्ग शरदलाई सुनाउँदै जान्छन् र शरद टेप रेकर्ड गर्दै जान्छ । बाबुआमाले आफ्ना घरमा पालेका पशुहरूको कहानी देखि अनेक देवीदेवता भाकेर र हरिवंश पुराण लगाएर आफू र आफ्नो भाइ जन्मेको, आफूलाई बुबाले 'ढिकुराको पुजारी' भनेर बढो माया गरेर हुर्काएको, दरबारको नम्बरी पण्डित बनाउन नेपालको तीनधारा पाठशालामा पढ्ने बन्दोबस्त मिलाइदिएका प्रसङ्गहरू सविस्तारसँग सुनाउँछन् । यी बाल्यकालका घटनाहरूको वर्णनले ती योद्धा जीबाको जीवनको काहानीबाट उनको व्यक्तित्वको परिचय उपन्यासले स्पष्ट पारेको छ ।

जीबा रामेछापको पाठशालामा आफूसँगै विगतमा पढेका साथी गंगालालको भाषणबाट प्रभावित व्यक्ति थिए । यही प्रभाव अनि प्रेरणाबाट उनको चेतनाको विकास भई राजनीतिक जीवन सुरुवात गर्दछन् । वि.सं. १९९७ मा जुद्धशमशेरले शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथचन्द्र र गंगालाललाई मृत्युदण्ड दिएपछि राणाशासनप्रति घृणा

जागृति भएर क्रान्तिमा होमिन्छन् । यो कुरा थाहा पाएपछि उनका बाबुलाई असह्य हुन्छ । त्यसैका कारणले उनको अस्वभाविक मृत्यु हुन्छ । प्रजातन्त्रका तत्कालीन योद्धाहरू बी.पी., गणेशमान, मनमोहन, गिरिजा, कृष्णप्रसाद, पुष्पलाल आदिका सहयोद्धा जीबाले पृथ्वीनारणयण शाहको उपत्यका विजय हुँदै शाहवंश राणाकाल, राणाशासनको अन्त्य, २०१७ सालको महेन्द्रले बहुदलीय प्रजातन्त्रमाथि गरेको आक्रमण र त्यसपछिका दिनमा निरंकुश पञ्चायती व्यवस्थासँग जनताको अन्तर्द्वन्द्वलाई आफ्ना जीवनका प्रत्यक्ष र परोक्ष अनुभूतिका रूपमा समेटेका छन् (पौडेल, २०७० : ८७) । **सकस**का मूलपात्र जीबाकै वृत्तान्तले मल्लकाल, शाहकाल, राणाकाल, २०१७ सालदेखिको पञ्चायतकाल, प्रजातन्त्रको पुनः स्थापनाको आन्दोलन, प्रतिगमन विरोधीको आन्दोलन र भारतको बन्दुक काँधमा बोकेको माओवादी विद्रोह, लगायत तराईमा उत्पन्न भएका विभिन्न आपराधिक समूहहरूको दुर्दमनकारीपूर्ण विद्रोहले आख्यानलाई हृदयविचरण बनाएको छ ।

यस उपन्यासमा मल्लकालीन राजाहरूले अङ्ग्रेज समक्ष सुम्पन लागेको नेपाललाई पृथ्वीनारायण शाहले नबचाएको भए हाम्रो इतिहास र भूगोल अर्कै हुने थियो भन्ने धारणा राख्दै विगतमा हाम्रो सीमा आसाम, कुमाउ र गंगा नदीसम्म फैलिएको कुरालाई ज्यादै गम्भीरपूर्वक स्मरण गरिएको छ । यसमा  राष्ट्रनिर्माता पृथ्वीनारायण शाह बाहेक उनका उत्तराधिकारीहरूले देश र जनताका लागि उल्लेख्य काम केही गर्न नसकेको, केवल दरबारीया षड्यन्त्र र निहित स्वार्थमै आफ्नो जीवन बिताएको आरोप लगाइएको छ । रणबहादुर शाहको बिलासीपन, पागलपन र बहुलठ्ठीपनका साथै क्रूर अमानवीय दुष्चरित्रका स्थितिमा पुगेको र त्यसको दुरगामी असर आजको वर्तमानमा परिरहेको यथार्थ चित्राङ्कन यसमा गरिएको छ । एउटा स्त्रीलम्पट व्यक्तिको नीच र कुकृत्य व्यवहारले गर्दा भविष्य नै अन्धकारमय बन्न जाने स्थितिको वर्णन यसमा उल्लेखित छ । नेपालको सत्ता, शक्ति र स्त्रीका लागि भएको विनासका कारण हाम्रो देशको इतिहास नै अन्धकारमय बनेको स्थिति जीबाले शरदलाई आफ्ना अनुभव र जीवनभोगाइका माध्यमबाट स्पष्ट पारेका छन् ।

नेपाली राजनीतिको यति लामो इतिहासमा जुनसुकै शासन व्यवस्था र सरकार आएपनि नेपालीले स्वतन्त्रता, सुखद् र आत्मानुभूतिको अनुभव कहिल्यै नभएको खुलामा यस उपन्यासले व्यक्त गरेको छ । कुनै राजनैतिक दलले पनि जनताका वास्तविक पीडा बुझ्ने चेष्टासम्म पनि गर्न सकेनन् । राजनैतिक दलहरू आपसी द्वन्द्वमै फसे, सरकार र सत्ताको

लडाइँले देश तथा जनताहरूलाई हुनसम्मको सास्ती दिइएको छ । चन्दा, अपहरण, हत्या अनि बलात्कारका श्रृङ्खलाबद्ध घटनाहरूले नै बढी प्राथमिकता पाइरहेका यथार्थ यसमा छ । यस्ता घटनाहरूले नेपाली जनता सधैँ त्रसित हुनु परेको तीतो यथार्थलाई **सकस** उपन्यासले सशक्त ढङ्गले उल्लेख गरेको छ । सत्ताका आडमा बस्ने भरौटेहरूले देशलाई नै तहसनहस बनाएको वस्तु स्थितिको यथार्थ विवरण यसमा उल्लेखित छ । मोजमस्ती र विलासी जीवनले जनताका दुःखमा नजर नपुऱ्याएको तर उल्टै जनतालाई शोषण गरेका कुरा, २००७ सालपछि नेपाली काङ्ग्रेससँग सम्बन्धित पात्रहरूको बानीबेहोरा, पञ्चायती व्यवस्थापछि नेपाली काङ्ग्रेसका कार्यकर्तामा आएको विचलन, पञ्चायत प्रवेश, जनतामा त्यसको प्रभाव आदिले वर्तमान कम उमेरका राजनैतिक कार्यकर्ताहरूलाई झस्काउने काम गर्छ, सिद्धान्त र व्यवहारलाई मिलाउन नसक्दा वा व्यवहारलाई सिद्धान्तसँग जाड्ने नजान्दा धेरै भावुक र इमान्दार निस्सासिन पुगेको तथ्य यसमा प्रकट भएर देखिएको छ । सिद्धान्त र व्यवहारको यही असन्तुलनका कारण नेपाली जनताले रक्तको आँशु बगाएर गएको, कम्युनिष्ट पार्टीका कार्यकर्ताहरू शत्रु र मित्र नचिनेर रक्सी, चुरोट र सुन्दरीकै कारण पतन भएको यथार्थ पनि यसमा प्रकट भएको छ । दास युग, सामन्तवादी युग र पुँजीवादको लामो राजनैतिक यात्रामा अनेकौं कुटिलताका कथाहरू पनि यसमा जोडिए आएका छन् । यस उपन्यासले नेपाली जतनाको आर्थिक र सामाजिक असमानता, शासकहरूले निहस्था जनतालाई गर्ने अमानवीय व्यवहार, सत्तामा बस्नेले आफ्नो अवाश्यकता अनुसार बनाउने कानून, शासकहरूलाई खुसी पार्दा पाइने पुरस्कार, खुसी पार्न नसक्दा पाइने त्रासदपूर्ण यातनाका सबै अवस्थाको चित्रण प्रस्तुत गरेको छ । देशमा विद्यमान दण्डहीनता, अकर्मव्यता, सरकार विहीनताको अवस्था र भ्रष्टाचार आदिले कुण्ठित पारेका तमाम स्थितिलाई सशक्त रूपमा यसमा उठाइएको छ । यस उपन्यासमा पीडा र शोषणका कारण महिलाहरूले अकालमै आत्महत्यासम्म गर्नुपर्ने बाध्यात्मक स्थितिको चित्रण पनि गरिएको छ । दरबारीया षड्यन्त्रका कारण दमिनी बज्यैप्रतिको दुर्व्यव्यहार अनि तत्कालीन अवस्थामा रहेको सती प्रथाको कारुणिक वर्णन जीबाका कथाका माध्यमबाट आलोचनात्मक ढङ्गमा प्रस्तुत गरिएको छ ।

यसरी शरदको डायरी लेखनमा शरदका कथासँगै जीबाका अनेक कथाहरू जोडिएर आएका छन् । उपन्यासकारले शरदका माध्यमबाट उसको विसङ्गत जीवन भोगाइलाई कथाका रूपमा प्रस्तुत गरेका छन् । माओवादीको विद्रोहात्मक आन्दोलनले हाम्रो समाजमा

देखापरेका विकृति र विसङ्गतिलाई छताछुल्ल बनाउने काम पनि यसले गरेको छ । त्यसैगरी पुलिस, प्रशासक र सेनाको ज्यादती अनि नेपाली जनताले भोग्नुपरेको पीडा अनि व्यथाको काहालीलाग्दो जीवन यसमा प्रस्तुत छ । द्वन्द्वकालमा सशस्त्र विद्रोही माओवादी र पुलिस दुवै तर्फको चेपुवामा जीवन गुजार्नु परेको दर्दनाक अवस्थाको चित्रण पनि यसमा जीवन्त भएर देखिएको छ । माओवादी आन्दोलनको उद्गम, संरक्षण र आश्रयस्थलका बारेमा कृतिले स्पष्ट पार्ने जमर्को गरेको छ । भारतीय भूमिमा समेत नेपालको दुर्गतिको गान गाउने तस्करहरूलाई समेत व्यङ्ग्यात्मक तरिकाले स्पष्ट पार्न यो कृति सफल छ । भारतीय भूमिमा भारतीय नेताहरूको आदेशमा माओवादी र संसदवादीबिच बाह्र बुँदे समझदारी नामक मिलापत्रमा अङ्कमाल गराइदिएको र हाम्रो देशको राजनीतिमा दिल्लीको निर्णायक भूमिका रहेको उल्लेख गर्दै राष्ट्रियतामाथि नै प्रश्नचिह्न उपन्यासकारले लगाइदिएका छन् । मधेशवादी आन्दोलनपछि तराईमा देखिएको सम्प्रदाय विरोधी साम्प्रदायिकता र भारतीय सीमाबाट आएका अपराधीहरूबाट हुने लुट्पाट, हत्या, आतङ्क, हिंसा अनि अपराधले त्यसबेलाको डरलाग्दो स्थितिको चित्रण गरेको छ । शाहवंशीय शासक र लोकतान्त्रिक गणतन्त्रका विभिन्न राजनैतिक पार्टी र कतिपय राजनीतिज्ञहरूको अनेकौं चर्तिकलाले कृतिमा रोचकता थप्ने काम गरेको छ । यसले शाहकालीन, राणाकालीन, प्रजातन्त्रकालीन, गणतन्त्रकालीन सत्ता राजनीतिका प्रमुख पात्र र तिनका कुप्रवृत्तिलाई नाङ्गेझार पारिएको छ । भूतकालीन समयदेखि वर्तमान अवस्थाका जीवन्त अन्याय, अत्याचार र दमनका घटनाहरूलाई जस्ताका त्यस्तै स्पष्ट रूपमा देखाउन यो उपन्यास सक्षम रहेको छ ।

**सकस** उपन्यासले अढाई सयवर्षे इतिहासका कयौं घटना-परिघटनाहरूलाई जीवन्त रूपमा प्रस्तुत गर्ने कार्य गरेको छ । यसमा नेपाली राजनैतिक द्वन्द्वको लामो इतिहासलाई सरल शैलीमा अभिव्यक्त गरेको छ । त्यसमा पनि पछिल्लो समयको सेरोफेरोमा घुमेर राजनीतिक परिघटनाहरूको चित्रण गर्नु यसको विशेषता बन्न पुगेको देखिन्छ । खासगरी यसमा सशस्त्र विद्रोही माओवादीलाई त्यस समयमा घरमा शरण दिन पटक्कै सजिलो नभएको र शरण नदिए स्वयम् माओवादीले बन्दुक कन्चटमा, शरण दिए सेनाको बन्दुक कन्चटमा तेर्स्याउने अवस्था यसमा देखाइएको छ । गाउँभरि माओवादी र सेनाका उर्दीहरू जारी हुन्थे । कोसँग के बोल्ने ? साँचो बोल्ने कि झुटो बोल्ने ? कि बोल्दै नबोल्ने ? जे गरेपनि निरीह जनता अचानो नै हुने अवस्थाको चित्रण यसमा छ । त्यस बेलाका निरीह एवं

निहत्था जनताले माओवादीलाई घरमा, बुइँगलमा वा मतानमा जहाँ भएपनि लुकाउनु नै बाध्य हुनुपर्दथ्यो । माओवादीले जनातालाई प्राणको धम्की दिएर ठूलो रकममा चन्दा माग्थे वा प्रत्येक घरबाट एकजना माओवादी हुनुपर्ने बाध्यताको सिर्जना गरिदिन्थे । व्यापारी, हाकिम, देखि कर्मचारी आदि सबैलाई चन्दा आतङ्कको भय हुनेगर्थ्यो । घरबारी कब्जा गरी सुकुम्बासी समेत बनाउँथे । यस्तो दोहोरो मारमा परेका नेपाली जनता र कर्मचारी त्रसित जीवन बाँच्न बाध्य हुनुपर्ने विडम्बनाको जीवन यसमा चित्रित छ । तत्कालीन समयमा एकातर्फ माओवादीको भेषमा सेनाले दुःख दिने र अर्कोतर्फ सेनाको भेषमा माओवादीले दुःख दिने जनताका लागि कुनै पनि अवस्था सहज र सुखद् थिएनन्, विचरा उनीहरू घुन भएर बाँच्न विवश भएको यथार्थ यसमा छ । २०६२-०६३ सालको आन्दोलनको सफलतापछि नेपाली जनताले शान्ति र सुरक्षाको ठूलो अपेक्षा राखेका थिए तर त्यो अनुभूति गर्न पाएनन् । सत्ताको खिचातानी, जाति/जातिबिचको अन्तर्द्वन्द्व र आपसी बैमनस्यता, मधेश आन्दोलन र विभिन्न भूमिगत संगठनका प्रभाव स्वरूप नेपाली जनताले निश्चिन्त रूपमा निदाउन पाएका छैनन् । ढुक्क मनले छोराछोरी स्कुल पठाउन पाउने अवस्था छैन । उल्टै खुलेआम हत्या र हिंसाको श्रृङ्खला बढ्दै गरेको छ । बेलैमा संविधान बन्न नसक्दा अपराध नियन्त्रण गर्ने आधारसम्म बन्न सकेको छैन । यसरी नेपाली जनता हराएको देशको भविष्य खोजिरहेका छन् भनी उपन्यासकारले बडो मार्मिक र संवेदनशील रूपमा उपन्यासमा आफ्ना विचारहरू आलोचनात्मक ढङ्गबाट व्यक्त गरेका छन् ।

**सकस** उपन्यासले खासगरी २०४६ सालको ऐतिहासिक जनआन्दोलनले ल्याएको नेपालको परिवर्तन पछिको राजतन्त्रको अन्त्य गरेर लोकतन्त्र स्थापना गरी आफ्नो जीवनका सुन्दर दिनहरू बिताएका घटनाहरूलाई व्यङ्ग्यका साथ सविस्तार उल्लेख गरेको छ । सहिदहरूले गरेको बलिदानलाई भ्रष्ट नेता र भरौटेहरूले बालुवामा मिलाएको यथार्थ चित्रण यसमा प्रकट गरिएको छ । लोकतन्त्रलाई संस्थागत गरी सर्वसाधारणमा सुखको अनुभूति गराउन नसकेका घटनालाई यथार्थ रूपमा उपन्यासमा शरदका जीवनमा वितेका विसङ्गतपूर्ण जीवन भोगाइबाट गरिएको छ । पछिल्लो समयमा नेपालमा चलेको माओवादी आन्दोलन, १९ दिने जनआन्दोलन, गणतन्त्र, धर्म निरपेक्षता, संघीयता र पहिचानको मागलाई निषेध गर्ने र परम्पराबाट चलेको शासनलाई स्वर्ग जस्तो भनेर बयान गर्नेहरू र आशीर्वाद पाएर देशको स्रोतले मोटाएकाहरू, सत्तारुढ वर्ग, जाति विशेषका पुरातनपन्थीहरू

सत्ताका आडमा सक्रिय अनि क्रियाशील छन् भन्ने यस उपन्यासले आलोचनात्मक व्यङ्ग्योक्ति  प्रकट गरेको छ ।

**सकस** उपन्यासमा यी र यस्ता घटनाहरूको उद्घाटन भएपनि मुख्य कथावस्तुका रूपमा शरद, जीबा र कुमारीको विसङ्गत जीवन भोगाइ नै हो । यी घटनाहरूको सविस्तार वर्णन शरदले आफ्ना डायरीमा समेटेका कथाले नै मूर्त रूप लिएको छ । आफ्ना इतिहास र वर्तमानका विकृत र विसङ्गत जीवनको चित्रणले यसको कथानक जटिल रहे पनि यथार्थमय बन्न पुगेको छ । यसका हरेक घटना आलोचनात्मक ढङ्गले उनिएकाले कथानक जीवन्त बन्न पुगेको पाइन्छ ।

### ५.२.१ कथानकको स्रोत

**सकस** उपन्यासको कथानकको स्रोत यथार्थमूलक अनुभव हो । यथार्थमूलक अनुभवमा स्रष्टाले आफ्नो निरीक्षण क्षमताका माध्यमबाट ग्रहण गरेका कुराहरू पर्दछन् (बराल र एटम, २०५६ : ४२) । यस उपन्यासमा जगदीश घिमिरेले करिब अढाई सय वर्षे नेपालको इतिहासमा विभिन्न शासकहरूले नेपाली जनताप्रतिको कठोर यातनाको विकृति र विसङ्गतिलाई देखाइ, सुनाइ, बुझाइ र आफ्नो अनुभवका आधारमा नजिकबाट छर्लङ्ग पारेका छन् । यसमा राष्ट्र निर्माता पृथ्वीनारायण शाहका अलावा कुनै पनि शासकहरूले नेपालको उज्वल भविष्य निर्माण गर्ने चेष्टा नगरेको यथार्थ प्रकटित भएको छ । विगतदेखि वर्तमानसम्मको यात्राका क्रममा कयौं शासकहरूले नेपालको शासन सत्ताको बागडोर समाते पनि नेपाली जनताले सास्ती एवं हैरानी नै भाग्नुपरेको तीतो यथार्थलाई आलोचनात्मक तवरबाट व्यक्त गरेका छन् । राणाशासनका विषक्त समयमा वीर नेपाली सहिदहरूले प्राणको आहुती गरेपनि उनीहरूको यथोचित मूल्य चुकाउन नसकेका प्रति यसमा विद्वेष पोखिएको छ । राणाशासकहरूले नेपाली जनता र प्रजातन्त्रप्रति गरेको द्रव्यपिशाची प्रवृत्तिको भण्डाफोर गर्न पनि यो उपन्यास सक्षम भएको छ । सामन्तवादी सोच र संस्कृतिले सर्वसाधारण जनताहरू सधैं भोकै, नाङ्गै पिल्सनु परेको कटु यथार्थ यसमा अङ्कित भएको छ । विभिन्न कानूनी रूपमा आफ्नो सत्ता अड्याउने शासकहरूप्रति तीव्र आलोचना पनि यसमा गरिएको छ । सामन्ती र नोकरशाही सरकार जसले योजनाबद्ध ढङ्गले जनमानसमा आतङ्क, भय, सन्त्रासको वातारण सिर्जना गरेको छ, त्यसलाई घिमिरेले आफ्नो यस उपन्यासमा उदाङ्गो पारेर चित्रण गरेका छन् । भ्रष्ट शासकहरूले देशको आर्थिक,

सामाजिक, राजनीतिक तथा सांस्कृतिक पक्षमा विदेशी उपनिवेश कायम गर्न सहज तुल्याउने प्रति उपन्यासकार तीव्र असन्तोष प्रकट गर्दछन् । विभिन्न समयमा देखिएका राणा तथा शाह खलकले जनता सताउने, लुट्ने तथा कुट्ने नीतिहरूको केन्द्रदेखि स्थानीय निकायसम्म योजनाहरू विकेन्द्रित गराएका छन्; जुन तिनीहरूको यथार्थ चलन नै हो । अभिजातहरूको ऐयासी र विलासी प्रवृत्तिले जडाउरी सभ्यताको नक्कल गर्दा देशमा भद्धा संस्कृतिको विकास भएको यसमा देखाइएको छ ।

यसरी इतिहासका घटनाहरूलाई उत्खनन् गर्दै वर्तमानको गञ्जागोल राजनैतिक स्थितिको वर्णन गर्नु यस उपन्यासको कथावस्तुको मुख्य स्रोत बन्न पुगेको छ । बिगतको अढाई सय वर्षको इतिहासमा नेपाली जनताहरूले पाएको कष्टप्रद जीवन भोगाइ प्रस्तुत गर्न पनि यो उपन्यास सक्षम बन्न पुगेको छ । नेपाली राजनीतिमा देखिएका उतार-चढाव प्रस्तुत गर्न पनि उपन्यास अब्बल भएर प्रकट भएको छ ।

### ५.२.२ कथानकको आङ्गिक विकास

कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । त्यसैले आदि, मध्य र अन्त्यका अवस्थाबाट विकसित रहेको कथानक आङ्गिक दृष्टिले पूर्ण हुन्छ । आदि भागमा आरम्भ र सङ्घर्षविकास, मध्यभागमा सङ्कटावस्थाको श्रृङ्खला र चरम हुन्छ त्यस्तै अन्त्य भागमा सङ्घर्षह्रास र उपसंहार जस्ता चरणहरू पर्दछन् । जगदीश घिमिरेको **सकस** उपन्यासमा कथानक सिलसिलेबार छैन । त्यसैगरी यसमा आदि, मध्य र अन्त्यको समुचित विन्यास प्रयोग नभएकाले अन्त्यभाग प्रारम्भमै देखिन पुगेको छ । यस उपन्यासमा संस्मरणात्मक वा पूर्वदीप्ति शैलीको प्रयोग गरिएको छ अनि अनेकौँ कथा, उपकथाहरूको विसृङ्खलित संयोजनले कथानक जटिल बन्न गएको छ । उपन्यासमा देवीजीले शरदले लेखेको डायरी पढ्न लगाउनु, उसका बाल्यकालीन घटना फेला पार्नु, शरदलाई जीबाको संरक्षणमा लगाएर उसकी आमाले आत्महत्या गर्नु आदि जस्ता घटनाहरू उपन्यासका आरम्भ हुन् । शरदले विद्यार्थीकालीन समयमा विद्यार्थी राजनीतिमा भएको अराजक स्थितिको ज्ञात पाउनु र आफू पनि विद्यार्थी राजनीतिमा होमिनु, अस्पतालमा कुमारीसँग भेटघाट र परिचयसँगै वैवाहिक बन्धनमा बाँधिनु, जीबालाई पक्षघात हुनु, उनले मरणासन्न अवस्थामा शरदलाई आफ्ना जीवनका अनुभव र नेपालको इतिहासको वर्णन गर्न थाल्नुले कथानक माथितिर बढ्न थाल्छ । पाठकमा कथानकको विकाससँगै मनमा

कुतूहलताको जटिल स्थितिको सिर्जना हुनु यस उपन्यासको सङ्घर्ष विकास हो । जीबाले आफ्नो बाल्यकालको घटना, पारिवारिक स्थिति, राजनीतिक जीवनको कहानीसँगै शाहकाल, राणाशासनकाल, सहिदकाण्ड, प्रजातन्त्रको स्थापनाका, निरङ्कुश पञ्चायतकाल, २०३६ सालको जनमत सङ्ग्रह, २०४७ सालको जनआन्दोलन पछिको प्रजातन्त्रको पुनः स्थापना, पूर्वदीप्ति शैलीमा सुनाइ, दरबार हत्याकाण्ड हुँदै जीबाको निधन हुनु आदि सम्मका माथि उल्लेखित घटनाहरू उपन्यासका कथानकगत सङ्कटावस्था हुन् । जीबाको मृत्युपश्चात् शरद र कुमारी रामेछापको मन्थलीमा स्थायी बसोबास गर्न थाल्नु, मन्थलीमा बसोबासका क्रममा माओवादीको जनयुद्धको सुरुवातसँग सँगै चन्दा आतङ्क बढ्नु, शरद माओवादी र सेना दुवैबाट अपहरण भई यातनाको सिकार बन्नु, माओवादी र सेनाको ज्यादती बढ्न थालेपछि शरद र कुमारी तराईको जनकपुर बसाइँ सरे पनि तराई आन्दोलनकमा कारणले त्यहाँको बसोबास पनि सहज नहुनु, त्यहाँपनि शरद फेरि अपहणमै पर्नुले कथानकमा परिवर्तनको स्थिति ल्याएर चरमले पाठकको मानसिकतामा आन्दोलन मच्चाउनु कथानकको चरमावस्था हो । कुमारीले जायजेथा बेचेर शरदलाई अपहरण मुक्त गराउनु, शरदले लागूपदार्थ सेवन गरी अचेत अवस्थामा जीबासँग कुराकानी गर्नु, उसको जीवन विसङ्गतियुक्त बन्न पुग्नु, शरदले आफू बेपत्ता हुँदैछु भन्ने कुरा चिठी मार्फत् कुमारीलाई जानकारी गराउनु आदि जस्ता घटना कथानकमा थान्को लगाउन आएका र द्वन्द्व र क्रियाको श्रृङ्खला कमजोर हुँदै जानु उपन्यासको कथानकमा देखिएको सङ्घर्षह्रास हो । कुमारीले शरद बेपत्ता भएपश्चात् आफूले झेल्नु परेको समस्या, जाँडले लट्ठीएर लालले नाबालिका शान्तिलाई गरेको बलात्कार र आफूलाई पनि बलात्कारको सिकार बनाउने प्रयास, लाललाई आफूले मारेका घटना देवीजीलाई सुनाइ उनैलाई शरदले लेखेको डायरी हातमा दिई बेपत्ता हुनुले पात्रहरूको सङ्घर्ष समापन र समस्या समाधान भई कथानकको अन्त्य भएको छ ।

### ५.२.३ कथानकमा द्वन्द्व र कौतूहल

उपन्यासमा द्वन्द्व कौतूहलले अत्याधिक महत्त्व राख्दछन् । द्वन्द्वले कथानकलाई सुरुदेखि अन्त्यसम्म तानेर लैजान्छ भने कौतूहलले पाठकलाई उपन्यासको अन्त्यसम्म तोनर लैजान सहयोग पुऱ्याउँदछ । द्वन्द्व कुनै दुई पक्ष, व्यक्ति वा विचारको आपसी सङ्घर्ष तथा खिचातानी हो । जसले कथानकलाई गति प्रदान गर्छ । यो यसपछि के हुन्छ भन्ने जिज्ञासा उठाउने भाव हो ।

**सकस** उपन्यासमा बाह्य र आन्तरिक दुवै द्वन्द्व सशक्त भएर आएको छ । त्यसैले यस उपन्यासलाई द्वन्द्वै द्वन्द्वको उपन्यास पनि मान्न सकिन्छ । यस उपन्यासमा द्वन्द्वको प्रयोग भावुकतापूर्ण तबरबाट भएकाले पाठक मर्मज्ञ हुन जाने देखिन्छन् । यस उपन्यासमा विगतका अढाई सय वर्षदेखि अनवरत रूपमा वर्तमानसम्म नेपालको शासन व्यवस्थाप्रति लोकतान्त्रिक सहिद र सर्वसाधारण नेपाली जनताले आफ्नो स्वतन्त्रताका लागि गर्नुपरेको द्वन्द्वलाई स्पष्ट रूपमा देखाइएको छ । उपन्यासमा आन्तरिक द्वन्द्वका रूपमा यसको मुख्य पात्र शरदलाई देखाइएको छ । उपन्यासमा आन्तरिक द्वन्द्वलाई यसको मुख्य पात्र शरदका मनमा उत्पन्न विसङ्गतिलाई देखाइएको छ । काठमाडौँ छाडेर मन्थलीमा बसोबास गर्दाताका तत्कालीन विद्रोही माओवादी र नेपाली सेनाको बिचको दोहोरो मारमा परेकाले उसको मनमा आन्तरिक द्वन्द्व पैदा भएको छ । शरदलाई माओवादीले चन्दा माग्न र भेट्न बोलाएका समयमा आफू त्रसिद हुँदा पनि उसले आफ्नै श्रीमतीलाई पनि त्यो कुरा भनेको छैन, ती भाव उपन्यासमा यसरी व्यक्त भएका छन् :

"एक मन उनलाई सबै बताइदिउँ जस्तो पनि लागेको थियो । सोचेँ अहिले म मात्रै पीडित छु, बताए भने उनी म भन्दा बढी पीडित हुन्छिन् । अनि दुवैको पीडा कयौँ गुणा बढ्छ । बताइनँ ।" (**सकस**: पृष्ठ २१०) ।

यसैगरी माओवादी द्वन्द्वकालमा माओवादीलाई चन्दा दिएको निहुँमा सेनाद्वारा अपहरणमा परेको शरदले झेल्नुपरेको यातनाबाट विक्षिप्त बनेपछि आत्महत्या गर्न डोरी खोज्नु, आफ्नै शरीरलाई आफैँले नौलो पाउनु, सेनाको अपहरण मुक्त भएपछि माओवादी विरोधी पोल खोलेको निहुँमा माओवादीबाट धम्की पाउनु आदिबाट शरद अन्तर्द्वन्द्वको चर्को नमुना बन्न गएको छ ।

शरदका अलाबा यसका मुख्य चरित्र जीबा र कुमारीमा पनि अन्तर्द्वन्द्व रहेको छ । जीबाले राजनीतिक जीवनको सुरुवात गरेपछि उनका सबैभन्दा श्रेष्ठ र आदर्श व्यक्ति पिताको मरणासन्न अवस्थाको कारक आफैँलाई दोषी ठानेका छन् । त्यो अवस्थामा उनी आफैप्रति यसरी प्रकट गर्दछन् :

"बा रातभरि छट्पटाइरहे । भाइ र मैले उनका एकेक वटा गोडा मिचिरहयौँ । तीन दिनपछि उनी अलि तंग्रिए । केही दिनपछि अलि हेर्न भए । खान पनि लागे तैपनि घरको

अँध्यारो हराएन । नौरथा एक युग जस्तै भयो दशैं हुनसम्म खल्लो भयो । मलाई कुनै पनि दिन फिटिक्क निद्रा परेन । एकसुरे भएँ । झोक्राएर बसें । मनको तुलामा एकातिर बुढा बाको ज्यान र अर्कातिर देशको भविष्यलाई राखेर तौलें कहिले यो पल्ला भारी भयो, कहिले ऊ, पल्ला ।" (**सकस**, पृ. १०६) । त्यस्तै जीबामा घरपरिवार हेर्ने कि देशको भविष्य हेर्ने भन्ने कुरामा अन्तर्द्वन्द्व पाइन्छ ।

कुमारीमा लालका कारणबाट बढी अन्तर्द्वन्द्व देखिन्छ । छोरी शान्तिलाई बलात्कार गर्ने र आफूमाथि पनि आइलाग्न खोज्ने कुटिल प्रयत्नका कारणबाट उसमा अन्तर्द्वन्द्व चुलिन पुगेको छ । उपन्यासमा यसलाई यसरी देखाइएको छ :

"एक मनले त मासु काट्ने खुकुरीले त्यसलाई तुरुन्तै काटिदिउ जस्तो लाग्यो । तर जीउले साथ दिएन । आँखा अगाडि अँध्यारो छायो ।" (**सकस** पृ. १४) ।

यस उपन्यासमा आन्तरिक द्वन्द्व जति प्रभावकारी रूपमा आएको छ त्यो भन्दा पनि बढी बाह्य द्वन्द्व सशक्त रूपमा प्रकटित भएर देखिएको छ । शरदले लेखेको डायरीका घटनाहरू भन्दा अगाडि नै कुमारीले आफ्नी छोरी शान्तिमाथि बलात्कार गर्ने लाललाई खुकुरीले काटेर मारेको द्वन्द्व प्रकट भएको छ । जीबाले इतिहासको संस्मरण गर्दाका कयौं घटनाहरू पनि द्वन्द्वमै मुछिएका छन् । राणाशासन कालमा राणा शासक र प्रजातान्त्रिक सहिद र नेपाली जनताले गरेको सङ्घष आदि पनि बाह्य द्वन्द्वकै घटनाहरू हुन् । त्यसैगरी नेपालको पछिल्लो राजनीतिमा देखापरेको सशस्त्र विद्रोही माओवादी बिरुद्ध प्रहरी र सेना बिचको द्वन्द्व, मधेश आन्दोलनमा जाति/जातिबिचको दङ्गा फसाद आदि पनि यसका बाह्य द्वन्द्वका रूपमा प्रकट भएका छन् । शरदले सेनाद्वारा अपहरणमा पाएको शारीरिक यातना, मधेश आन्दोलनताका अपहरणकारीले अपहरण गरी दिएको कष्टकर सजाय पनि बाह्य द्वन्द्वका नमुनाहरू हुन् ।

यसरी यस उपन्यासमा आन्तरिक र बाह्य दुवै द्वन्द्व सशक्त भएर आएका छन् । संस्मरणात्मक शैलीमा उपन्यासको सिर्जना हुनुले आन्तरिक द्वन्द्व यथेक्य पाइन्छ भने नेपालको इतिहासमा कयौंपटक राज्यक्रान्ति, आन्दोलन, विद्रोह र सत्ताको खिचातानी आदिका कारणले बाह्य द्वन्द्व उत्पन्न भएको छ ।

यस उपन्यासको कथानकमा कौतूहलको निर्वाह पनि भएकै छ । उपन्यासको प्रारम्भमै कसको डायरी ? जस्तो प्रश्नात्मक शीर्षकले पाठकलाई आश्चर्यमा पारेको छ, जसका कारणले कौतूहल पैदा भएको छ । यसमा ६ वर्षकी बालिका बलात्कारको सिकार बनेको प्रसङ्गले कसले र किन त्यस्तो घृणित कुकार्य गऱ्यो होला भन्ने कौतूहल पैदा भएको छ । जीबाले पूर्वदीप्ति शैलीमा बाल्यकाल र नेपालको इतिहासको वर्णन गर्दा के सुनाउलान् ? कति सुनाउलान् ? उनी राजनीतिमा कसरी होमिए ? उनका छोरा, छोरी, परिवार थिए कि थिएनन् ? भन्ने जस्ता कौतूहल पाठकमा मच्चिएको छ । जीबाको मृत्युपश्चात् अब के होला ? कथानकले कस्तो मोड लेला ? शरद र कुमारी अब के गर्लान् ? कहाँ जालान् ? दरबार हत्याकाण्ड कसले गरायो ? जस्ता घटनाहरूले पनि पाठकमा जिज्ञासा उत्पन्न गराएको छ । सशस्त्र विद्रोही माओवादी द्वन्द्वकालमा आज कहाँ के हुने होला ? कसलाई कसले माऱ्यो ? रामेश्वर सरलाई चन्दा नदिए बापत माओवादीले के गर्ने हुन् ? भन्ने कौतूहल सिर्जना भएको छ । शरदलाई माओवादीले र सेनाले के कस्ता सजाय देलान ? उसलाई मार्लान् कि ज्यूँदै छाडिदेलान् ? शरदको शारीरिक यातनापछि ऊ फेरि कसरी आफ्ना कामहरू सुचारु गर्छ होला भन्ने पाठकको मनमा कौतूहलताको निर्माण भएको छ । मधेश आन्दोलनको सुरुवातपछि शरद र कुमारी अब कहाँ जलान् ? तराईमा अब पहाडि समुदायका जनताहरूको जीवन कस्तो होला ? शरद बेपत्ता भएपछि कुमारीले आफू र शान्तिको जीवन के कसरी धान्छे होला भन्ने जस्ता घटनाहरूले यसलाई कौतूहलमय बनाउने काम गरेको छ ।

### ५.२.४ कथानकको ढाँचा

उपन्यासमा रहने आदिदेखि अन्त्यसम्मका घटनावलीहरूको संयोजनको अवस्था नै कथानक ढाँचा हो । उही घटनावलीहरूलाई पनि उपन्यासकारले आफ्नो रुचि, प्रभावकारिता तथा कौशलको प्रदर्शन गर्नाका लागि विभिन्न ढाँचा अवलम्बन गरेर कथानकको निर्माण गर्दछ (बराल, एटम, २०५६: २५) । जगदीश घिमिरेको **सकस** उपन्यासमा वृत्ताकारीय पूर्वदीप्ति शैलीको कथानक ढाँचाको प्रयोग गरिएको छ । यसमा कथानकका अङ्गहरूलाई सरल रेखामा अगाडि नबढाएर पूर्वदीप्ति वा संस्मरणात्मक शैलीका माध्यमबाट कथाको निर्माण गरिएकाले कथानक विचलनयुक्त र जटिल बन्न पुगेको छ । यस उपन्यासमा कथानक भन्दा आलोचना तथा विद्वेषका कुरा ठेलमठेल भएर आएकाले प्रसङ्ग जोडिने र

टुट्ने क्रम पनि त्यत्तिकै भएको छ । शरदलाई प्रमुख पात्र बनाएर नेपालको पछिल्लो माओवादी जनयुद्धको अवस्था र मधेश आन्दोलनको भयपूर्ण चित्र उतारेपनि इतिहासको वर्णनले कथानक थप जटिलतातिर जोडिएको छ । इतिहासमा शाहकाल, राणाकाल, प्रजातन्त्र, पञ्चायतकाल, बहुदलीय शासन व्यवस्था र लोकतान्त्रिक कयौँ शासक आएपनि निरीह जनतामाथि हुने हत्या, लुट, आतङ्क, बलात्कार, जाति/जातिबिचको आन्तरिक द्वन्द्व आदिका घटना उपन्यासमा प्रमुख रूपमा तात्कालिक शैलीमा प्रस्तुत छन् । त्यस्तै पूर्वकालिक प्रसङ्गमा जीबाका दुःखद् बाल्यकाल, पारिवारिक झमेला, राजनीतिक जीवनको दर्दनाक अवस्था, राणाशासनको कठोर यातना, प्रजातन्त्रका लागि सहिदहरूले गरेको बलिदान आदि घटनाहरूबिचमा आएका छन् । अत्यन्त भावात्मक वर्णन कौशलले कथानकको सहज विकास भएको छैन । कतिपय आवश्यक भन्दा बढी उपकथाहरूको संगठन र कतै-कतै एउटै कथा नथन्क्याउँदै अर्को कथाको विस्तार हुनाले कथानक ढाँचा साँच्चै नै वृत्ताकारीय लाग्छ ।

## ५.३ चरित्र-चित्रण

**सकस** उपन्यासमा बहुल पात्रहरूको प्रयोग भएको छ । भिन्ना-भिन्नै प्रवृत्ति बोकेका थुप्रै पात्रहरूको जमघट यस उपन्यासमा भएको छ । यसका मुख्य पात्रहरूले समान प्रवृत्ति बोकेका छन् । उपन्यासमा केही पात्रहरू इतिहासका छन् भने केही पात्रहरू राजनैतिक परिवेशले डोऱ्याएर ल्याएका छन् । त्यसैगरी केही पात्रहरूलाई चाहिँ मुख्य पात्रहरूले विगत्का जीवनका संस्मरण गर्ने क्रममा ल्याएका छन् । कतिपय पात्रहरूलाई त उपन्यासकारले मौलिक सिर्जनाका रूपमा तयार पारेका छन् । बृहत्तर कथावस्तु, बृहत् परिवेश अनि इतिहासका साथै वर्तमानका कयौँ कथाले यसमा अत्याधिक पात्रहरू जन्माएको छ । सामान्यस्तरको उपन्यास भन्दा केही ठूलो आकार प्रकारको भएकाले यस उपन्यासमा कथावस्तुको विकास र उद्देश्य प्राप्तिका दृष्टिले पनि बहुल पात्रको प्रयोग गरिएको हो । यस उपन्यासमा उपन्यासकारले शरद, कुमारी र जीबा जस्ता पात्रका कार्यव्यापार तथा संवाद सबलताका साथ प्रस्तुत गरेका छन् । यिनै पात्र प्रमुख मञ्चीय पात्रका रूपमा रहेका छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र प्रमुख र मञ्चीय हुन्छ (बराल र एटल, २०५६ : २५) । कथानकलाई अगाडि बढाउन सहायक पात्रका रूपमा वा कम भूमिका लिएर मञ्चीय पात्रकै रूपमा आउने पात्रहरूमा

देवीजी, रामेश्वर सर, बोधदादा, जीमा, कर्मलाल, कोइराला बाजे, नरेन्द्र, बद्रीलाल, वी.पी., कमरेड ज्वाला, कमरेड आकाश, कान्तवती, मिथिला, पद्मावती, राजा रणबहादुर, राजा त्रिभुवन, चन्द्र शमशेर, लाल आदि हुन् ।

त्यस्तै न्यून मञ्चीय भूमिकाका रूपमा आउने गौण पात्रहरूका रूपमा झा सर, सुन्दरकी श्रीमती, विश्वबन्धु दादा, शक्तिम दादा, दीपक, सहिदहरू, जीबाका भाइ, जेठी जीमा, केशव श्रेष्ठ, कमरेड वारुद, कमरेड रचना, रीतबहादुर खड्का, टेकबहादुर, मदन आचार्य, मीनबहादुर जबाँमर्द, डा. अहमद, केदारनरसिंह थापा, अमरजङ्ग कार्की आदि रहेका छन् ।

चर्चामा मात्र आएका नेपथ्यीय पात्रहरू पनि उपन्यासमा थुप्रै छन्. । विभिन्न शाह राजाहरू, राणाहरू, माओवादी लडाकुहरू, पत्रकारहरू, सेनाका लप्टन, क्याप्टेन, प्रहरीहरू, मधेशक्रान्ति गर्ने कयौं क्रान्तिकारीहरू, जनआन्दोलनमा सरिक सम्पूर्ण नागरिक विद्यार्थी, डाक्टर, लेखक, बुद्धिजीवि आदि रहेका छन् ।

यी माथिका पात्रहरूमध्ये केही मुख्य र सहायक पात्रहरूका विशेषतालाई अलग-अलग राखेर स्पष्ट पार्न सकिन्छ ।

### ५.३.१ शरद

शरद **सकस** उपन्यासको केन्द्रीय तथा प्रमुख पात्र हो । ऊ यस उपन्यासको कथावाचक वा समाख्याताका रूपमा रहेको छ । शरदको व्यक्तित्व आकर्षक र बोली-व्यवाहर मिजासिलो थियो । उपन्यासमा शरदको चरित्रलाई पातलो जीउ, श्यामलो बाटुलो अनुहार । चम्किलो निधार र धारिलो तेजिला आँखा ऊ 'सेल्फ मेड' युवक जस्तो थियो भनेर उल्लेख गरिएको छ । शारीरिक रूपमा अत्यन्त आकर्षक शरद उपन्यासमा बाबुले छोडेको र आमाले आत्महत्या गरी मरेकी उसलाई जीबाको धर्मपुत्रका रूपमा चिनाइएको छ । जीबाको धर्मपुत्रका रूपमा रहेको शरदकै केन्द्रीयतामा उपन्यासको सुरुदेखि अन्त्यसम्मको कथानकले गति प्राप्त गरेको छ । सानैमा आमाबाबु विहीन हुन पुगेको शरद जीबा र जीमाको संरक्षणमा हुर्कन्छ र एक कुशल पत्रकार बन्छ । आधुनिक विद्यार्थी जीवनमा हुने गरेका राजनीतिक विकृतिको विकास र पठन संस्कृतिको ह्रास हुँदै गएको परिस्थितिको एक

भोक्ताका रूपमा यस उपन्यासमा शरदलाई उभ्याइएको छ । जीबाको अनुभवका साथै कुमारी र आफ्नो जीवनमा आइपरेका अनेकौं उतार-चढावलाई शरदले एउटा डायरीमा समेटेको छ । त्यही शरदले लेखेको डायरीको घटना नै उपन्यासको मूल रूप हो । उपन्यासको मध्यभागसम्म जीबाको अनुभव र त्यसपछि कुमारी र आफ्नो विसङ्गत जीवन भोगाइको यथार्थतालाई प्रस्तुत गर्ने शरद उपन्यासको अनुकूल तथा सत् प्रवृत्तिको चरित्रका रूपमा रहेको छ । कुमारीसँगको सामीप्यता भएपछि उनीसँगै वैवाहिक सम्बन्ध गाँसिएको शरद शान्तिको बाबुका रूपमा उपन्यासमा देखिएको छ । व्यक्तिगत सुख, सुविधा र सम्पत्ति भन्दा परसेवामा समर्पित रहन चाहने निष्कपट तथा निःस्वार्थी गुण उसमा निहित छ । कान्छी जीमाको मृत्यु पश्चात् शरदले जीबाको मन भुलाउन उनको अनुभव लेख्ने क्रमले उपन्यासको कथावस्तुले विस्तारित रूप लिएको छ । उपन्यासको मध्यभागमै जीबाको मृत्युपश्चात् आफ्नै जीवनका यथार्थ घटनालाई समेटेर शरदले उपन्यासलाई गति प्रदान गरेको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्मका कथानकमा प्रत्यक्ष उपस्थिति रहने शरद उपन्यासको आबद्ध चरित्रका रूपमा रहेको छ ।

जीबाको मृत्युपश्चात् काठमाडौं छाडेर मन्थली पुगेको शरद अनेकौं हन्डर र ठक्कर खान पुगेको छ । त्यहाँ ऊ माओवादी र सेनाको दोहोरो निसानी बन्न गएको छ । माओवादीको दबाबमा परी उनीहरूलाई चन्दा दिन बाध्य हुने चरित्रका रूपमा शरद यस उपन्यासमा देखिएको छ । नचाहँदा नचाहँदै माओवादीलाई चन्दा दिन पुगेको शरदलाई सेनाहरूले अपहरणमा पारी विना अपराध चरम यातना दिन पुग्दछन् । यही यातना सही नरकीय जीवन बिताउन विवश शरद शारीरिक एवं मानसिक रूपमा क्षिण बन्दै गएको चरित्रका रूपमा यसमा प्रस्तुत गरिएको छ । ऊ माओवादीको पक्षमा नभए पनि आफ्नो ज्यान जोगाउन बेला बेलामा रकम बुझाउने जनताको प्रतिनीधि चरित्रका रूपमा यसमा चित्रित छ । रामेछापको मन्थलीमा माओवादी र सेनाको आतङ्कबाट बाँच्न गाह्रो भएपछि कुमारीका साथमा जनकपुर पुगेको शरद त्यहाँको तराई आन्दोलनबाट पनि ग्रसित भई त्रसित एवं पीडित भएको छ । त्यहाँको जाति-जातिबिचको आन्दोलन खेपेको शरदले भूमिगत समूहबाट अपहरित भई अर्को यातना खेप्नु परेको छ । पटक पटकको त्रसित यातनाबाट आजित भएको शरदको मानसिक सन्तुलननै बिग्रन पुगेको छ । जीवन देखि नै वाक्क हुन पुगेको शरदले सांसारिक भोगबाट मुक्ति पाउन अघोरी बाबासँग तान्त्रिक मन्त्र सिकी जीबासँग साक्षात्कार हुने सिद्धि प्राप्त गर्छ । शरदले आफू अब बेपत्ता हुने खबर

कुमारीको नाममा पत्रमार्फत् छाड्छ र उसले सधैंका लागि संसारबाटै मुक्ति पाउने मार्ग खोज्छ । सबैतिरबाट हन्डर ठोक्करै खाएको शरदले यस उपन्यासमा विसङ्गत जीवन भोगाइ भोगेको छ । यसरी विसङ्गति जीवन भोगेको ऊ अन्तर्द्वन्द्वमा फसेको चरित्रका रूपमा यसमा चित्रित छ ।

### ५.३.२ कुमारी

कुमारी **सकस** उपन्यासकी प्रमुख स्त्री चरित्र हो । सानैमा आफ्नै बाबुबाट बलात्कृत हुन पुगेकी कुमारीको हेरचाह र लालन-पालन देवीजीको पुनः स्थापन गृहमा हुन्छ । उसलाई उपन्यासमा शारीरिक रूपमा छरिती, ठिक्क, अग्ली/गहुँगोरी/बनाएका जस्ता तर नखौरेका, पातला आँखीभौ । उन्नत निधार/धारिला, आकर्षक, चिम्सा आँखा/आत्मविश्वासयुक्त व्यक्तित्व थिई भनेर चिनाइएको छ । कुमारी ठूली भएपछि नर्सको काम गर्ने स्वयंसेवीकाका रूपमा यस उपन्यासमा चित्रित छे । ऊ उपन्यासमा शरदकी श्रीमती र शान्तिकी आमाका रूपमा छे । कुमारी समय र परिस्थितिले साथ नदिए पनि कहिल्यै विचलित नहुने आत्मविश्वासयुक्त चरित्रका रूपमा यसमा छे । ऊ कठिन परिस्थितिमा पनि आफ्नो कर्तव्य नबिर्सने सत् चरित्रकी पात्र हो । कुमारी आफ्नो अस्तित्वको रक्षा गर्नका लागि जस्तोसुकै कठिन कार्य गर्न पनि तयार चरित्र हो । कुमारीले उपन्यासमा बलात्कार र त्यसजन्य परिस्थितिको सामना गर्ने सम्पूर्ण नेपाली नारी वर्गको प्रतिनीधित्व गरेकी हुनाले ऊ वर्गीय चरित्र पनि हो । देशको विग्रँदो स्थिति र त्यसबाट उत्पन्न समस्याहरूबाट बाँच्न आफ्ना निर्णयहरू परिवर्तन गर्ने कुमारी गतिशील चरित्र हो ।

अस्पतालमा नर्सको काम गर्दागर्दै शरदको व्यक्तित्वमा आकर्षित हुन पुगेकी कुमारी भावुक किसिमकी चरित्र हो । अनाथालयमा हुर्की, बढेकी कुमारी आफ्नो जीवन धान्ने पेशा गरेर जीविकोपार्जन गर्न सक्षम स्वाभिमानी नारी चरित्रका रूपमा यस उपन्यासमा देखिएकी छे । शरदसँगको विवाह पश्चात् जीबा र जीमा कै सन्ततिका रूपमा बस्ने र उनीहरूको मृत्युपश्चात् आफूलाई एक्लो र टुहुरो महसुस गर्ने कुमारी दयालु स्वभावकी छे । शरदलाई सेनाले अपहरण गरेर महिनौँसम्म शरद नआउँदा पनि ऊ आउने आशामा पर्खेर बस्ने कुमारी आत्मविश्वासी एवं निडर चरित्र हो । लालजस्ता कुटिल चरित्रले ऊ माथि कुदृष्टि राखेर विभिन्न लोभ लालच अनि धम्क्याउँदा पनि आफ्नो र आफ्नो सन्तानको अस्तित्व रक्षाका लागि उसको हत्या गर्नसम्म पछि नपर्ने आँटिली नेपाली महिलाका प्रतिनीधित्त्व गर्ने

चरित्रका रूपमा कुमारीलाई यसमा उभ्याइएको छ । आफ्नो श्रीमान् अपहरण मुक्त भएर आउँदा उसको यातनाको जीर्ण भएको शरीर विक्षिप्त अवस्था हेर्न नसकी मूर्छा पर्ने कुमारी अत्यन्त कोमल हृदयकी चरित्रका रूपमा पनि यसमा चित्रित छे । कुमारीमा जस्तो सुकै परिस्थितिमा पनि आफ्नो जीवनशैली ढालेर अगाडि बढ्ने सङ्घर्षशीलता छ । ऊ शरदको रक्षा र उपचारका लागि आफ्ना कयौँ वर्ष देखिका सपनाको संसार भत्काएर भएभरको सम्पत्ति र रूपैयाँ खर्चिन पनि तम्तयार हुन्छे । उसमा आफ्नै कमाइले घर जोड्ने रहर छ र ऊ आत्मनिर्भर बन्न खोज्छे । तराईमै बसेर आफ्नो घर निर्माण गर्ने सपनालाई छाड्ने निर्णयमा पुग्नु जस्ता बलिदानी दिने कुमारी अत्यन्तै संवेदनशील नारी चरित्रका रूपमा यसमा देखिएकी छे । राम्रो मान्छेको कहिल्यै कुभलो नचिताउने कुमारी बौद्धिक र अविचलित चरित्रका रूपमा यस उपन्यासमा देखिएकी छे । शरदको बेपत्ताले एक्लिएकी कुमारी आफ्नो सन्तानको भविष्यलाई टुङ्गो लगाएर छाड्ने दृढ नारी चरित्र हो । कथानकको आरम्भदेखि अन्त्यसम्म अनवरत रूपमा क्रियाशील कुमारीको चरित्र आबद्ध किसिमको देखापरेको छ । उपन्यासमा कुमारीको चारित्रिक भूमिकाले कथावस्तुमा गति प्रदान गरेको छ भने उसको चरित्रले उपन्यासमा विशिष्टता थपेको छ ।

### ५.३.३ जीबा

जीबा **सकस** उपन्यासका प्रमुख पुरुष पात्रकै रूपमा आएका छन् । नेपालको माओवादी द्वन्द्वकाल र मधेश आन्दोलनभन्दा पूर्वका इतिहासका घटनाहरूलाई कथावाचन उनले नै गरेकाले उनी पनि यस उपन्यासका कथावाचक नै हुन् । आफूले देखे, सुनेका, भोगेका र अनुभव गरेका आधारमा देशको अढाई सय वर्षे लामो इतिहास बताउन सक्ने जीबा उपन्यासका ज्यादै बौद्धिक चरित्र हुन् । आफ्ना बाको धेरै पढाएर दरबारको नम्बरी पण्डित बनाउने धोकोले गाउँबाट नेपालको तीनधारा पाठशालामा पुगेका जीबा सुरुमा विद्यार्थी भएर बसे पनि केही समयपछि राणाविरोधी राजनीतिमा होमिन पुग्दछन् । राजनीतिमा नलाग्न आफ्ना बा र भाइको अनेक बिन्तीलाई वास्ता नगरी पार्टीमा लागेका जीबा नेपाली जनताका लागि अनुकूल चरित्रका रूपमा उभिएका छन् । आफ्ना बाले बुढेसकालको साहारा, 'ढिकुरीको पुजारी' भनेर अति माया गरेर हुर्काएका भएपनि नेपाली जनता भन्दा ठूलो घर परिवार हैन भन्ने विचारका हठी तर भावुक स्वभावका चरित्र हुन् । जीवनमा निकै आरोह-अवरोह झेलेर भएपनि राजनीतिमा क्रियाशील बनेका जीबा मन्त्री

पदसम्म पुगेका गतिशील चरित्र हुन् । राणाशासनलाई ढालेर प्रजातन्त्र ल्याउने जीबाका सपनाले गर्दा उसले राजनीतिमा अनेकौं बाधा र अड्चन खेप्नु परेको देखिन्छ । देश विकासका लागि घरपरिवार त्यागेर परिआएका खण्डमा ज्यानको बाजी थाप्न पनि पछि नपर्ने कुशल राजनीतिज्ञका रूपमा उपन्यासमा अटाएका छन् । २०४६ सालमा देशमा आएको प्रजातन्त्रपछि राजनीतिक जीवनबाट पूरै सन्यास लिएका उनी दुई वटी पत्नीका पति भएपनि मर्ने बेलामा धर्मपुत्रका रूपमा रहेको शरद भन्दा बाहेक अरुले कसैले साथ नदिएको गुनासो गर्न पुग्दछ । जीवनमा राजनीतिकबाट कहिल्यै विचलित नहुने जीबा जनताले लाउने भ्रष्टाचारसम्बन्धी आरोपबाट भने अत्यन्तै डरमान्ने राजनीतिज्ञ हुन् । उपन्यासको आधाभन्दा बढी कथानकको समाख्याता बन्ने जीबा कथावस्तुसँग आबद्ध पात्र हुन् ।

सानै उमेरमा गाउँमा वैवाहिक सूत्रमा बाँधिएका जीबा एक छोरा र एक छोरीका पिताका रूपमा यसमा देखिएका छन् । श्रीमतीको मृत्युपछि आफूलाई अपमान जनक व्यवहार गरेपछि जीवनदेखि नै आजित भएको ठान्न पुग्दछन् । नेपालको कठोर राजनीतिमा होमिए पनि जीबा आफ्नो घर परिवारप्रति गम्भीर रहने चरित्र हुन् । मन्त्री हुँदाका समयमा आफ्ना छोरा छोरीलाई उचित शिक्षादीक्षा दिई स्वरोजगारयुक्त बनाइदिने जीबा संवेदनशील पात्रका रूपमा रहेका छन् । सानैमा आमाबाबु विहीन भएको शरदलाई सहारा दिएर धर्मपुत्रका रूपमा राख्ने जीबा उदार प्रवृत्तिका देखिन्छन् । बुढेसकालमा साहाराको खाँचो पर्दा कान्छी श्रीमती विवाह गर्न पुग्ने जीबा गतिशील चरित्रका रूपमा उपन्यासमा अटाएका छन् । आफ्नै सन्तान भएर पनि बुढेसकालमा सहाराविहीन भएका जीबाले आफ्नो धर्म पुत्रका रूपमा रहेको शरदलाई नै आफ्नो वास्तविक छोरो ठान्नु उनको मानवताको खास चिनारी हो । सहृदय र सद्‌विचारलाई अँगाल्ने जीबा मरणासन्न अवस्थामा केही बँचेको सम्पत्ती शरदले चलनभोग गरोस् भन्ने सद्‌विचारका चरित्र हुन् ।

जीवनमा इमान, जमान, नैतिकता र आदर्शलाई सँगसँगै लिएर बाँच्न खोज्ने जीबा राणाहरूको निरङ्कुशताको घोर विरोधी व्यक्ति हुन् । राणाशासनलाई पल्टाएर प्रजातन्त्रको स्थापनामा सक्रिय हुने जीबा एक कुशल राजनीतिक व्यक्ति हुन् । उपन्यासको प्रमुखे आदर्श व्यक्तिका रूपमा देखिएका जीबालाई बोधदादा र अन्य सहयोद्धा साथीहरूबाट देशको इतिहास र त्यतिखेरको परिवेशलाई आजीवन नियाल्न प्रयत्न गर्ने जिज्ञासु चरित्रका रूपमा लिन सकिन्छ । जीवनमा कयौं तीता-मीठा अनुभवहरू सङ्गालेर राख्नु उनको विशिष्ट

पहिचान र पहिरन बन्न पुगेको छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरण, राणाहरूको कठोर दमन, त्यतिबेला राजा-महाराजाहरूको भोगविलासी प्रवृत्ति, सतीप्रथाका कारुणिक व्यापकता जस्ता नेपालको घात, प्रतिघात उकलेर शरदलाई सुनाउने जीबाको चरित्र यसमा साँच्चिकै विशिष्ट प्रकारको देख्न पाइन्छ ।

### ५.३.४ देवीजी

देवीजी **सकस** उपन्यासकी सहायक नारी चरित्र हुन् । उपन्यासमा यिनको भूमिका थोरै रहेपनि मुख्य चरित्र शरदको डायरीमा लेखिएका विसङ्गतिपूर्ण घटनाहरूलाई उजिल्याउने माध्यम नै उनी भएकी छिन् । उपन्यासमा शोषित, पीडित, अन्यायमा परेर बेसाहारा भएका बालबालिकालाई पालनपोषण गर्ने समाज सेवीकाका रूपमा उनको चरित्र रहेको छ । उनले नारीहरूको संरक्षण गर्ने र उनीहरूलाई न्याय दिलाउन पुन : स्थापना गृह खोलेर बसेकी उदारवादी चरित्र हुन् । उपन्यासकी प्रमुख नारी चरित्र कुमारीकी कर्मले आमा बनेकी देवीजीले उसको दु:खद्पूर्ण जीवनको कथा सुन्ने माध्यम पनि बनेकी छिन् । उनी कुमारीका अलाबा मिथिला, शान्ति जस्ता हजारौं नारीहरूको भविष्यको ढोका खोलिदिने सत् प्रवृत्तिकी चरित्र हुन् । उनी पारिवारिक मोहलाई परित्याग गरी नारी सुधारको कार्यमा सङ्लग्न छिन् । हिंसापीडित महिला र बालबालिकाको हितमा काम गर्ने देवीजीको भूमिका कथानकलाई उकालो लगाउन महत्त्वपूर्ण रहेको छ ।

### ५.३.५ रामेश्वर सर

रामेश्वर सर **सकस** उपन्यासका सहायक पात्र हुन् । वास्तविक नाम रामेश्वर शर्मा रहेका यी पात्र मन्थली संस्थाका अध्यक्ष हुन् । यस उपन्यासको मुख्य पात्र जीबाका हितैषी मित्रका रूपमा पनि यिनको परिचय दिन सकिन्छ । जीबाको मृत्युपछि शरद र कुमारीलाई काठमाडौंबाट मन्थली पुऱ्याउन यिनको भूमिकाले काम गरेको छ । उनी माओवादीले चन्दा माग्दा विनासित्तिमा चन्दा नदिने दृढ आत्मबल भएका चरित्रका रूपमा यसमा छन् । धेरै लेखपढ नगरेपनि आफ्नो मेहनत र लगनशीलताले आफ्नो कामलाई गतिदिन सक्ने बौद्धिक चरित्रका रूपमा उनलाई उपन्यासमा प्रस्तुत गरिएको छ । कसैको पनि अहित नचिताउने र नचाहिँदो कार्य कहिल्यै नगर्ने अनुकूल चरित्रका रूपमा उनको चरित्रको निर्माण भएको छ । माओवादीले पटक-पटक चन्दा माग्दा पनि 'मारे मारुन म त चन्दा दिन्न' भन्ने चरित्रले

उनको चरित्र हठी छ भन्न सकिन्छ । उपन्यासको मध्यभागको कथानकलाई बढावा दिन उनको चरित्रले अहम् भूमिका निर्वाह गरेको छ ।

**५.३.६ लाल**

लाल **सकस** उपन्यासको सहायक पुरुष चरित्र हो । ऊ यस उपन्यासमा तराई क्षेत्रमा बसोबास गर्ने खराब आचारण बोक्ने केही दुष्टहरूको प्रतिनीधि चरित्र पनि हो । उसले यस उपन्यासमा “मुखमा रामराम बगलीमा छुरा भन्ने” उखानको चरित्र प्रस्तुत गरेको छ । बोलिमा सहयोगी जस्तो बन्ने तर व्यवहार चाहिँ घृणित गर्ने दुष्चरित्रको व्यक्तिका रूपमा उसको चरित्र रहेको छ । कुमारी र शरदकी छ वर्षीय छोरीलाई बलात्कारको शिकार बनाउने कार्य उसले यस उपन्यासमा गरेको छ । छोरी शान्तिलाई बलात्कार गर्नुका साथै बहिनी मानी सहयोग गरेजस्तो गर्ने तर कुमारीमाथि नै जाइलाग्न खोज्ने कुटिल स्वभावको चरित्रका रूपमा यसमा उसको भूमिका रहेको छ । उपन्यासको अन्त्यमा देखिएको उसको चरित्र उपन्यासको उपसंहारलाई मलजल गर्न उसको भूमिकाले महत्त्वपूर्ण आधार तयार गरेको छ ।

यस उपन्यासमा माथि उल्लेखित पात्रहरूका अतिरिक्त थुप्रै सहायक र गौण पात्रहरूको पनि प्रयोग गरिएको छ । यसमा सुरुदेखि अन्त्यसम्म मानवेत्तर चरित्रहरूको प्रसङ्गवश चर्चा गरेपनि प्रयोग चाहिँ गरिएको छैन । उपन्यासमा प्रशस्तै स्त्री तथा पुरुष र सत् र असत् पात्रहरुको भूमिका उल्लेख्य रहेको छ । यस उपन्यासमा बोधदादा, मुक्तात्मा, जीबाका बा, कोइराला, बाजे, बद्रीलाल, नरेश, कर्मलाल, कमरेड आकाश, कमरेड ज्वाला, पृथ्वीनारायण शाह, वी.पी., टेकबहादुर, चन्द्रसमशेर, गंगालाल, शुक्रराज आदि सहायक पात्रहरूमध्ये कुनै चरित्रहरू उपन्यासकारका काल्पनिक सहायक पात्र हुन्, भने कुनै चाहिँ इतिहासका वास्तविक चरित्र हुन् । यी पात्रहरूले नेपालको एकीकरण कालदेखि देशमा प्रजातन्त्र स्थापनाका कार्यसम्म योगदान पुऱ्याएका छन् । भारतले अतिक्रमण गरिएको नेपाललाई एकीकरण गरेर सिमाना जोगाउने, बाइसे, चौबिसे राज्यलाई एउटै सिङ्गो राज्य बनाउने कार्यमा लागेका पृथ्वीनारायण शाह नेपाल राज्यकै ऐतिहासिक पात्र हुन् । गंगालाल, शुक्रराज, बी.पी. आदिले देशमा विद्यमान निरङ्कुश राणाशासनका विरूद्ध आवाज उठाउने कार्य गरेका छन् । ज्यानको बाजी लगाएर प्रजातन्त्रको स्थापनाका लागि एक मुठी सास छउन्जेलसम्म पनि लडिरहने वीर एवं पराक्रमी चरित्रका रूपमा यसमा प्रयोग छन् ।

बोधदादा, कोइराला बाजे, सुक्तात्मा जस्ता पात्रहरूले पनि आफ्ना कथासँगै इतिहासका वास्तविक घटनाहरूको वर्णन गरेका छन् । राणाहरूको ज्यादती, उनीहरूको अन्याय, अत्याचार, दमन, शोषण अनि मनपरि तन्त्रको अन्त्य गर्दै नेपाली जनताको मुक्तिको मार्ग प्रशस्ती गरिदिने कार्यमा पनि यी पात्रहरूको उल्लेखनीय भूमिका रहेको छ । कमरेड ज्वाला, कमरेड आकाश, टेकबहादुर, रचना आदि पात्रहरू माओवादीको द्वन्द्वकाल र तराई आन्दोलनका लागि प्रयोग गरिएका चरित्र हुन् । यी मध्ये कोही आफ्नै इच्छाका कारणले, कोही गरिबीका कारणले, कोही बद्लाका भावनाले र कोही अरुको करकापका कारणले तत्कालीन समयमा क्रान्तिमा रुमलिन पुगेका यी पात्रहरूले पछिल्लो समयको वास्तविक इतिहासको परितृप्ती गरेका छन् ।

यस उपन्यासमा जीबा, मिथिला, कान्तवती, शान्ति लालमती आदि सहायक स्त्री चरित्रका रूपमा प्रयोग भएका छन् । जेठी जीमाको मृत्युभएपछि जीबाले कान्छी जीमालाई विवाह गरी ल्याएकाले यस उपन्यासमा दुइवटी जीमाको चरित्र रहेको छ । जेठी जीमा सानैमा विवाह गरेर जीबाका घरमा आएर बुहारीका रूपमा सम्पूर्ण घरधन्दा सम्हालेर सासू ससुरा एवं छोराछोरीको हेरचाह गरेर बस्छिन् । जीबाका कुनै पनि निर्णयमाथि तगारो नबन्ने उनी असल बुहारी, श्रीमती र आमाका रूपमा यसमा प्रयोग छिन् । क्यान्सर रोगले जेठी जीमाको मृत्यु भएपछि जीबाका जीवनमा आएकी फूलवाली कान्छी जीमा हुन् । उनी पहिले नै विवाह भएकी, श्रीमान्, गुमाइसकेकी र एउटा भएको छोरो पनि विदेशीएपछि एक्लिएकी दुःखी चरित्र हुन् । कान्तवती राजा रणबहादुर शाहकी कान्छी श्रीमती हुन् । एउटा गरिब बाहुन परिवारकी विधुवी महिला भए पनि उनी सुन्दर रूप र जवानीका कारणले गर्दा दरबारमा ल्याएकी चरित्र हुन् । राजा रणबहादुरको भोगविलासको साधन बनेकी र कन्या शुल्कका रूपमा राज्यको उत्तराधिकारी माग्ने कान्तवती उपन्यासकी सत् प्रवृत्तिकी तर अवसरवादी पात्र हुन् । शान्ति यस उपन्यासमा शरद र कुमारीकी छोरी हो । उपन्यासको अन्त्यभागमा आएकी ऊ सानै उमेरमा बाबु बेपत्ता भएकी र आमाको मात्र संरक्षणमा रहँदा ६ वर्षकै कलिलो उमेरमा दुष्ट र पापिष्ठ लालबाट बलात्कृत हुन पग्दछे । कुमारीले उसको संरक्षण र पालनपोषण गर्न नसक्ने भएर आफू हुर्केकै देवीजीको पुन : स्थापना गृहमा छाडेकी चरित्रका रुपमा शान्तिको भूमिका रहेको छ । शान्ति नेपालको भविष्यप्रतिको सङ्केत गर्ने चरित्र पनि हो । लालमती यस उपन्यासकी ठूलाबडा राजा महाराजाको अन्याय एवं अत्याचारमा परेकी र औँलो रोग लागेका छोराछोरी लिएर डाँडा काट्नु पर्ने अवस्थामा

परेकी दुःखी चरित्र हो । ऊ आफ्ना कालले लगेका छोराछोरीहरूलाई सुनकोसी र तामाकोसीमा बगाइदिएर बाँकी जीवन सङ्घर्ष गर्दै बाँच्ने प्रयास गर्ने पात्र हो । उपन्यासको कथावस्तुसँग आबद्ध भएर भूमिका निर्वाह गर्ने यी र यस्ता सहायक स्त्री चरित्रहरूले यसको कथानकमा उल्लेख्य भूमिका बोकेका छन् ।

यी माथि उल्लेखित पात्रहरूबाहेक उपन्यासमा अन्य थुप्रै सहायक र गौण पात्रहरूको पनि प्रयोग गरिएको छ । इतिहास, वर्तमान, राजनैतिक, सामाजिक, शैक्षिक आदि क्षेत्रमा देखिएका कयौँ पात्रहरू प्रासङ्गिक रूपमा उपन्यासमा अटाएका छन् । कुमारीकी आमा, पुलिस, सेना, माओवादी नेता, मन्त्रीहरू, शिक्षक, विद्यार्थी, राजा महाराजा, राणाहरू आदि पात्रहरूको उल्लेख्य भूमिका रहेको छ । यी पात्रहरूले इतिहास, राजनीति, सामाजिक, शैक्षिक स्थितिको ज्ञात गराउन सफल भएका छन् । बहुपात्रको प्रयोग रहेपनि यस उपन्यासमा पात्रहरूको उचित व्यवस्थापनले चरित्रगत वैशिष्ट्य बोकेको उपन्यासका रूपमा यसलाई मूल्याङ्कन गर्न सकिन्छ ।

## ५.४ परिवेश

**सकस** उपन्यासले व्यापक परिवेशको चित्रण गरेको छ । उपन्यासमा देशीय परिवेशका रूपमा नेपालको काठमाडौँ, ललितपुर, भक्तपुर, जनकपुर, विराटनगर, नेपालगञ्ज जस्ता सहर अनि सिरहा, मन्थली, सिन्धुली आदि जस्ता ग्रामीण परिवेशको चित्रण गरेको छ । त्यसैगरी अढाई सय वर्ष अघिदेखिको इतिहास र वर्तमानको गञ्जागोल अवस्थाको चित्रणलाई कालिक परिवेशका रूपमा यसले उद्घाटन गरेको छ । विभिन्न गाउँ, रहनसहन, रीतिस्थिति, खोलानाला, डाँडाकाडाका साथै सांस्कृतिकताको चित्रणले उपन्यासलाई जीवन्त बनाएको छ । नेपालको विभिन्न स्थानको परिवेशको चित्राङ्कन गर्नका साथै नेपालको छिमेकी राष्ट्र भारतका विभिन्न सहर दिल्ली, वनारस, कलकत्ता आदिको परिवेश पनि यस उपन्यासभित्र अटाइएको छ । विभिन्न काल बृहत् आकार अनि बहुपात्रको प्रयोगले यस उपन्यासलाई विशाल परिवेशयुक्त बनाइदिएको छ ।

**सकस** उपन्यासमा राणाकाल, प्रजातन्त्रकाल, पञ्चायतकाल, विद्यार्थी आन्दोलन, माओवादी विद्रोह, मधेश आन्दोलन जस्ता ऐतिहासिक घटना परिघटनाहरूलाई मुख्य समयगत परिवेशका रूपमा चित्रण गरिएको छ । यस उपन्यासमा विगतदेखि आजसम्मका

शासनगत समस्या र राजनैतिक खैलाबैला र उतार-चढावलाई जीवन्त रूपमा चित्रण गर्ने काम गरिएको छ । पृथ्वीनारायण शाहदेखि राणाशासन कालसम्मका परिवेशलाई सूक्ष्म रूपमै यस उपन्यासले चित्रण गरेपनि सहिद काण्डदेखि वर्तमान अवस्थासम्मको कहालीलाग्दो परिवेशलाई मुख्य रूपमै उद्घाटन गर्ने काम गरेको छ । नेपालको जुनसुकै समयमा समाजमा घट्ने गरेका सामाजिक घटना र ती घटनाहरूले निम्त्याएका विविध समस्यालाई यस उपन्यासले परिवेशका रूपमा उद्घाटित तुल्याएको छ । शाहकालीन, राणाकालीन समयमा मुख्य रूपमा देखिएको अमानवीय सती प्रथाका घटनाहरूको प्रासङ्गिक कथालाई चित्रण गर्दै विसङ्गतिको खाडलमा जाकिएका निम्नवर्गमाथि उच्च वर्गले गर्ने अन्याय अत्याचार, शोषण, दमन, बालबालिकामाथिको शारीरिक हिंसा आदिको उद्घाटन गर्न पनि यो उपन्यास सक्षम बनेको छ । यसरी यस उपन्यासमा नेपालको राणाकालदेखि माओवादी विद्रोहका साथै मधेश आन्देलनसम्मकै समयको परिवेश दिएको छ । उपन्यासले पञ्चायतकालको चरम अवस्थालाई ज्वलन्त रूपमा परिवेश बनाएको छ । पञ्चायती तानाशाहीहरूलाई ढालेर बहुदल ल्याउन विद्यार्थी नेताहरूले गरेको आन्दोलन, राणाविराधी नारा, आन्दोलनमा परेका सडक बालबालिका र साहित्यकार, सर्वसाधारण जनताहरू विना अपराध मारिनुको यथार्थ चित्रण यस उपन्यासमा गरिएको छ । उपन्यासमा १९९० को दशकमा नेपाली वीर सहिदहरूले राणाविरोधी आन्दोलनमा गरेको साहदत, २००७ सालको जनआन्दोलन, २०१८ सालको पञ्चायतकालको कुव्यवस्था, २०४६ सालको जनआन्दोलन आदि राजनैतिक परिघटनाहरूलाई परिवेशका रूपमा चित्रण गरेको छ । पञ्चायत व्यवस्थाको खुराक खाएका पञ्चेहरू यो व्यवस्था ढलेपछि त्यो र यो पार्टीमा तितरवितर गरी छरिएको परिवेश यसमा अङ्कन गरिएको छ । १०४ वर्षे राणाशासन ढालेर देशमा आएको प्रजातन्त्रलाई स्थापना गर्ने वीर योद्धाहरूको सङ्घर्ष, राणाविरुद्ध वी.पी. शुक्रराज, गंगालाल आदिले गरेको लोकतान्त्रिक अभियान अनि बलिदानीलाई उपन्यासले विशेष परिवेश बनाएर चित्रण गरेको छ । राणाहरूको भोगविलासी प्रवृत्ति, सती प्रथाले निम्त्याएको पीडा र गरिब निमुखा जनताले ठूलावडा हैकमवादहरूबाट भोग्नु परेको सास्ती, सन्त्रास र असुरक्षालाई पनि परिवेशका रूपमा उपन्यासले अँगालेको छ ।

यस उपन्यासमा द्वन्द्वकालमा माओवादीले मच्चाएको आतङ्कमा सोझासिधा जनतामा उत्पन्न भयावहता, पीडा र त्रासद् वातावरणको यथार्थ चित्रण छ । रामेछापको मन्थली  त्यहाँ वरपरका जनताहरू सेना र माओवादी दुवैको त्रासमा बाँच्नु परेको अवस्थाको

जीवन्त चित्रण यसमा उतारिएको छ । त्यहाँका बालक, बृद्ध, विद्यार्थी, स्थानीयबासी, कर्मचारी, व्यापारी, श्रमजीवि, बुद्धिजीवि आदि सबै वर्गका मानिसहरूले माओवादीलाई चन्दा दिएर र उनीहरूको मनपरी तन्त्रलाई निःशब्द रूपमा साथ दिनुपर्ने बाध्यात्मक परिवेशको राम्रो चित्रण यसमा प्रस्तुत छ । सामन्त, दलाल, पूँजीपतिहरूको सम्पत्तिहरण गरेर सर्वहारा किसान, दलित, सुकुम्बासी, जनजाति, आदिबासी अनि आफ्ना कार्यकर्ताहरूलाई बाँड्ने माओवादी नीतिको यहाँ जीवन्त चित्रण छ । "महान् मालेमा र प्रचण्डपथ अनुसार नेपाललाई एक दशकभित्र उत्तरकोरिया जस्तै महान् देश बनाइदिन्छौँ" (**सकस** पृ. २२) भन्ने माओवादीको भनाइबाट देशले सङ्कटग्रस्त स्थितिको सामना गर्न लाग्नुपर्ने देखिन्छ । द्वन्द्वात्मक स्थितिको चरमोत्कर्ष उपन्यासमा देखाउनु यो उपन्यासको परिवेशगत वैशिष्ट्यता हो । माओवादीको द्वन्द्वकालको अन्त्य नहुँदै नेपाली जनताले भोग्नुपरेको मधेश आन्दोलन र त्यसबाट आइपरेका सङ्कटपूर्ण अवस्थाको ज्वलन्त चित्रण यसमा अङ्कन गरिएको छ । राजनैतिक परिवेशलाई टपक्क टिपेर विभिन्न पार्टीहरूले सिर्जना गरेको पहाडी मधेशी बिचको विभेद, हत्या, आतङ्क, बलात्कार, लुटपात, बन्द, हड्ताल, जुलुस आदिको प्रयोग गर्नु उपन्यासको परिवेशगत विशिष्टता हो ।

यस उपन्यासमा शरद सैलुङ्गमा जन्मी काठमाडौं आएको, विद्यार्थी कालीन समयमा क्याम्पसमा गई अध्ययन गरेका, काठमाडौंबाट अत्यन्त हैरानी भएर त्यस ठाउँलाई छाडी मन्थलीमा गएर बसोबास गरेको मन्थलीको सेरोफेरो, पारिस्थितिले जनकपुर सरी त्यहाँ रहँदा बस्दाको परिवेश मुख्य रूपमा आएको छ । तराई, मधेश, पहाड त्यहाँको वनपाखा, खोलानाला, लेक, बेँसी, सिस्नोको झाङ, भञ्ज्याङ, चौतारी जस्ता स्थानको चित्रणले यसमा कार्यस्थलो बनाएको छ । प्राकृतिक र सांस्कृतिक चित्रण, चालचलन, संस्कृति, परम्परा, रुढीवादी मान्यता आदिको चित्रणले यस उपन्यासले विविधतायुक्त परिवेशको चित्र खिचेको छ । त्यस्तै खुलामञ्च, टुँडिखेल, दरबार, सडक, स्कूल, क्याम्पस, पुनः स्थापना गृह, अस्पताल, नर्सिङ होम आदिले पनि यस उपन्यासको कार्यस्थलो बनाएको छ । पशुपति, गुह्येश्वरी-दक्षिणकाली, जानकी मन्दिर जस्ता धार्मिक तथा सांस्कृतिक स्थानले पनि यस उपन्यासमा प्रश्रय पाएका छन् । उपन्यासले विविध स्थान वनजङ्गल, उकालो, नदीनाला तलाउ, पोखरी, शहर, बजारका दृश्यहरूलाई सुन्दर रूपमा चित्रण गरेको छ । विभिन्न राजनैतिक पार्टी, भट्टीपसल, बृद्धाश्रम, सहर र तिनका बिचबिचमा निर्माण गरिएका सालिकहरूले पनि यसको परिवेश झल्काएका छन् ।

मुख्य रूपमा पृथ्वीनारायण शाहको एकीकरणको कालदेखि वर्तमान अवस्थासम्मको इतिहासका यात्रालाई उजागर गरेर शासक अनि जनताबिचको अन्तर्द्वन्द्व, शासक-शासकबिचको कलह, पुरानो पिढी र नयाँ पिढीबिचको द्वन्द्वात्मक परिवेशलाई देखाउन यो उपन्यास सक्षम छ । इतिहासका घटनाहरूमा देखिएका हास-परिहास, आक्रमण, हत्या, हिंसा, आतङ्क, बलात्कार आदि परिवेशलाई देखाउन पनि यो उपन्यास सक्षम छ । त्यसैगरी शहर, गाउँ, नदी, नाला, पोखरी आदि स्थानको चित्रणले पनि यसको परिवेशगत वैशिष्ट्यता राखेको छ ।

यसरी **सकस** उपन्यासले लामो समयको इतिहास वर्णन गर्नु यसको कालगत परिवेश बन्न गएको छ भने दरबार, मन्त्रालय, सहर, गाउँ, मधेश, पहाड, आदिको चित्रणले स्थानिक परिवेश झल्काएको छ । त्यस्तै धार्मिक, राजनैतिक, युद्ध अनि त्रासमय परिवेशको चित्रणले यसलाई जीवन्त तुल्याइदिएको छ । यी विविधतामय परिवेशको सान्दर्भिक चित्रणले **सकस** उपन्यासले प्रत्यक्ष रूपमा निश्चित देश, काल, वातावरणको चित्रण गरे पनि अप्रत्यक्ष रूपमा व्यापक परिवेशलाई झल्क्याउन खोजेको सहज अनुमान गर्न सकिन्छ ।

## ५.५ संवाद

पात्रहरूबिचको कुराकानीलाई संवाद भनिन्छ । संवादलाई अर्को शब्दमा कथोपकथन पनि भन्ने गरेको पाइन्छ । जगदीश घिमिरेको यस **सकस** उपन्यासमा पात्रहरूका बिचमा स्थापित समस्या, अर्न्तद्वन्द्व र परिणतिको संवाद उपयुक्त ढङ्गले प्रस्तुत गरिएको छ । उपन्यासको आरम्भदेखि अन्यसम्म विगत र वर्तमानका घटनाहरूलाई संस्मरण गर्दै कथानकको गति बढाइएकाले मूल रूपमा यसमा संस्मरणात्मक संवादको प्रयोग गरिएको छ । इतिहासका वास्तविक पात्रहरूलाई उभ्याएर वास्तविकै घटनाको उद्घाटन गरेकाले यस उपन्यासमा प्राकृतिक संवादको प्रयोग गरिएको छ । त्यस्तै उपन्यासमा अढाई सय वर्षे नेपालको लामो इतिहास लगभग तीनसय पृष्ठमै वर्णन गर्नुले यसमा सूच्यात्मक संवादको प्रयोग पनि गरिएको छ ।

यस उपन्यासमा विगतका जीवन भोगाइ अनि इतिहासका घटना परिघटनाहरूलाई प्रस्तुत गर्न लामा-लामा संवादको प्रयोग गरिएको छ भने कतिपय स्थानमा छोटा-छोटा संवादको प्रयोगले यसलाई मूर्त रूप दिएको छ ।

उपन्यासमा

अनि जीबाले भने ............. ।"

कमरेड अकाशले भने ......................... ।"

जस्ता लामा-लामा संवादले यथार्थ घटनाहरूलाई वर्णनात्मक शैलीको माध्यमबाट प्रस्तुत गरिएको छ भने -

"कान्छा यो फूल मेरो भो । हैन त ?

"भयो साहू बा !"

"पक्का ! पक्का !"

"उसो भए यो फूल कोरल्न दे ।" (पृ. १३४)

जस्ता छोटा-छोटा संवादले उपन्यासलाई रोचकता प्रदान गर्ने काम गरेको छ ।

द्वन्द्वकालीन अवस्थामा सेना र माओवादीको अपहरणमा पर्दा शरदले आफैसँग कुरा गरेकोले उपन्यासमा मनोद्वन्द्वले पनि स्थान पाएको छ । त्यसको उदाहरण उपन्यासमा यसरी आएको छ :

"धेरै प्यास लाग्थ्यो । जति पानी खायो उति पिसाप लाग्थ्यो । पिसाप जान्छु भनेको झर्को मानेर मिनरल वाटरको बोतल दिएर भन्थे "यसैमा गर ।" बोतलमा पिसाप फेर्न भने दया गरेर हतकडी अगाडि लाइदिन्थे । अर्को पटक पानी खान माग्यो भने, त्यही बोतलको खा भन्थे । पिटाइ खाएर मुख प्याकप्याक सुकेका बेला कति आफ्नै पिसाब खाएँ कति अर्काको, त्यो थाहा भएन ।" (पृ. २५०)

यस उपन्यासमा पात्रानुकूलको संवादले यथार्थको उद्घाटन गरेको छ । त्यस्तै पात्रको स्तर सुहाउँदिला संवाद प्रयोगले रोचकता थप्ने काम गरेको छ । यसैगरी भौगोलिक, जातीय, राजनैतिक, अनि शैक्षिक पात्रानुकूलका सामान्य अनि बौद्धिक संवादको प्रयोग गर्नु यसको मूल विशिष्टता हो । विगत र वर्तमानका तथ्यपरक घटनाहरूलाई रोचक संवादका माध्यमबाट उपन्यास प्रस्तुत गर्न घिमिरे सक्षम बनेका छन् ।

यसरी यस उपन्यासमा इतिहासका घटनाहरूको वर्णन गर्दा लामा-लामा संवादको प्रयोग गरिएको छ भने प्रत्यक्ष घटनाहरूलाई छोटा-छोटा संवादले स्वाभाविक संवाद प्रस्तुत गरेको छ । त्यस्तै संस्मरणात्मक शैलीको प्रयोगले नै उपन्यासको गतिलाई बढावा दिने काम गरेको छ भने आफ्ना कथा व्यथालाई प्रस्तुत गर्न मनोसंवादको पनि प्रयोग गरिएको छ । त्यसैले यस उपन्यासमा प्रयुक्त सबै खाले संवाद नियोजित ढङ्गमा नआई स्वाभाविक रूपमा आएका छन् । वर्णनात्मक संवादले उपन्यासमा प्रश्रय पाउनु यस उपन्यासको संवादात्मक विशिष्टता हो ।

## ५.६ दृष्टिबिन्दु

उपन्यासमा कथयिताले कथा वाचनकालागि उभिने वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो (बराल र एटम, २०५६: ३६) । **सकस** उपन्यास आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको उपन्यास हो । यस उपन्यासमा कुन पात्रलाई प्रमुख दृष्टिकर्ता बनाइएको छ, भन्नचाहिँ अलिक कठिन नै छ । उपन्यासको आरम्भमा शरदलाई प्रमुख दृष्टिकर्ता पात्र बनाएझैँ लागे पनि बिच भागमा जीबाको चरित्रले दृष्टिकर्ता बन्ने अवसर पाएको छ । फेरि उपन्यासको मध्य भागमै जीबाको मृत्युपछि शरदले आफ्नो विसङ्गत जीवन भोगाइको कथा अगाडि बढाएको छ । यसरी हेर्दा जीबाको इतिहासका सम्पूर्ण वर्णनात्मक घटनाहरूको साक्षी बन्ने शरद त्यसपछिको घटना वृत्तमा प्रत्यक्ष रूपमा आफ्ना जीवन भोगाइलाई 'म'का माध्यमबाट कथावस्तुको गति बढाउँछ । त्यसैले शरद नै यस उपन्यासको प्रमुख दृष्टिकर्ता चरित्र हो । तर उपन्यासका सम्पूर्ण कथावस्तु शरद र जीबा 'म'का माध्यमबाट वर्णन गरेका छन् । सम्पूर्ण घटनाका द्रष्टा र सर्वज्ञाता शरद र जीबा नै यसका प्रमुख दृष्टिकर्ता चरित्र हुन् । उपन्यासको प्रारम्भमा जीबाले आफ्ना र इतिहासका कथालाई 'म'का रूपमा प्रस्तुत गर्दछन्, भने मध्य भागदेखि शरद 'म' पात्रका रूपमा आई कथानकको गतिलाई बढावा दिने काम गर्दछ । त्यसैले यस उपन्यासको सम्पूर्ण कथा वस्तु आत्मकथा जस्तै उनिएकाले प्रथम पुरुष दृष्टिबिन्दुमा अगाडि बढेर गएको छ । शरद र जीबाले आ-आफ्ना अनुभवका कथालाई संस्मरणात्मक शैलीमा प्रस्तुत गर्नाले यसमा काल्पनिक कथावस्तुको प्रवेश नै भएको छैन ।

सम्पूर्ण घटनावलीहरूको कथयिताका रूपमा आउने शरद र जीबाले आफ्ना अनुभवहरूलाई निजी तबरबाट वर्णन गरेकाले यसमा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसका केही दृष्टान्तहरू उपन्यासमा यसरी प्रस्तुत भएका छन् :

– जीबा -"अघि आँखा खोलेर संसार डुलें । अब आँखा चिम्लेर डुल्दै छु - आफ्नै स्मृतिमा । आँखा खोलेर नदेखिने सत्य आँखा चिम्लेर देखिन्छ । संसार आँखा खालेर भन्दा चिम्लेर चिनिन्छ । त्यस बेला नबुझेका कुरा अब बुझ्दैछु ।" (पृ. ३९-४०)
– जीबा -"पैतालामा बिझेको काँडा बेलैमा झिकेन भने खील पल्टेर चस्कन्छ । मनमा गडेका कुरा पनि त्यस्तै हुन् । मेरो मुटुमा बाल्यकालका केही त्यस्तै झीनामसिना खील छन् । पहिले तिनैलाई झिक्छु ।" (पृ. ४०)
– शरद -"जसले पनि चिन्ता नगर्नुस् भन्ने उपदेश दिन्थ्यो । मलाई अचम्म लाग्थ्यो । मान्छेले रहरले चिन्ता गर्छ र ! सजिलै छोड्न सकिने भए कसले चिन्ता समाइबस्थ्यो ?" (पृ. २६१)

यसरी यस उपन्यासमा शरद र जीबा पात्रलाई प्रमुख दृष्टिकर्ता पात्र बनाई 'म'का माध्यमबाट पालैपालो आ-आफ्नो स्वयम् जीवन भोगाइलाई प्रस्तुत गर्नाले प्रथम पुरुष दृष्टिबिन्दुको सहज प्रयोग भएको छ ।

## ५.७ भाषा

**सकस** उपन्यासमा भाषाको प्रयोग विविधतायुक्त गरिएको छ । उपन्यासमा भौगोलिक परिवेश अनि वक्ताको स्तर सुहाउँदो भाषाको प्रयोग गर्न उपन्यासकार सक्षम छन् । उपन्यासले लामो समयको परिवेश र पात्रको प्रयोग गरेकाले भाषामा कालगत अन्तर देखिएको छ । त्यसैगरी भौगोलिक विविधताको परिवेशलाई उपन्यासले अँगाल्नाले त्यसै अनुसारको भाषाको स्वभाविक प्रयोग भेट्टाउन सकिन्छ । उपन्यासकारले वक्तालाई सुहाउँदो भाषाको प्रयोग गरी लामो कालखण्ड र ठूलो परिवेशस्तरको भाषिक प्रयोगलाई जीवन्त तुल्याएका छन् । यी विविधतायुक्त भाषिक प्रयोगले उपन्यासको भाषा दुर्बोध्य समेत बन्न पुगेको छ । प्रायजसो ग्रामीण भेगमा बसोबास गर्ने स्थानीय भाषाको प्रयोग गरिनाले बौद्धिक पाठकका निम्ति सहज एवं सरस भाषाकै प्रयोग भएको छ भन्न सकिन्छ ।

उपन्यासमा सामान्य नागरिकले बोल्ने कथ्य भाषादेखि लिएर उच्च राजर्षी एवं राणाखानदानका व्यक्तिले बोल्ने उच्च आदारार्थी भाषाको प्रयोग गरिएको छ । यसका केही दृष्टान्त उपन्यासमा यसरी प्रयोग गरिएको छ :

"काजी, हजुरको आँटलाई मेरो शास्त्रको पनि आशीवार्द हुनेछ ।" (पृ. ८०)

"महाराजको जय होस् । म बुबा महाराजको प्रेमी सेवक हुँ । मलाई पनि सती जान दिने निगाह होस् ।" (पृ. ७८)

"महारानीको जय होस् । मैजुरानी सुत्केरीबाट चोखिइबक्स्यो ।" (पृ. ८१)

त्यस्तै निम्न आदारार्थीमा

"को छ याँ माओवादी ? लु आइज ।" (पृ. २४३)

"माओवादीलाई दिन पुग्ने किन्छस्, होइन ? .... तँ अस्पतालको म्यानेजर होइन ? कति माओवादीको उपचार गरिस् ?" (पृ. २४७)

"बु....चो....साला, तेरी मौगीले पैसा बुझाई भने ज्यान बकस पाउलास् । होइन भने...." (पृ. ३०२)

उपन्यासमा गृह, मन्दिर, रक्त, पुरुष, संसार, जयते, बन्दे, मातरम्, मृत, बालक, दक्षिणा, अमृत, गङ्गास्नान, आदि जस्ता तत्सम् शब्दहरूको प्रयोग गरिएको छ । प्रिन्सिपल, स्टेसन, टिपोर्ट, पार्क, एन.जी.ओ., प्रोजेक्टर, डी.एस्.पी., ड्युटी, क्रेप व्यान्डेज, सर्टिपिकेट, निम्स, इन्टरनेसनल, कम्याउण्ड, आदि अङ्ग्रेजी आगन्तुक शब्दहरूको पनि बहुल प्रयोग गरिएको छ । त्यस्तै कयौं तद्भव शब्दहरूको प्रयोगका साथै झ्याङ, बाँझो, सङ्घार, भुँड्को, ऐझेरू, पाती, किरिया, पौवा, कुन्युँ, माथ्लो, धूपौरो, कन्तुर आदि झर्रा नेपाली शब्दहरूको स्वाभाविक प्रयोग गरिएको छ । यस उपन्यासमा सुइँकुच्चा, डङ्ग्रङ्ङग, घच्याक्क, ङिच्च, प्याच्च, भरङ्ग, प्याट्ट ब्वाङ्ङ, झल्याक झुलुक, च्वास्स, फटाफट, स्वात्त, ट्वाल्ल, झल्याँस्स, लगलगी, तुरुन्त, स्वाँ-स्वाँ, जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले भाषिक झङ्कार निर्माण गरेको छ । त, पो, लौ, नि, हौ जस्ता विभिन्न निपातहरूको प्रयोगका साथै क्रियापद पनि स्थानीय रङ् दिनेखालका छन् : जस्तै भा'को छ । रैछ । लेखिपठायो । काँछु । रैछन् । आदिको सहज प्रयोग गरिएको छ ।

उपन्यासमा भाषालाई रोचक, घोचक र मिठास थप्न विभिन्न किसिमका थेगाहरूको प्रयोग पनि भएका छन् । पात्रगत विशिष्टता थप्ने यस्ता थेगाहरूमा चान्नेजो,

चाइन्जसुन्जोउ चैने आदि रहेका छन् । त्यस्तै 'आकाशको फल आँखा तरि मर,' 'भाग्य मानीको भुतै भुतै कमारो', 'सम्पत्तिमा सबैको हाइहाइ, विपत्तिमा कोही न कोही,' 'हरेक ढुङ्गामा मूर्ति हुन्छ,' जस्ता उखान तथा डाको छोड्नु, छियाछिया हुनु, हिक्क-हिक्क गर्नु, घुँडा टेक्नु, बाँझो फोर्नु, ढिकाराको पुजारी, जोरी खोज्नु, धिप-धिप बल्नु, सुँक्क-सुँक्क गर्नु आदि टुक्काहरूको प्रयोगले उपन्यासलाई स्वादिलो खुराक थपेको छ । ..... माच्चि ..... जाँठा, "माच्चि ..... स्साला," बु ..... चो .... साला," जस्ता आश्लील शब्दहरूको प्रयोग पनि पात्रहरूले गर्ने स्वाभाविक भाषाको प्रयोग यसमा गरिएको छ । यसैगरी उपन्यासमा प्रश्न वाचक चिह्न, विस्मयादिबोधक चिह्न, अल्पविराम, उद्गार चिह्न, योजक चिह्न आदि चिह्नहरूको घनिभूत प्रयोगले उपन्यासको भाषालाई स्वभाविक तुल्याएको छ । यसमा प्रयुक्त समस्त शब्दहरूले उपन्यासको भाषालाई घिमिरेले खँदिलो तुल्याएका छन् । राष्ट्रनिर्माता, देशद्रोह, वचनबद्ध, डरछेरावा, घरखर्च, प्रजातन्त्र, लोक प्रिय, भ्रष्टाचार दोबाटो आदि यसमा प्रयुक्त समस्त शब्द हुन् । त्यस्तै आ-आफ्नो, काटकुट, भातसात, नयाँनयाँ जस्ता द्वित्व शब्द आदिको प्रयोगले यसको भाषालाई घिमिरेले आकर्षित तुल्याएका छन् ।

यसरी विशाल परिवेश र विशाल कथावस्तुलाई समेटेको **सकस** उपन्यासले पात्रानुकूलका स्वभाविक भाषिक प्रयोग गरेर देखाउनु यसको भाषिक विशिष्टता बन्न पुगेको छ ।

## ५.८ शैली

जगदीश घिमिरेले **सकस** उपन्यासमा वर्णनात्मक शैलीलाई नै मुख्य प्राथमिकता दिएका छन् । मुख्य पात्र जीबा र शरद अनि यसका कयौं सहायक पात्रहरूका माध्यमबाट संस्मरणात्मक घटनालाई उपन्यासको मूल रूप बनाई पूर्वदीप्ति शैलीमा अगाडि बढाउने कार्य उपन्यासकारको रहेको छ । यसैगरी **सकस** उपन्यासले गद्य र पद्य दुवै भाषिक शैलीलाई पनि अवलम्बन गरेको छ । यो उपन्यास आलोचनात्मक यथार्थवादबाट अभिप्रेरित हुनाका कारणले ठाउँ-ठाउँमा व्याङ्ग्यात्मक शैलीलाई पनि स्थान दिएको छ । उपन्यासमा मुख्य पात्र जीबा र शरदले संस्मरण गरेका केही उदाहरण यस प्रकार छन् :

जीबाले भने -"सिन्धुलीगढीमा फिरङ्गीलाई हराएको वर्षदिनपछि पृथ्वीनारायण शाहले कान्तिपुर जिते" (पृ. ५९) ।

"बाको मलाई पण्डित बनाउने ठूलो धोका थियो । मैले त्यसमाथि बज्रपात गरें । अब म बालाई कुन मुख देखाउन जाऊ ।" (प. ६५)

शरदले देशमा चर्किएको राजनीतिक दङ्गामा आफूलगायत आफू जस्ता कयौँ निर्दोष जनता र देशको दुर्नियतको संस्मरण गरेको छ ।

'होस् फिर्दा मेरो मुख चौरमा जोतिएको थियो । उठ्न खोजें, सकिनँ । मलाई दुई जनाले उठाएर कुर्सीमा राखे । राँगा भैसी मार्न बन्चरोँको पासोले सिङको जोर्नीमा हानेको देखदेको थिएँ सम्झेँ । मैले कैदी भएपछि स्वतन्त्रताको, अन्धो भएपछि दृष्टिको र बाँधिएपछि खुला हातको महत्त्व बुझ्न थालें । यो कुरा मैले पहिले सोचेको रहेनछु । (पृ. २४५)

यस उपन्यासमा गद्य शैलीकै वर्चस्व रहेपनि ठाउँ ठाउँमा कवितात्मक शैलीको प्रयोग पनि भएको छ । यस उपन्यासले कवि पात्रहरूलाई उभ्याएर कवितामा आफ्ना भावना व्यक्त गर्न लाएको छ । त्यसैगरी यस उपन्यासमा प्रश्नात्मक शैलीको पनि प्रयोग गरिएको छ :

"कसको उर्दी ?"
"हाम्रो पार्टीको"
"तिम्रो पार्टी त काङ्ग्रेस हैन र दाइ "
"अघि थियो, अब छैन, सर ।" (पृ. २२४)

उपन्यासमा व्यङ्ग्यात्मक शैली यसरी आएको छ :

"मेरो अनुरोध अनुसार स्वेच्छाले मसँग त्याँ जानुभएन भने मैले बाध्य भएर यो बम प्रहार गर्नुपर्ने छ" (पृ. २२५) ।

उपन्यासमा इतिहासका घटनाहरू प्रत्यक्ष रूपमा वर्णन गरे जस्तो गरी वर्णित भएका छन् । राजनैतिक परिवेशले निम्त्याएको समस्या र आतङ्कलाई यथार्थ तवरले प्रस्तुत गरिएको छ । प्रासङ्गिक घटनाका पात्रहरूबिच संवादात्मक शैलीको पनि प्रयोग भएको छ । वर्णनात्मक, प्रश्नोत्तरात्मक, गद्यात्मक अनि पद्यात्मक शैलीको यथेक्य प्रयोगले यसको शैली स्वाभाविक एवं सान्दर्भिक बन्न पुगेको छ ।

## ५.९ उद्देश्य

**सकस** उपन्यासको मुख्य उद्देश्य भनेको पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानदेखि वर्तमान अवस्थासम्मका देशका सामाजिक, राजनैतिक र ऐतिहासिक घटनाहरूलाई तटस्थ रूपमा प्रस्तुत गर्नु हो । नेपाली पुर्खाले कोरेको इतिहासदेखि वर्तमानसम्मका उतार-चढावका कथा व्यथाहरूलाई उजिल्याउन प्रयत्न गर्नु पनि यो उपन्यास लेखनको उद्देश्य बन्न गएको छ । नेपालको इतिहास, वर्तमान तथा विविध आयामहरूलाई केन्द्रबिन्दु बनाएर नेपाली जनताहरूले विगतका अढाई सय वर्षदेखि हालसम्म भोगेका अफठ्यारा, पीडा, अपमान, धोका, जालसाजी, छट्पटी आदिका सकसलाई प्रस्तुत गर्नु पनि यो उपन्यास लेखनको उद्देश्य बनेको छ ।

नेपालको राजनीतिक, सामाजिक, इतिहासभित्रको अनैतिक, सत्तालोलुप, षड्यन्त्र, हत्या, हिंसा, शोषण, यौन दुराचार लगायतका यावत् परिप्रेक्षलाई खरो भाषामा उतारेर इतिहास, पुराण, महाभारतका कथा, उपकथा, गाथा र विगत एवं वर्तमानका राजनैतिक आर्थिक, सामाजिक दुर्दान्त घटना अनि परिघटनाहरूलाई निडर रूपमा प्रस्तुत गर्नु यस उपन्यासको अर्को उद्देश्य हो । विभिन्न शासकहरूको शासन व्यवस्थामा देखिएका विकृतिहरुले सर्वसाधारण नेपाली जनताले बेहोर्नुपरेका अनेकन सकसहरूलाई यथातथ्यात्मक तबरबाट प्रस्तुत गर्न पनि यस उपन्यासले महत्त्वपूर्ण भूमिका बोकेको छ । न्याय र समृद्धि उन्मुख परिवर्तनका लागि त्यसका नायकहरूको शासकीय र राजनीतिक संस्कृतिमा तद्नुकूलको परिवर्तन जरुरी छ भन्ने कुरा व्यक्त गर्न पनि यस उपन्यासको उद्देश्य हो । नेपालको पछिल्लो राजनीतिमा देखापरेका आपसी द्वन्द्व र विभिन्न भूमिगत सङ्गठन आदिको मूल बीज विदेशी दलाल रहेको र तिनीहरूको इसाराले मात्र नेपालमा राजनैतिक परिवर्तन हुने यथार्थको उल्लेख गर्दै नेपाल अब औपनिवेशिक मूलुक बनिसकेको देखाउनु यस उपन्यासको उद्देश्य रहेको छ । यसमा नेपालको वितण्ड राजनीतिको चरम नमुना प्रस्तुत गरिएको छ । विविध कालखण्डका सत्ता नायक-खलनायकहरूको राक्षसी, सनक, कामोन्मादी, मोजमज्जा जस्ता प्रवृत्तिले निमुखा, निरीह, निरपराध अनि निहत्था जनताहरूप्रति गरिएका बर्बरता, सत्तालम्पट, अन्धता, क्रूरता आदि राष्ट्र र जनताले भोग्नुपरेका असह्य र अकल्पनीय सकसहरूलाई सरल र बोधगम्य शैलीका माध्यमबाट सबैका सामू ल्याउनु **सकस** उपन्यासको लेखनगत उद्देश्य हो ।

यसरी नेपालको इतिहासका अन्तरकुन्तरमा घटेर निस्सासिन पुगेका विभिन्न घटनाहरूलाई उत्खनन् गर्दै आलोचनात्मक व्याख्या गर्नु यसको मुख्य उद्देश्य हो । त्यस्तै शदियौँदेखि सर्वसाधारण नेपाली जनताले भोग्दै आएका अनेकौँ सकसहरूको जीवन कहानी प्रस्तुत गर्नमा पनि यो उपन्यास सक्षम भएको छ । विगतको जीवन भोगाइबाट पाठ सिकी अब नेपालमा शान्तिको भविष्ययात्रा गराउनुपर्छ भनी भविष्य प्रतिको सङ्केत गर्नु उपन्यासको केन्द्रीय उद्देश्य हो ।

## ५.१० निष्कर्ष

जगदीश घिमिरेको **सकस** उपन्यास उनको उत्तरार्द्ध चरणमा लेखिएको उपन्यास हो । अढाई सय वर्ष नेपालको इतिहासको चर्चा गर्दै वर्तमानको कठोर राजनैतिक सकसलाई यसले मुख्य कथानक बनाएको छ । काल्पनिक, ऐतिहासिक, एवं बौद्धिक पात्रहरूको जमघट रहेको यस उपन्यासले काठमाडौं, मन्थली, जनकपुर आदि स्थानका साथै लामो राजनैतिक परिवेश अँगालेको छ । वर्णनात्मक संवादलाई मुख्य प्राथमिकता दिने यो उपन्यास भाषाशैलीका दृष्टिले विविधतामय छ । यसले तत्सम्, तद्भव, आगन्तुक शब्दावलीको प्रयोग गर्नुका साथै ग्रामीण क्षेत्रमा प्रचलित शब्दावलीको चयन गरेकाले बौद्धिक तर सरल भाषाको प्रयोग छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गर्नुका साथै यस उपन्यासले विगत र वर्तमानको कहालीलाग्दो जीवनबाट छुट्कारा पाई जनताले शान्तिपूर्वक बाँच्न पाउनुपर्छ भन्ने उद्देश्य राखेको छ ।

# छैटौँ परिच्छेद
# सारांश र निष्कर्ष

## ६.१ विषय परिचय

यस खण्डमा सारांश र निष्कर्ष भाग रहेका हुन्छन् । शोधपत्रको अन्त्य भागमा रहने सारांशले शोधपत्रलाई व्यवस्थित बनाउने कार्य गर्दछ भने निष्कर्षले प्रमुख शीर्षक भित्रको विश्लेषणको भागको निष्कर्ष प्रस्तुत गर्दछ । जगदीश घिमिरेको **सकस** उपन्यासमा केन्द्रित रहेर औपन्यासिक तत्त्वगत आधारमा विश्लेषण गर्दा के कस्ता खण्ड, परिच्छेद, शीर्षक र उपशीर्षकहरूको व्यवस्था यस शोधकार्यले अवलम्बन गरेको छ भन्ने सतही वर्णन सारांश भागमा प्रस्तुत गरिएको छ । सारांश भागले यस शोधपत्रलाई समुचित, व्यवस्थित र सुसङ्गठित बनाउने काम गरेको छ । त्यस्तै निष्कर्ष भागमा **सकस** उपन्यासले आत्मसात् गरेका प्रतिपाद्य विषयको प्रस्तुति गर्नुका साथै तत्त्वगत मूल्य र व्यवस्थाको टिप्पणी गरी शक्ति र सीमा छुट्याउने काम पनि गरिएको छ । यसका साथै उपन्यासले राखेको मूल विचार पनि निष्कर्ष भाग अन्तर्गत पारिएको छ ।

## ६.२ सारांश

प्रस्तुत शोधपत्रमा उल्लेख गरिएका र अध्ययन गर्दा अपनाइएका विधिहरूमा प्रथमतः यसलाई परिच्छेद-परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेदको प्रारम्भमा विषय परिचय दिइएको छ भने अन्त्यमा निष्कर्ष दिइएको छ । यसलाई अझ व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि परिच्छेदभित्र पनि मूल शीर्षक दिई ती शीर्षकहरूलाई पनि आवश्यकता अनुसार उपशीर्षक र उप-उपशीर्षक दिएर विभाजित गरिएको छ । त्यस्तै यसमा शीर्षक वा उपशीर्षकहरूको स्थापनाका लागि अङ्क वा अक्षर चिह्नको प्रयोग गरिएको छ ।

यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय भाग रहेको छ । यसमा शोधका सम्पूर्ण अङ्गहरूको परिचय दिनका अतिरिक्त विभिन्न पत्रपत्रिका, लेखरचनाहरूमा **सकस** उपन्यासमा बारेमा समीक्षकहरूले गरेका पूर्वकार्यहरूलाई प्रस्तुत गरिएको छ । यसका साथै यसै भागमा सम्पूर्ण शोधकार्यको रूपरेखा पनि खिचिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा उपन्यासको सैद्धान्तिक परिचय भन्ने शीर्षक बनाइएको छ । यसमा पूर्वीय र पाश्चात्यका आधारमा उपन्यास शब्दको व्युत्पत्ति र अर्थ प्रस्तुत गर्नुका साथै विभिन्न विद्वान् एवं समालोचकहरूको मतलाई स्थापना गर्दै उपन्यासको स्पष्ट परिभाषा किटान गरिएको छ । यसै परिच्छेदमा उपन्यास विधालाई अझ स्पष्ट्याउने क्रममा यसको स्वरूप र तत्त्वहरूको रेखाङ्कन पनि समावेश गरिएको छ । उपन्यासका मुख्य-मुख्य तत्त्वभित्र पर्ने कथानक, चरित्र, परिवेश, संवाद, दृष्टिबिन्दु, भाषाशैली र उद्देश्य समेतको परिभाषा पनि यसै परिच्छेदमा निर्धारण गरिएको छ । चरित्र चित्रणका आधारहरू प्रस्तुत गर्ने क्रममा चरित्रलाई (लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता, आबद्धता) आदिका आधारमा विभाजन गरिएको छ । त्यसैगरी उपन्यासलाई पनि विभिन्न आधारमा वर्गीकरण गर्ने कार्य पनि गरिएको छ । कथानकका आधारमा (घटना प्रधान, चरित्र प्रधान, चित्रात्मक, नाटकीय), शैलीका आधारमा (वर्णनात्मक, आत्मकथनात्मक, पत्रात्मक, डायरी, चेतनाप्रवाह), विषयवस्तुका आधारमा (साहसिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, राजनीतिक, आञ्चलिक, वैचारिक), कथानकको अन्त्यका आधारमा (सुखान्त र दुखान्त), आयामका आधारमा (लघु र बृहत्) र प्रवृत्तिका आधारमा (आदर्शवादी, स्वच्छन्दतावादी, आस्तित्ववादी, प्रकृतिवादी, प्रयोगवादी, मिथकीय र नारीवाद), गरी वर्गीकरणका अनेकौं आधार प्रस्तुत गर्दै यस परिच्छेदको समापन गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा जगदीश घिमिरेको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त चिनारीलाई प्रस्तुत गरिएको छ । यसमा घिमिरेको जन्म, जन्मस्थान र बाल्यकाल, शिक्षादीक्षा, पारिवारिक जीवन, आर्थिक अवस्था, सम्मान तथा पुरस्कार, भ्रमण, शारीरिक अवस्था, साहित्य सिर्जनामा प्रेरणा जस्ता उपशीर्षकहरूमाथि प्रकाश पारिएको छ । त्यसैगरी यसै परिच्छेदमा घिमिरेका साहित्यिक र साहित्येतर व्यक्तित्वको परिचय दिइएको छ । साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्वलाई भिन्न-भिन्न उपशीर्षक बनाई साहित्यिक व्यक्तित्व अन्तर्गतका (कथाकार, उपन्यासकार, नाटककार, कवि, नियात्राकार, संस्मरणात्मक, निबन्धकार, समालोचक र अनुवादक) व्यक्तित्वलाई चिनाइएको छ र साहित्येतर व्यक्तित्वका (लेखक, राजनीतिक, पत्रकार, र सामाजिक) विभिन्न पाटाहरूलाई क्रमैसँग प्रस्तुत गरिएको छ । यसका साथै यसै परिच्छेमा जगदीश घिमिरेका साहित्यिक कृतिहरूको विवरण पनि समावेश गरेर परिच्छेदले अन्त्य पाएको छ ।

यस शोधपत्रको चौथो परिच्छेदलाई जगदीश घिमिरेको औपन्यासिक यात्रा र प्रवृत्तिहरूलाई मूल शीर्षक बनाइएको छ । उनका औपन्यासिक यात्रालाई पूर्वार्द्ध चरण वि.सं. २०२४ सालदेखि २०३२ सालसम्मका रूपमा र उत्तरार्द्ध चरणलाई २०३३ सालदेखि हालसम्म भनी दुई चरणमा विभाजन गरी छुट्टाछुट्टै विश्लेषण गरिएको छ । यसै परिच्छेदमा घिमिरेका औपन्यासिक प्रवृत्तिहरूलाई खोतल्ने कार्य गरिएको छ । उनका औपन्यासिक प्रवृत्तिहरू सामाजिक यथार्थ, ऐतिहासिकता, राजनीतिक विकृतिको उद्घाटन, यौन विकृतिको चित्रण, आञ्चालिकता, प्रयोग वैचित्र्यता, कारुणिकताको चित्रण, मानवतावादी स्वर, भाषिक विशिष्टता, प्रगतिशीलता, भय र त्रासको प्रस्तुति, व्यङ्ग्यात्मक शैलीको प्रयोग रहेकाले यिनै प्रवृत्तिलाई सङ्क्षेपमा चर्चा र विश्लेषण गरिएको छ अनि परिच्छेदलाई समाप्त पारिएको छ ।

यस शोधपत्रको पाँचौ परिच्छेद **सकस** उपन्यासको विश्लेषणमा आधारित हो । यसमा विधातात्त्विक आधारमा यस उपन्यासको विश्लेषण गरिएको छ । विश्लेषणै- विश्लेषणको परिच्छेद भएकाले यो परिच्छेद मुख्य परिच्छेद पनि हो । यही परिच्छेदलाई आधार बनाएर यो शोधकार्य गरिएकाले यो शोधपत्रको मुटु पनि हो । यसमा विधातात्त्विक विश्लेषणको आधार बनाइएको छ । **सकस** उपन्यसाको कथानक (स्रोत, आङ्गिक विकास, द्वन्द्व र कौतुहल एवं ढाँचा) समेतका आधारमा यसका चरित्र, परिवेश, संवाद, दृष्टिबिन्दु, भाषा, शैली र उद्देश्यलाई प्रमुख तत्त्व बनाई व्याख्या गरिएको छ ।

## ६.३ निष्कर्ष

**सकस** जगदीश घिमिरेको पछिल्लो समयमा लेखिएको उत्कृष्ट औपन्यासिक कृति हो । २०६९ सालमा पहिलो पटक जगदीश घिमिरे प्रतिष्ठान्बाट प्रकाशित भएको यो उपन्यास घिमिरेको उत्तरार्द्ध चरणमा लेखिएको उपन्यास हो । यसले आयाम र विषयवस्तुको व्यापकता बोकेको छ । जम्मा तीनभाग, ५७ उपशीर्षक र ३०६ पृष्ठको संरचनालाई आत्मसात् गरेको यस उपन्यासले अढाई सय वर्षे नेपालको इतिहास र वर्तमान समयको राजनीतिक परिवेशको अस्तव्यस्ततालाई विषयवस्तुका रूपमा समेटेको छ । अन्य उपन्यासकारका उपन्यासका दाँजोमा घिमिरेले यस उपन्यासमा इतिहास, दर्शन र विचारलाई व्यापकता दिने काम गरेका छन् । त्यसैले घिमिरेको **सकस** उपन्यास नेपाली साहित्यकै मूल्यवान धरोहर पनि हो । यसमा जँड्याहा, स्वास्नी फेर्दै हिँड्ने बाबु र एक गरिब सीमान्तकृत महिलाबिचको छोटो घरजमबाट जन्मिएको पात्र शरदले जीवनमा भोगेका

सकसै .सकसहरूलाई देखाइएको छ । यसका साथै उपन्यासका अन्य मुख्य पात्रहरू र सर्वसाधारण नेपालीले युगौंदेखि भोग्दै आएका कयौं सकसहरूलाई उद्घाटित गरिएको छ । यी र यसकै आधारमा उपन्यासको नामकरण पनि गरिएको छ ।

जगदीश घिमिरेको **सकस** उपन्यासले ऐतिहासिक घटना र वर्तमानको भद्रगोल राजनीतिलाई मुख्य कथानकको स्रोत बनाएको छ । संस्मरणात्मक वा पूर्वदीप्ति शैलीका माध्यमबाट कथानकको श्रृङ्खला उनिएकाले यसको आङ्गिक विकास सहज हुन सकेको छैन । विभिन्न कथा-उपकथाहरूको छ्यासछ्यासी समिश्रणले कथानक झन्झटिलो बनेको छ । उपन्यासको कथानकमा आन्तरिक र बाह्य दुवै द्वन्द्वले महत्त्वपूर्ण स्थान ग्रहण गरेका छन् । यसका मुख्य पात्रहरूले आ-आफ्ना मनमा उत्पन्न पीडालाई एक अर्कामा बाँडेका छैनन्; जसले आन्तरिक द्वन्द्व उत्पन्न भएको छ । हत्या, हिंसा, बलात्कार आन्दोलन जस्ता घटनाहरूले बाह्य द्वन्द्वको रूप धारण गरेका छन् । लामो समयको इतिहास बोकेको यस उपन्यासमा वृत्ताकारीय कथानक ढाँचाको प्रयोग गरिएको छ । विभिन्न कालखण्डमा चर्किएका राजनैतिक दङ्गा र नेपाली जनताले भोग्नुपरेका अन्याय, अत्याचार, दमन र शोषणका यथार्थ घटनालाई पूर्वदीप्ति शैलीका माध्यमबाट प्रस्तुत गर्न पनि उपन्यास सफल छ ।

घिमिरेको **सकस** उपन्यासले अढाई सय वर्षे नेपालको राजनैतिक इतिहास, व्यापक भौगोलिक क्षेत्र र पात्रानुकूलका मनोभावनालाई प्रकट गरी परिवेशको निर्माण गरेको छ । यही परिवेश सुहाउँदा पात्रहरूको निर्माण गर्न पनि घिमिरे सक्षम बनेका छन् । यसमा घिमिरेले ऐतिहासिक, पौराणिक, यथार्थ र काल्पनिक सबै प्रकारका पात्रहरूको समुचित प्रयोग गरेका छन् । बहुपात्रको प्रयोग गरेपनि कथानक विकासको गतिलाई क्षति नपर्नु घिमिरेको चरित्रको प्रयोगगत सफलता हो । त्यस्तै उपन्यासमा बहुपात्रको प्रयोग गरेर कथानकको व्यवस्थित विन्यास गरे पनि ऐतिहासिक, यथार्थ र काल्पनिक पात्रहरूको मिश्रित प्रयोगले पाठकमा द्विविधाको जालो उनेको छ । कुन पात्रलाई काल्पनिक मान्ने र कुन चाहिँ यथार्थ वा ऐतिहासिक भन्ने मानसिकताले आरम्भदेखि अन्त्यसम्म भ्रममा नै पारेको छ । यी द्विविधाले नेपालको इतिहास नै वास्तविक हो वा काल्पनिक भन्ने जस्ता तर्क पाठकमा छाइरहने परिस्थिति यहाँ बनेको छ । त्यस्तै परिवेशमा पनि पात्रहरूमा जस्तै द्विविधता अवश्य नै देखिन्छ । कुन परिवेश काल्पनिक हो र कुन यथार्थ भन्ने दोसाँधमा पाठकलाई

पार्ने काम पनि यस उपन्यासले सिर्जना गरेको छ । यो उपन्यासको मुख्य सीमा बन्न गएको छ । घटना, पात्र र परिवेश अनुसारका लामा-छोटा वर्णनात्मक संवादको उचित व्यवस्थापनले उपन्यास रोचक एवं कौतूहलमय बनेको छ । संस्मरणात्मक संवादका माध्यमबाट भूतकालीन घटनाको उत्खनन् गर्दै वर्तमानमा आइपुग्न यो उपन्यास सक्षम बनेको छ । पात्रानुकूलका स्वाभाविक संवादले उपन्यासको भाषामा रोचकता थपेको छ ।

**सकस** उपन्यास प्रथम पुरुष, आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरेर लेखिएको उपन्यास हो । यसका ऐतिहासिक घटनाहरू दृष्टिकेन्द्री पात्र जीबालाई 'म' पात्रका रूपमा उभ्याएर व्यक्त गरिएको छ । त्यस्तै वर्तमानका यथार्थ अनुभवलाई शरदको जीवन भोगाइका माध्यमबाट उजिल्याइएकाले सम्पूर्ण घटनाका द्रष्टा जीबा र शरद नै यसमा समाख्याता बनेर आएका छन् । प्रथम पुरुषीय दृष्टिबिन्दुको प्रयोग गरिएको यस उपन्यासमा जटिल भाषाको प्रयोग छ । भिन्न-भिन्न क्षेत्र, जात, राजनैतिक, दरबारीया एवं अङ्ग्रेजी आदि भाषाका शब्द र शब्दावलीको प्रयोग गरिएकोले सामान्य पाठकका लागि यसको भाषा दुर्बोध्य बनेको छ । तर बहुभाषाको उच्च ज्ञान भएका पाठकका निम्ति भने भाषा सामान्य स्तरकै लाग्ने किसिमको छ । खासगरी स्थानीय रङ्गदिने किसिमको भाषाको प्रयोगले भाषामा एकरूपता भने छैन । वर्णनात्मक एवं विश्लेषणात्मक शैलीलाई पूर्णतः अवलम्बन गरेको यस उपन्यासले पूर्वकालिक घटनाहरूलाई रोचकताका साथ प्रस्तुत गरेको छ । विगतका घटनालाई यथार्थ रूपमा प्रकटित  गर्न ठाउँ-ठाउँमा नाटकीय शैलीलाई पनि यसले आत्मसात् गरेको छ ।

खासगरी उपन्यासले अढाई सय वर्षे नेपाली राजनैतिक इतिहासलाई उत्खनन् गर्नुलाई आफ्नो मुख्य उद्देश्य बनाएको छ । युगौं देखि प्रजातान्त्रिक योद्धा, सहिद एवं नेपाली जनताहरूले गरेका सङ्घर्षलाई प्रस्तुत गर्दै वर्तमानको विकराल स्थिति देखाउनु पनि उपन्यासको उद्देश्य बन्न गएको छ । त्यसैगरी नेपालको पछिल्लो समयमा उत्पन्न हत्या, हिंसा, लुटपात, आतङ्क आदि जस्ता अमानवीय कर्तुतहरूको आलोचनात्मक व्याख्या गर्नु पनि यस उपन्यासको मूल मर्म बन्न गएको छ । कथानकलाई दुखान्तीय अवस्थालाई छाडी मानवीय मूल्य मान्यताको ह्रासोन्मुख चित्रण गर्नु यस उपन्यासको कथानकगत सफलता बनेको छ । जसको व्याख्या गर्न **सकस** उपन्यास सफल सिद्ध भएको छ । समग्रमा भन्नुपर्दा यस **सकस** लेखनको मूल उद्देश्य नै विगत देखि वर्तमानसम्म नेपाली इतिहासको विकृत

राजनीतिले नेपाली जनताहरूलाई दिएका सकसहरूलाई मलम लगाउँदै भविष्यमा शान्तिको स्थापना हुनुपर्छ भन्ने रहेको छ ।

यसरी समग्रमा हेर्दा जगदीश घिमिरेको **सकस** उपन्यास नेपाली उपन्यास परम्परामा भूत, वर्तमान र भविष्य तिनै कालका घटनाहरू प्रस्तुत गरी मानवीय मूल्य मान्यताको ह्रासोन्मुख चित्रण गर्ने आलोचनात्मक यथार्थवादी उपन्यासका रूपमा दर्जा पाउन सक्ने उपन्यास भएकाले यो एउटा सफल औपन्यासिक कृतिका रूपमा स्थापित भएको देखिन्छ ।

## ६.४ सम्भावित शोध शीर्षकहरू

यससँगै प्रस्तुत उपन्यासको अन्य विभिन्न शीर्षकहरूमा अध्ययन हुने सम्भावना देखिन्छ र त्यस्ता सम्भावित शीर्षकहरू निम्नानुसार रहेका छन् :

(क) **सकस** उपन्यासको ऐतिहासिक अध्ययन

(ख) **सकस** उपन्यासको शैली वैज्ञानिक अध्ययन

(ग) **सकस** उपन्यासमा परिवेश विधान

## सन्दर्भ सामग्री सूची

आचार्य, निर्मल (२०६९), ***सकस,* गोरखापत्र**, (वर्ष-११२, अङ्क-१७८, कार्तिक १८, शनिवार, पृ. ख) ।

उपाध्याय, केशवप्रसाद (२०४४), **साहित्य-प्रकाश**, चौ.सं., ललितपुर : साझा प्रकाशन ।

कोइराला, विमल (२०६९), ***सकस**भित्रको अर्थ राजनीति,* **आर्थिक अभियान**, (वर्ष-८, अङ्क-२८, आश्विन १५, पृ. २) ।

खरेल, शेखर (२०६९), *अन्तहीन **सकस,*** **गरिमा**, (वर्ष-३०, अङ्क-११, पूर्णाङ्क-२५९, कार्तिक पृ. १६३-१६५) ।

गौतम, शिवप्रसाद (२०६२), **जगदीश घिमिरेको उपन्यासको अध्ययन र विश्लेषण,** काठमाडौं : नेपाली शिक्षण समिति, रत्नराज्य लक्ष्मी क्याम्पस स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

घिमिरे, जगदीश (२०६५), *मेरा कुरा,* **लिलाम**, दो.सं., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् पृ. १०२ ।

......................(२०६५), **अन्तर्मनको यात्रा**, सा.सं., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् ।

......................(२०६५), **साबिती**, ते.सं., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् ।

......................(२०६९), **सकस**, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् ।

घिमिरे, प्रतीक (२०७०), **सकस मन्थन**, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् ।

घिमिरे, रोचक (२०६९), ***सकस**को माहागाथा,* **रचना**, (पूर्णाङ्क-१२०, भदौ-असोज पृ. ७८) ।

त्रिपाठी, वासुदेव, (२०३६), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, दो.सं., काठमाडौं : साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०), **साहित्य परिचय**, काठमाडौं : साझा प्रकाशन ।

दहाल, मोहनप्रसाद (सन् १९९३), **आधुनिक नेपाली उपन्यास**, दार्जिलिङ : ग्रन्थकार सहयोग समिति ।

दीक्षित, कमल (२०६९), ***सकस**को विमोचन व्यक्त मन्तव्य,* **रचना**, ( भदौ-असोज पृ. २८) ।

न्यौपाने, टङ्कप्रसाद (२०५९), **साहित्यको रूपरेखा**, दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन ।

नेपाल, ज्ञानमणि (२०६९), **सकस**को आवरण पृष्ठ, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् ।

पाण्डे, नयनराज (२०६९), **सकस**को आवरण पृष्ठ, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), (२०४०), **बृहत् नेपाली शब्दकोश**, काठमाडौं : नेराप्रप्र ।

पोखरेल, भानुभक्त (२०४०), **सिद्धान्त र साहित्य**, विराटनगर : श्याम पुस्तक भण्डार ।

पौडेल, टीका "आत्रेय" (२०७०), **सकस मन्थन**, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् ।

पौडेल, बैकुण्ठ प्रसाद (२०५६), **जगदीश घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व**, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार**, चौ.सं. काठमाडौं : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, दर्जिलिङ : दीपा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौं : साझा प्रकाशन ।

ब्रजेश, (२०६९) ***सकस*** *उपन्यासभित्र अनेकौं उपन्यास,* **नेपाल साप्ताहिक**, (वर्ष-१३, अङ्क-९, आश्विन-१४) ।

भण्डारी, कृष्णमुरारी (२०६९), *नेपालको* ***सकस*** *गाथा,* **अन्नपूर्ण पोष्ट**, (वर्ष-११, अङ्क-२४२, पुष-२२ शनिवार, पृ. ८) ।

भट्टराई, गोविन्दप्रसाद (अनु), (२०३९) **भरतमुनिको नाट्यशास्त्र,** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान् ।

भेटवाल, देवका (२०६६), **जगदीश घिमिरेको आख्यानकारिता**, काठमाडौं त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

राई, इन्द्रबहादुर (२०५२), **नेपाली उपन्यासका आधारहरू**, काठमाडौं : साझा प्रकाशन ।

लुइटेल, पुष्पप्रसाद (२०७०), *नेपाली समाजको साहित्यिक आख्यान,* **सकस मन्थन**, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् ।

वस्ती, सनतकुमार (२०७०), *गद्यकाव्यको बान्कीमा **सकस**,* **गरिमा**, (वर्ष-३१, अङ्क-५, पूर्णाङ्क-३६५, बैशाख, पृ. १११) ।

वर्मा, धीरेन्द्र तथा अन्य (२०२०), **हिन्दी साहित्यकोश**, भाग-१ दो.सं., वाराणसी : ज्ञानमण्डल लि. ।

शर्मा, मोहनराज (२०४८), **शैलीविज्ञान**, काठमाडौं ने.रा.प्र.प्र. ।

......................र लुइटेल, खगेन्द्र प्रसाद, (२०६१), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

......................(२०६६), **शोधविधि**, चौ.सं., काठमाडौं : साझा प्रकाशन ।

शर्मा, शारदा (२०७०), *बिना दरबन्दीका सचेतक,* **सकस मन्थन**, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् ।

श्रेष्ठ, ईश्वरकुमार (२०५८), **पूर्वीय एवम् पाश्चात्य समालोचना : प्रमुख वाद र प्रणाली**, ते. सं., काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६०), **नेपाली काथा भाग-४**, दो.सं., काठमाडौं : साझा प्रकाशन ।

...................र शर्मा, मोहनराज (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पाँ.सं., काठमाडौं : साझा प्रकाशन ।

सिलवाल, छविरमण (२०७०), *नेपाली आख्यानको विशिष्ट कृति : **सकस,*** **सकस मन्थन**, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् ।

सुवेदी, झलक (२०६९), ***सकस** पढ्दा ऐँठन भएपछि,* **कान्तिपुर**, (वर्ष-२०, अङ्क-२३१, आश्विन २०, शनिवार पृ. च) ।

सुवेदी, राजेन्द्र (२०५३), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन ।

...................(२०७०), *सांस्कृतिक समीक्षणका कसीमा **सकस** उपन्यासको परीक्षण,* **सकस मन्थन**, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान् ।